# त्रिवेणी गाउँपालिकाको शिक्षा योजना

# (२०८१-२०८५)

(गाउँ कार्यपालिकाबाट २०८१/१२/१० गते स्वीकृत)



त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

जुगार, रोल्पा

विद्यालय शिक्षा क्षेत्र योजना (आ.व.२०८१-२०८५)
**प्रकाशक** : त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जुँगार रोल्पा
**सर्वाधिकार** : प्रकाशकमा

**प्रमुख संरक्षक:** श्री कर्ण बहादुर बाँठामगर, अध्यक्ष त्रिवेणी गाउँपालिका, रोल्पा
**संरक्षक:** श्री लेखमणी डाँगी, उपाध्यक्ष त्रिवेणी गाउँपालिका, रोल्पा

**सम्पादक मण्डलहरु**
श्री पूर्ण बहादुर बुढा नि. प्रमुख प्रशासकीय अधिकृत
श्री कृष्ण बहादुर के.सी. आर्थिक विकास समिति संयोजक/५ नं. वडा अध्यक्ष
श्री प्रेम प्रकाश पुनमगर, प्रशासन शाखा प्रमुख
श्री नवराज खड्का, योजना शाखा प्रमुख
श्री विपिनमणी आचार्य, सूचना तथा प्रविधि अधिकृत
श्री धरेन्द्र प्रसाद डाँगी, बाल कल्याण अधिकारी
श्री धनबहादुर बस्नेत, रोजगार सहायक/शिक्षा शाखा सहायक
श्री लीला कुमारी घर्तीमगर, शिक्षा शाखा प्रमुख

**श्री सल्लाहकार तथा बाह्य बिज्ञको तर्फबाट**
श्री दिल कुमारी वली, नेपाली मावि शिक्षक श्री जनजागृति मावि जुगार, रोल्पा
श्री शिवराज डाँगी नेपाली शिक्षक श्री अरनिको मावि नुवागाउँ, रोल्पा
श्री दिनेश कुमार वली, प्र.अ. शिक्षक श्री जय नारायण आवि जगरबोट, रोल्पा

**योजना निर्माण कार्यदल**
श्री लेखमणी डाँगी -संयोजक उपाध्यक्ष त्रिवेणी गाउँपालिका, रोल्पा
श्री कविराज बुढा - सदस्य सामाजिक विकास समिति संयोजक/२ नं. वडा अध्यक्ष
श्री वेगम कुमार वली - सदस्य प्र.अ. श्री सिद्ध रत्न मावि हान्जावाङ
श्री धरेन्द्र प्रसाद डाँगी - सदस्य बाल कल्याण अधिकारी त्रिवेणी गाउँपालिका रोल्पा
श्री चन्द्र बहादुर घर्ती - सदस्य गाउँ शिक्षा समिति सदस्य त्रिवेणी गाउँपालिका रोल्पा
श्री मिना डाँगी - सदस्य MGML फोकल शिक्षक
श्री कमला वि.क. - सदस्य गाउँ शिक्षा समिति सदस्य/वि.व्य.स. अध्यक्ष
श्री धन बहादुर बस्नेत - सदस्य सचिव रोजगार सहायक/शिक्षा शाखा सहायक
श्री ऋषिकेश डाँगी, शिक्षा टेक्निकल अधिकृत, कालिका स्वावलम्बन सामाजिक केन्द्र


**प्रकाशन मिति** : २०८१

**आर्थिक तथा प्राविधिक सहयोग** : कालिका स्वावलम्बन सामाजिक केन्द्र कपिलवस्तु
युनिसेफ नेपाल, युरोपियन युनियन
**सम्पर्कका लागि** : त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय जुगार रोल्पा

वेबसाईट: http://trivenimunrolpa.gov.np

इमेल: info@trivenimunrolpa.gov.np, trmrolpa@gmail.com सम्पर्क फोन नम्बरः ९८५७८२४५८५

## त्रिवेणी गाउँपालिका साबिक र हालको गा. बि. स र वडा सिमाना




**वडा विभाजन**

| वडा नं | समावेश भएका साविक गा.वि.स./न.पा.हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | करेटी | १-९ | |
| २ | नुवागाउँ | १-९ | |
| ३ | बुढागाउँ | २-५ | |
| ४ | बुढागाउँ | १,६-९ | |
| ५ | जुगार | १-५ | |
| ६ | जुगार | ६-९ | |
| ७ | गैरीगाउँ | १-९ | |

# हाम्रो भनाइ

शिक्षा समाजको चौतर्फी विकासको प्रमुख आधारशीला हो । यसले व्यक्तिको सर्वाङ्गीण विकास गर्दै समाज रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्छ । रोजगारमूलक, गुणस्तरीय, व्यावहारिक र जीवनोपयोगी शिक्षाको माध्यमबाट दक्ष, सिर्जनशील तथा सीपयुक्त मानव संसाधनको विकास गरी परिवार, समाज र राष्ट्रको आर्थिक समृद्धिमा योगदान पुऱ्याउन सकिन्छ । शिक्षा प्रणालीलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुसार आवश्यक जनशक्ति उत्पादन गर्न राष्ट्रले अवलम्बन गरेको शैक्षिक नीतिअन्तर्गत व्यवस्थित गर्नुपर्दछ । यसै गाउँपालिकाको शैक्षिक उन्नयनका लागि पाँच वर्षे गाउँ शिक्षा योजना आवश्यक भएको महसुस गरिएको हो ।

त्रिवेणी गाउँपालिका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, र जातीय विविधताले सम्पन्न, विशिष्ट पहिचान बोकेको तथा अपार सम्भावनाहरू समेटेको क्षेत्र हो । यस क्षेत्रको भूगोल, हावापानी, प्राकृतिक स्रोत सम्पदा, सामाजिक-सांस्कृतिक पक्ष, ऐतिहासिक महत्व तथा वातावरणीय विशेषताको पहिचान, संरक्षण, संवर्द्धन र उपयोग गर्ने नीति गाउँपालिकाले अवलम्बन गरेको छ । शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडेर आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य सहित यो पाँच वर्षे गाउँ शिक्षा योजना अध्यावधिक गरी तयार पारिएको हो । राष्ट्रिय स्तरमा निर्माण गरिएका शैक्षिक योजनाहरू स्थानीय आवश्यकता, सरोकार र भौगोलिक-सांस्कृतिक विशेषतालाई पूर्ण रूपमा सम्बोधन गर्न सक्दैनन् । त्यसैले, परम्परागत ज्ञान, सीप, पेसा, व्यवसाय, तथा प्रविधिको संरक्षण र संबर्द्धन गर्दै स्थानीय स्रोत-साधनहरूको अधिकतम उपयोग गर्ने, पर्यावरण, पर्यटकीय स्थल, जैविक विविधताको संरक्षण प्रति जागरूक गराउने, तथा शिक्षा प्रणालीलाई थप व्यवस्थित बनाउँदै विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने उद्देश्यले गाउँपालिका शिक्षा योजना कार्यान्वयनमा ल्याइएको छ ।

योजनाको प्रभावकारी कार्यान्वयन नै यसको सफलताको आधार हो । तसर्थ यस योजनाको पूर्ण कार्यान्वयनका लागि शिक्षक, अभिभावक, विद्यार्थी, समाजसेबी, तथा सम्पूर्ण सरोकारवाला पक्षको सक्रिय सहभागिता आवश्यक छ । शिक्षकहरूले सिकाइ प्रक्रियामा नवीनतम शैली अपनाई विद्यार्थीको सक्रिय सहभागिता सुनिश्चित गर्नु पर्दछ । बालमैत्री सिकाइ वातावरण निर्माण, विपद् उत्थानशील भौतिक संरचना विकास तथा आवश्यक वित्तीय स्रोतको व्यवस्थापन मार्फत मानव पूँजी निर्माणमा यो योजना प्रभावकारी हुनेछ भन्नेमा गाउँपालिका पूर्ण रूपमा विश्वस्त छ ।

योजनाको तयारीका क्रममा योजना निर्माण कार्यदल, गाउँ शिक्षा समिति, विज्ञहरूसँग परामर्श, स्थानीय सरोकारवालासँग सुझाव सङ्कलन तथा प्रधानाध्यापक, शिक्षक, बुद्धिजीवी, समाजसेवी, संघ-संस्था प्रतिनिधिहरूसँग अन्तरक्रिया गोष्ठी जस्ता आवश्यक चरणहरू पूरा गरिएका छन् । योजनाको निर्माणमा योगदान पुऱ्याउने सबै योजना निर्माण कार्यदल, गाउँ शिक्षा समिति सदस्यहरू, जनप्रतिनिधिहरू, शिक्षाप्रेमी, समाजसेवी तथा अन्य प्रबुद्ध व्यक्तित्वहरूलाई गाउँपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । अन्त्यमा, सबै सरोकारवालाहरूको सक्रिय भूमिका रहने भएकाले, गाउँ शिक्षा योजनाको निरन्तर सुधारका लागि तपाईंहरूको रचनात्मक, सुझाव, तथा सहयोगको अपेक्षा गर्दछौ । धन्यवाद ।

त्रिवेणी गाउँपालिकाको ५ वर्षे गाउँ शिक्षा योजना निर्माण कार्यदल

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल



## मन्तव्य

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई मौलिक हकको रुपमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने व्यबस्था गरेको छ। त्यस्तै संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको उल्लेख गरेको छ। संविधान र कानूनले अंगिकार गरेको व्यवस्थालाई आत्मसाथ गर्दै समाज परिवर्तनको बाहक शिक्षालाई समय सापेक्ष, वैज्ञानिक, सीपमूलक तथा रोजगारमूलक बनाउनु आजको आवश्यकता हो। राज्यले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता, दिगो विकासको लक्ष्य, सोहौं योजना, त्रिवेणीको गाउँपालिकाको शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना लगायतका मूल नीतिलाई मार्गदर्शकको रूपमा लिई त्रिवेणी गाउँपालिकाले पाँच वर्षे गाउँ शिक्षा योजना २०८१/०८२– २०८५/०८६ अध्यावधिक गरी तयार गरेको छ।

यस गाउँपालिकाको समग्र शैक्षिक स्तरलाई सुधार गर्न, शिक्षा पहुँचलाई बढाउन र आधुनिक शैक्षिक प्रविधिहरूलाई ग्रामीण क्षेत्रसम्म ल्याउन यो योजना केन्द्रित छ। हाम्रो उद्देश्य भनेको सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु हो। यस योजनाले विद्यालयका भौतिक संरचनामा सुधार, शिक्षकको तालिम र क्षमता वृद्धिका साथै, डिजिटल शिक्षा र सहायक सामग्रीहरूको प्रयोगमा प्राथमिकता दिएको छ। यस योजना अन्तर्गत रहेर हामीले संघीय सरकार, प्रदेश सरकार र शिक्षा मन्त्रालयसँग सहकार्य गर्दै गाउँपालिकाका विद्यालयहरूलाई आवश्यक स्रोत र साधनहरूको व्यवस्था गर्ने प्रयास गर्नेछौं। यस योजना कार्यान्वयन मार्फत शिक्षाका सबै क्षेत्रहरूमा समान अवसर सृजना हुने छ र सबै बालबालिकाले आफ्नो भविष्य निर्माणका लागि सक्षम बन्ने छन्। यस त्रिवेणी गाउँपालिका एउटा शैक्षिक उत्कृष्टता प्राप्त क्षेत्र बन्ने छ, जसले हाम्रा वालवालिकालाई भविष्यमा उज्जवल र समृद्ध बनाउने छ।

अन्तमा, पाँच वर्षे गाउँ शिक्षा योजना २०८१/०८२– २०८५/०८६ अध्यावधिक गरी तयार गरिएको त्रिवेणी गाउँपालिकाको समग्र विकासको लागि महत्वपूर्ण पाला हो। यस योजना निर्माण कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने शिक्षा, युवा तथा खेलकुद शाखा लगायत सहयोगी निकाय तथा व्यक्तिहरू सबैलाई हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु। सबैको सक्रिय सहभागिता र सहयोगले यसलाई सफल बनाउने छ भन्ने विश्वास लिएको छु। साथै म तपाईं लगायत सबैलाई यस योजनाको कार्यान्वयनमा सहयोग गर्न आह्वान गर्दछु।

धन्यवाद।

कर्णबहादुर बाँठा मगर

अध्यक्ष

त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल



## शुभकामना

लुम्बिनी प्रदेशको रोल्पा जिल्ला स्थित त्रिवेणी गाउँपालिका बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक तथा प्राकृतिक रूपमा सम्पन्न एक पालिका हो । यस महत्वपूर्ण क्षेत्रको शिक्षालाई गुणस्तरीय बनाउँदै आजको प्रतिस्पर्धात्मक युग अनुकूल शैक्षिक वातावरण तयार गर्न आजको आवश्यकता हो । यस आवश्यकतालाई मध्यनजर गर्दै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरू, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) तथा विभिन्न कानुनी व्यवस्थाहरूको प्रयोग गरी स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरूसँग चरणबद्ध छलफलपछि ५ वर्षे शिक्षा योजना (२०८१/८२-०८५/८६) अध्यावधिक गरी तयार गरिएको छ । यस महत्वपूर्ण शैक्षिक योजनाको प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ ।

यो शिक्षा योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि आधारभूत दस्ताबेजका रूपमा रहने छ र शिक्षाको विकासमा कोशेढुङ्गा सावित हुने विश्वास लिएको छु । गुणस्तरीय शिक्षामा सबैको पहुँच पुगोस्, शिक्षाको अधिकारबाट कोही पनि बञ्चित नहुन्, प्रविधिमैत्री शिक्षा प्रणाली निर्माण होस्, दक्ष जनशक्ति उत्पादनमा योगदान पुगोस भन्ने उद्देश्यका साथ गाउँपालिकाले यो योजना निर्माण गरेको हो ।

यस त्रिवेणी गाउँपालिकाको शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा तदारुकता देखाउनुहुने अध्यक्षज्यू, समन्वयको भूमिका निर्वाह गर्नुभएका प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख तथा कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद्, विज्ञ टोली, प्रधानाध्यापक, शिक्षक तथा अनुसन्धान एवं लेखन कार्यमा संलग्न विज्ञ, सहयोगी संस्था, शिक्षाप्रेमी महानुभावहरू सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, यस शैक्षिक योजनामा आवश्यक सुधार तथा परिमार्जनका लागि यहाँहरूको रचनात्मक सुझाव अपेक्षा गर्दै यसको सफल कार्यान्वयन तथा प्रभावकारी परिणामको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

लेखमणी डाँगी

उपाध्यक्ष

त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल



## शुभकामना

नेपालको लुम्बिनी प्रदेश रोल्पा जिल्लाको पश्चिमी भागमा अवस्थित धार्मिक, सांस्कृतिक तथा जातीय विविधता रहेको यस त्रिवेणी गाउँपालिकाले शिक्षा क्षेत्रमा हुने लगानीलाई व्यवस्थित गरी अधिकतम प्रतिफल प्राप्त गर्न यो पाँचवर्षे शिक्षा क्षेत्र योजना (२०८१/८२-०८५/८६) अध्यावधिक गरी निर्माण गरेको छ। नेपालको संविधानको धारा ३१ मा शिक्षालाई आधारभूत हकको रूपमा सुनिश्चित गर्दै सबै नागरिकलाई समावेशी, समान र गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारको प्रत्याभूत गरी स्थानीय तहलाई शिक्षा सम्बन्धी नीति कार्यान्वयन, व्यवस्थापन, तथा गुणस्तरीय शिक्षाको प्रबर्द्धन गर्ने जिम्मेवारी प्रदान गरिए बमोजिम यस गाउँपालिकाले पनि सीमित साधनको अधिकतम उपयोग गरी शैक्षिक व्यवस्थापन गर्नका लागि यो शिक्षा क्षेत्र योजना अध्यावधिक सहित निर्माण गरी कार्यान्वयन गर्न लागेको छ।

शिक्षालाई विकासको मेरुदण्ड मानेर नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, पञ्च वर्षीय योजनाहरू, विद्यालय शिक्षा क्षेत्र योजना तथा प्रचलित कानुनको परिधिमा रही तयार गरिएको यो शिक्षा योजना गाउँपालिकाको शैक्षिक दिगो विकासको खाका मात्र नभई संविधानमा प्रत्याभूत हकहरूलाई व्यवहारमा उतार्ने माध्यम समेत हो। यसले स्थानीय तहमा शिक्षा नीति र कार्यक्रमको कार्यान्वयनमा एकरूपता ल्याउने, स्रोतको प्रभावकारी उपयोग गर्ने, तथा गुणस्तरीय र समावेशी शिक्षा सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा लिएको छु। यस योजनाको सफल कार्यान्वयनका लागि गाउँपालिकाभित्रका सबै सरोकारवाला, विद्यालय परिवार, शिक्षक, अभिभावक, विद्यार्थी, नागरिक समाज, सरकारी तथा गैरसरकारी संस्थाहरूको महत्वपूर्ण भूमिका रहनेछ।

त्रिवेणी गाउँपालिकाको आवश्यकता मनन् गरी शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माणमा उत्सुक गाउँपालिका अध्यक्ष ज्यू उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका सदस्यहरू, गाउँ शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख लगायत योजना लेखन कार्यदलका सदस्यहरू, आर्थिक तथा प्राविधिक सहयोग गर्ने कालिका स्वावलम्बन सामाजिक केन्द्र कपिलवस्तुका प्राविधिक अधिकृत ऋषिकेश डाँगी, युनिसेफ नेपाल, युरोपियन युनियन, रचनात्मक सुझाव दिनु हुने सबै कर्मचारीहरू, शिक्षविद्, प्रधानाध्यापकहरू लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु।

अन्त्यमा यस शैक्षिक योजना कार्यान्वयनमा सबै सरोकारवालाहरूको साथ र सहयोगको अपेक्षा गर्दै योजनाको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

कविराज बुढा
सामाजिक विकास समिति संयोजक

त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल



## शुभकामना

रोल्पा जिल्लाका एक नगरपालिका र नौ गाउँपालिका सहित दश स्थानीय तहहरूमध्ये त्रिवेणी एक गाउँपालिका हो । यहाँ विभिन्न जातजाति, वर्ग, समुदाय तथा पेसागत विविधता पाइन्छ । शैक्षिक क्षेत्रमा पनि विविधता रहेको छ, जसलाई सम्बोधन गर्न नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरू, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSDP), गाउँपालिकाले बनाएको शिक्षा नियमावली तथा अन्य कानुनी व्यवस्थाहरूको आधारमा स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरूसँग चरणवद्ध छलफल गरी ५ वर्षे गाउँ शिक्षा योजना (२०८१/८२-०८५/८६) अध्यावधिक गरी तयार गरिएको छ । यो योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेजका रूपमा रहेको छ । यस महत्वपूर्ण दस्तावेजको प्रकाशन हुन लागेकोमा सबैलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु ।

यस त्रिवेणी गाउँपालिकाले सबै वर्गका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्दै दक्ष, सकारात्मक सोच भएका जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । यस क्षेत्रको बहुआयामिक पहिचानलाई आत्मसात् गर्दै गाउँपालिकाको शैक्षिक अवस्थाको गहन विशेषणका आधारमा यो योजना तयार पारिएको हो ।

यस योजना निर्माण कार्यमा विशेष तत्परता देखाउनुहुने अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, कार्यपालिका सदस्यहरू, गाउँ शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख, योजना लेखन कार्यदलका सदस्यहरू, आर्थिक तथा प्राविधिक सहयोग गर्ने कालिका स्वावलम्बन सामाजिक केन्द्र कपिलवस्तुका प्राविधिक अधिकृत ऋषिकेश डाँगी, युनिसेफ नेपाल, युरोपियन युनियन, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सम्पूर्ण सरोकारवालाहरू, कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह र सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोली, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा अनुसन्धान, लेखन र परामर्शमा योगदान दिने संघसंस्था एवं अन्य सरोकारवाला सबै महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यो योजनाले गाउँपालिकाको शैक्षिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने विश्वासका साथ यसको प्रभावकारी र दिगो कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद।

पूर्णबहादुर बुढा
निमित्त प्रमुख प्रशासकीय अधिकृत

## कृतज्ञता

नेपालमा संघीयता कार्यान्वयन पश्चात स्थानीय सरकारका रुपमा त्रिवेणी गाउँपालिकाले विद्यालय शिक्षा सम्बन्धी कानुन तथा शिक्षा सम्बन्धी योजना बनाउने देखि शैक्षिक कार्यक्रमहरु कार्यान्वयन, शैक्षिक संस्थाहरुको स्थापना, अनुमति, सञ्चालन तथा व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन गर्ने जस्ता अत्यन्त महत्वपूर्ण कार्यको जिम्मेवारी वहन गर्दै आएको छ । त्रिवेणी गाउँपालिकाले शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, शिक्षामा सबै बालबालिकाहरुको पहुँच पुऱ्याउने, विद्यार्थी भर्नादरमा वृद्धि गर्ने, विद्यालय छाड्ने तथा दोहोऱ्याउने दरमा कमी ल्याउने ध्येयका साथ अन्य काम पनि गाउँपालिकाको शैक्षिक उन्नतिका लागि उल्लेखित कार्यहरु सम्पादन गर्दै आएको छ ।

त्रिवेणी गाउँपालिकाको दुरदृष्टि, लक्ष्य, उद्देश्यका साथै शैक्षिक गतिबिधि एवं क्रियाकलापहरु, शिक्षाको बिषयक्षेत्र अनुसारको रणनीति, कार्यनीति र कार्यान्वयन प्रकिया समेत समेटिएको संगालो मुद्रित सामग्रीको रुपमा त्रिवेणी गाउँपालिकाको **गाउँ शिक्षा योजना** (२०८१/८२-२०८५/८६) अद्यावधिक गरी पञ्च वर्षीय शिक्षा योजनालाई निर्माण गरिएको हो । यस शिक्षा योजनामा विभिन्न परिच्छेद, खण्ड र अनुसूची रहेका छन् ।

यो शिक्षा योजना गाउँपालिकाको अद्यावधिक गरी पञ्च वर्षीय शिक्षा योजना निर्माण गरिएको हो । यो योजना शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठमी, भक्तपुरले जारी गरेको स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित तथा अद्यावधिक संस्करण २०८१) को अनुसुचीमा उल्लेखित ढाँचा अनुसार निर्माण एवं अद्यावधिक गर्ने प्रयास गरिएको छ । यसको प्रकाशनको क्रममा कमी कमजोरी एवं त्रुटिहरु भएको हुनसक्ने तथा भाषिक शुद्धतामा ध्यान नपुगेको पनि हुनसक्छ । तसर्थ सम्बन्धित सरोकारवालाहरुबाट यसमा रहेका कमजोरी एवं त्रुटिहरु औंल्याई आवश्यक सल्लाह, सुझाव तथा पृष्ठपोषण प्रदान गर्न अनुरोध गर्दछौं । प्राप्त सुझावका आधारमा आगामी वर्षहरुमा अद्यावधिक गर्दै थप व्यवस्थित र परिष्कृत बनाइनेछ । साथै यस शिक्षा योजना निर्माण कार्यमा सल्लाह, सुझाव प्रदान एवं सहयोग गर्नुहुने त्रिवेणी गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर बाँठा मगर, उपाध्यक्ष श्री लेखमणी डाँगी, निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री पूर्णबहादुर बुढा, आर्थिक प्रशासन शाखा प्रमुख श्री गोकर्ण शर्मा, प्रशासन शाखा प्रमुख श्री प्रेम प्रकाश पुनमगर, योजना शाखा प्रमुख श्री नवराज खड्का, सूचना प्रविधि अधिकृत श्री विपिनमणी आचार्य, बालकल्याण अधिकारी श्री धरेन्द्र प्रसाद डाँगी, गाउँ शिक्षा समिति, गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाध्यक्ष तथा सदस्यहरू, शिक्षा योजना निर्माण सम्बन्धी कार्यमा खटिने तथा प्राविधिक सहयोग गर्नुहुने कालिका स्वावलम्बन सामाजिक केन्द्र कपिलवस्तुका शिक्षा योजना निर्माण प्राविधिक अधिकृत श्री ऋषिकेश डाँगी, त्यसैगरी योजना निर्माण कार्यमा खटिनुहुने कार्यदलका सदस्यहरु एवं प्रधानाध्यापकहरु योजना सम्पादन एवम् प्रकाशन समितिका सदस्यहरू, शिक्षा शाखा लगायत अन्य शाखाका अन्य कर्मचारीहरू, गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक र शिक्षकहरू लगायत प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्णहरूमा हार्दिक आभार प्रकट गर्दै कृतज्ञता ज्ञापन गर्दछु । धन्यवाद ।

लीला कुमारी घर्तीमगर
शिक्षा शाखा प्रमुख

# विषयसुचि


त्रिवेणी गाउँपालिकाको शिक्षा योजना .................... १
योजनाको सारांस .................... १४
१. विषय प्रवेश .................... १४
२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यता .................... १५
३.स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य .................... १५
४. शिक्षा योजना निर्माणका आधार .................... १६
५. शिक्षा योजना निर्माणको प्रक्रिया .................... १७
६.योजनाको लेखाजोखा .................... १८
७.योजना दस्तावेजको स्वरुप .................... १८
**परिच्छेद-१परिचय .................... १९**
१.१. बर्तमान अवस्था .................... १९
१.२. मुख्य समस्या चुनौतीको विश्लेषण .................... २१
१.३. शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण .................... २२
१.३.१.सवल पक्ष .................... २२
१.३.२. सुधार गर्नुपर्ने पक्ष .................... २२
१.३.३.चुनौतिहरु .................... २३
१.४ अवसर .................... २३
**परिछेद–२दुरदृष्टि,उदेश्य, रणनिति तथा लक्ष्य निर्धारण .................... २४**
२.१. शिक्षा योजना निमार्णका कानुनी तथा संबैधानिक आधारहरुः .................... २४
२.२. दीर्घकालीन सोच .................... २५
२.३. लक्ष्यः .................... २५
२.४ उद्देश्यहरु .................... २५
२.५ रणनीतिहरु .................... २६
२.६ कार्यनिति .................... २८
२.७ अपेक्षित मुख्य उपलब्धि .................... २९
२.८ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य .................... ३०
**परिच्छेद-३विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र .................... ३५**
**३.१. प्रारम्भिक बालविकास र शिक्षा .................... ३५**
३.१.१ परिचय .................... ३५
३.१.२ वर्तमान अवस्था .................... ३५
३.१.३ उद्देश्यहरु .................... ३६
१.४ रणनीतिहरु .................... ३७
३.१.५. प्रमुख उपलब्धि तथा नतिजा .................... ३८
३.१.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य .................... ४०
**३.२.आधारभुत शिक्षा .................... ४१**
३.२.१ परिचय .................... ४१
३.२.२ वर्तमान अवस्था .................... ४१
३.२.३ उद्देश्यहरु .................... ४३
३.२.४ रणनीतिहरु .................... ४३
३.२.५ प्रमुख उपलब्धि र नतिजा, .................... ४६

३.१.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य ........................................................ ४८
**३.३. माध्यमिक शिक्षा ....................................................................................... ५१**
३.१.१ परिचय ...................................................................................................... ५१
३.१.२ वर्तमान अवस्था ......................................................................................... ५१
३.१.३ उद्देश्यहरु .................................................................................................. ५३
३.१.४ रणनीतिहरु ................................................................................................. ५४
३.१.५. प्रमुख उपलब्धि तथा नतिजा ..................................................................... ५५
३.१.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य ........................................................ ५६
**३.४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम ................................... ६१**
३.४.१ परिचय ...................................................................................................... ६१
३.४.२ वर्तमान अवस्था ......................................................................................... ६१
३.४.३ उद्देश्यहरु .................................................................................................. ६२
३.४.४ रणनीतिहरु ................................................................................................. ६२
३.४.५. प्रमुख उपलब्धि तथा नतिजा ..................................................................... ६३
३.४.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य ........................................................ ६४
**३.५. अनौपचारिक शिक्षा, साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा ..................... ६७**
३.५.१ परिचय ...................................................................................................... ६७
३.५.२ वर्तमान अवस्था ......................................................................................... ६८
३.५.३ उद्देश्यहरु .................................................................................................. ६९
३.५.४ रणनीतिहरु ................................................................................................. ६९
३.५.५. प्रमुख उपलब्धि तथा नतिजा ..................................................................... ७०
३.१.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य ........................................................ ७१
**परिच्छेद-४अन्तरसम्बन्धित विषय ........................................................................ ७३**
**४.१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मुल्याँकन ............................................ ७३**
४.१.१ परिचय ...................................................................................................... ७३
४.१.२ वर्तमान अवस्था ......................................................................................... ७४
४.१.३ उद्देश्यहरु .................................................................................................. ७६
३.१.४ रणनीतिहरु ................................................................................................. ७७
४.१.५. प्रमुख उपलब्धि तथा नतिजा ..................................................................... ७८
४.१.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य ........................................................ ७९
**४.२. शिक्षक व्यवस्थापन तथा विकास ...................................................................... ८१**
४.२.१.परिचय ...................................................................................................... ८१
४.२.२.वर्तमान अवस्था ......................................................................................... ८१
४.२.३ लक्ष्य तथा उद्देश्यहरु ................................................................................... ८२
४.२.४ रणनीतिहरु ................................................................................................. ८३
४.२.५.प्रमुख उपलब्धि र नतिजाहरु .......................................................................... ८४
४.२.६.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यहरु ....................................................... ८५
**४.३.शिक्षामा समता र समावेशीकरण ........................................................................ ८७**
३.१.१ परिचय ...................................................................................................... ८७
३.१.२ वर्तमान अवस्था ......................................................................................... ८८
३.१.३ उद्देश्यहरु .................................................................................................. ८९
३.१.४ रणनीतिहरु ................................................................................................. ९०
३.१.५. प्रमुख उपलब्धि तथा नतिजा ..................................................................... ९१

३.१.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य ........ ९२
**४.४. विद्यालय स्वास्थ्य तथा पोषण ........ ९३**
४.४.१.परिचय ........ ९३
४.४.२. वर्तमान अवस्था ........ ९३
४.४.३.उद्धेश्य ........ ९४
४.४.४.रणनीतिहरु ........ ९५
४.४.५.प्रमुख उपलब्धी तथा नतिजा ........ ९५
४.४.६.मुख्य कार्यक्रम र परिमाणात्मक लक्ष्य ........ ९६
**४.५. विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशिलता ........ ९७**
४.५.१ परिचय ........ ९७
४.५.२ वर्तमान अवस्था ........ ९७
४.५.३ उद्देश्यहरु ........ ९९
४.५.४ रणनीतिहरु ........ ९९
४.५.५. प्रमुख उपलब्धि तथा नतिजा ........ ९९
४.५.६.नतिजा र परिणात्मक लक्ष्य ........ १००
**४.६. विद्यालय भौतिक पुर्वाधार विकास ........ १०५**
४.६.१. परिचय ........ १०५
४.६.२. वर्तमान अवस्था ........ १०५
४.६.३.उद्धेश्य ........ १०६
४.६.४.रणनीति ........ १०७
४.६.५.प्रमुख उपलब्धी र नतिजा ........ १०८
४.६.६.प्रमुख कार्यक्रम र परिमाणात्मक लक्ष्य ........ १०९
**४.७. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ११३**
४.७.१ परिचय ........ ११३
४.७.२ वर्तमान अवस्था ........ ११४
४.७.३ उद्देश्यहरु ........ ११६
४.७.४ रणनीतिहरु ........ ११७
४.७.५. प्रमुख उपलब्धि तथा नतिजा ........ ११७
४.७.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य ........ ११९
**परिच्छेद-५अन्य उपक्षेत्र ........ ११४**
**परिच्छेद-६शुसासन तथा व्यवस्थापन ........ १२६**
**६.१. शिक्षाको व्यवस्थापन र सस्थागत क्षमता विकास ........ १२६**
६.६.१ परिचय ........ ११९
६.६.२ वर्तमान अवस्था ........ १२०
६.६.३ उद्देश्यहरु ........ १२०
६.६.४ रणनीतिहरु ........ १२१
६.६.५. प्रमुख उपलब्धि तथा नतिजा ........ १२२
६.६.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य ........ १२२
**६.२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध ........ १३४**
६.२.१ परिचय ........ १३४
६.२.२ वर्तमान अवस्था ........ १३४
६.२.३ उद्देश्यहरु ........ १३५
६.२.४ रणनीतिहरु ........ १३५

६.२.५. प्रमुख उपलब्धि तथा नतिजा........................................................................ १३५
६.२.६. मुख्य क्रियाकलाप र परिणात्मक लक्ष्य ................................................................ १३५
**परिच्छेद-७ लगानी र श्रोत व्यवस्थापन** ........................................................................ १३७
७.१. परिचय ........................................................................................................ १३७
**परिच्छेद-८ अनुगनम र मुल्याङ्कन**........................................................................१४६
८.१. योजनाको कार्यन्वयन, अनुगमन तथा मूल्याङ्कन ..........................................................१४६
८.१ परिचय.........................................................................................................१४६
८.२ लक्ष्य...........................................................................................................१४६
८.३. उद्देश्य.........................................................................................................१४६
८.४ अपेक्षित उपलब्धि एवं अनुगमन सूचकहरु.............................................................१४७
८.७ कार्यान्वयन व्यवस्था ........................................................................................१४९

# योजनाको सारांश

## १. विषय प्रवेश

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य र विद्यामान विद्यालय शिक्षा सम्बन्धी ऐन, कानुनले उच्च प्राथमिकतामा राखेको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसाथ गर्न र सिर्जनशील, सक्रिय तथा त्रिवेणी गाउँपालिकाको समग्र आर्थिक, सामाजिक रुपान्तरणका लागि सक्षम नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नु पर्ने आवश्यक रहेको छ ।

बि.सं.२०७० को दशकको सुरुबाट देश संघीय संरचनामा गई देशको भौगोलिक विभाजन र प्रशासनिक संरचनामा परिवर्तन भई अधिकारहरुको समेत बाँडफाड भई धेरै भन्दा धेरै विकेन्द्रिकरणको अभ्यास हुन थालेको छ । योजनालाई वास्तविक, तथ्यपरक, र कार्यमूलक बनाउनका लागि योजना निर्माण गर्दा अपनाइने प्रकृयाका बारे जानकार हुन आबश्यक छ । योजना निर्माण प्रक्रियाले समुदाय तहका लक्षित वर्गको भावना र आवश्यकतालाई समेट्न सक्नु पर्दछ । योजनाको महत्वपूर्ण गुण भनेको त्यसको कार्यन्वयन हुन सक्ने सक्षमता हो । योजनाले यथार्थताको पहिचान गरी अवसर र सम्भावनाहरुको अधिकतम उपयोग गर्न सक्नुपर्दछ ।

योजनालाई वस्तुपरक, तत्थ्यपरक र यथार्थमा आधारित बनाउनका लागि पूर्व तयारी, समिति गठन, प्रारम्भिक छलफल, तालिम/अभिमुखीकरण, सरोकारवालासंग अन्तरक्रिया, तथ्याङ्क संकलन, विश्लेषण तथा समस्या पहिचान, लक्ष निर्धारण कार्यक्रम विकास तथा लागत अनुमान, योजनाको लेखन, अनुमोदन गरी कार्यान्वयन लगायतका चरणहरु अपनाउनुपर्ने हुन्छ ।

यसै सन्दर्भमा स्थानीय आवश्यकतामा आधारित भई "तलदेखि माथि योजना" को अवधारणा अनुसार त्रिवेणी गाउँपालिकाले २०७५/०७६ मा बनेको पहिलो त्रिवेणी गाउँ शिक्षा योजना २०७६-२०८० को आधारमा त्यही योजनालाई अध्यावधिक गर्दै दोश्रो पाँच वर्षे त्रिवेणी गाउँपालिका शिक्षा योजना २०८१-२०८५/०८६ निर्माण गरेको छ । यस पालिकाले आफ्नै सकृयतामा गाउँपालिका शिक्षा योजना निर्माण गरी अघि बढ्ने प्रयास स्वरुप यो ५ बर्षे गाउँपालिका शिक्षा योजना बनाएको छ ।

त्रिवेणी गाउँपालिकाको शैक्षिक मार्गदर्शकरुपमा रहेको यस शिक्षा योजना निर्माण गर्दा शिक्षा योजना विकासको लागि गाउँपालिका स्थित शिक्षाविद्, सरोकारवालाहरु लगायतसंग प्रारम्भिक छलफल, परामर्श गरी मिति २०८१ साल श्रावण १५ गतेका दिन गाउँपालिका उपाध्यक्ष श्री लेखमणि डाँगीज्यु को संयोजकत्वमा ८ सदस्यीय शिक्षा योजना कार्यदल गठन गरि योजना निर्माणका लागि कार्ययोजना निर्माण गरिएको थियो । यो शिक्षा योजना तर्जुमा गर्दा आधारभूत तथ्याङ्कहरुको अध्ययन, ऐन, कानुन, आवधिक योजना, वस्तुगत विवरण, वार्षिक शैक्षिक प्रगति प्रतिवेदन, संघ र प्रदेश सरकारका शिक्षा समन्धी योजना,  नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन र शिक्षा सम्वद्ध सरोकारवालाहरुको सुझावहरुलाई आत्मसाथ गरी मस्यौदा तयार गरिएको थियो ।

उक्त मस्यौदालाई थप सुझावका आधारमा थप परिष्कृत गरी त्रिवेणी गाउँ कार्यपालिकाबाट स्वीकृत भई लागु गरिएको हो ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यता

- नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अर्न्तगत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार कार्यान्वयन गर्नु,
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र, लुम्बिनी प्रदेश सरकार, शिक्षा, विज्ञान प्रविधि, युवा तथा खेलकुद मन्त्रालय तथा त्रिवेणी गाउँपालिकाले तय गरेका शिक्षा नीतिलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु ।
- त्रिवेणी गाउँपालिकाका साथै जिल्ला, प्रदेश तथा देशका अन्य स्थानीय तहमा भइरहेका राम्रा तथा असल अभ्यासहरुलाई त्रिवेणी गाउँपालिकामा प्रयोगमा ल्याउनु ।
- त्रिवेणी गाउँपालिकाका शैक्षिक आवश्यकताहरुलाई सम्बोधन गर्दै स्थानीय श्रोत र साधनको उच्चतम् प्रयोग गरी संस्थागत हिसाबले त्रिवेणी गाउँपालिकाको दिगो शैक्षिक विकास गर्नुपर्छ भन्ने मान्यता स्थापित गर्नु ।
- त्रिवेणी गाउँपालिकाको सीमित श्रोत साधनका बीच शिक्षा क्षेत्रमा रहेका असीमित आवश्यकताहरु पूरा गर्नुपर्ने बाध्यता बीच थप श्रोतको खोजी गरी एकीकृत रुपमा प्राथमिकताका आधारमा योजना सञ्चालन गर्नु ।
- देशमा आएको राजनीतिक परिवर्तनले ल्याएको उपलब्धीलाई संस्थागत गर्न तथा नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा राखी जनाएको प्रतिबद्धता कार्यान्वयन गर्नु ।
- त्रिवेणी गाँउपालिका शिक्षा क्षेत्रमा भइरहेको श्रोत साधनको असमान वितरणको पहिचान गरी न्यूनिकरण गर्न तथा श्रोत साधनको वितरणलाई न्यायोचित तथा समानुपातिक बनाउने पद्धतिको विकास गर्नु ।
- विद्यालय विकास तथा शैक्षिक व्यवस्थापनलाई पूर्व प्राथमिक, आधारभूत र माध्यमिक तहको मोडलमा स्थापित गर्नु ।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुरुप शिक्षामा गुणस्तरीयता कायम गरी सक्षम, सृजनशील नागरिक तयार गर्न र शिक्षा योजनालाई शिक्षा क्षेत्रको विकासका लागि मार्गदर्शन बनाई कार्यान्वयन गर्नु यो योजनाको औचित्यता रहेको छ ।

(क) केन्द्र, प्रदेश तथा स्थानीय तहमा बन्ने योजनाहरुको बीचमा सह-सम्बन्ध स्थापित गरी स्थानीय स्तरमा देखिएका शैक्षिक चुनौतीहरुको सामना गर्दै साझा उद्देश्य प्राप्त गर्न ।

(ख) संघ तथा प्रदेशबाट प्राप्त हुने स्रोतहरुलाई स्थानीय तहको योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न ।

(ग) अपाङ्गता भएका बालबालिकाहरु, लैङ्गिक अल्पसंख्यकहरु, महिला, जनजाति, दलित र उत्पीडित वर्ग, क्षेत्र र समुदायका मानिसहरुको जीवन पर्यन्त सिकाइलाई स्थापित गर्न ।
(घ) कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपन तथा स्रोत परिचालनका असक्षमताहरुको न्यूनीकरण गर्न ।
(ङ) सबै तहका विद्यार्थीहरुमा न्यूनतम सिकाइ उपलब्धीहरु हाँसिल गरी सक्षमतामा आधारित जनशक्ति निमार्ण गर्न ।
(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु पूरा गर्दै स्थानीय स्तरमा रहेका शैक्षिक समस्या सुधार गर्न ।
(छ) प्राकृतिक र मानवीय विपद्, प्रकोपहरु र महामारीबाट भएका सिकाइ क्षतिलाई परिपूरण गर्दै सिकाइ सक्षमता हाँसिल गर्न ।
(ज) स्थानीय तहहरुको क्षमता सस्थागत सक्षमतामा अभिबृद्धि गर्दै प्रारम्भिक कक्षाहरुको सिकाइमा आवश्यक सुधार ल्याउन ।
(झ) त्रिवेणी गाउँपालिकाको शिक्षा नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन मार्फत् शिक्षाको गुणस्तरमा वृद्धि गर्न ।

## ४. शिक्षा योजना निर्माणका आधार

नेपालको संविधान, सोह्रौं आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघ, प्रदेश र स्थानीय तह ऐन २०७७, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन तथा नियमावलीहरु, शिक्षा नीति २०७६, विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना, विद्यालय शिक्षामा समता रणनीति, दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा, तथा विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी संघसस्थाका कार्यक्रमहरु, त्रिवेणी गाउँपालिकाको ५ वर्षे आवधिक योजना, गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली आदि ।

नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चितता गरिएको छ । ती मौलिक हकहरू निम्न छन् :-

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्ग भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिविहिन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्ग भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्ने हक हुनेछ ।

यसै गरी धारा ३८ मा महिलाको हकसम्बन्धी उपधारा (५), धारा ३९ मा बालबालिकाको हक सम्बन्धी उपधारा (२), (३) (७) र (९), दलितको हक सम्बन्धी धारा (४०) उपधारा (२) मा,

सामाजिक न्यायको हक सम्बन्धी धारा ४२ को उपधारा २ र उपधारा ५ मा शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

यसैगरी संविधानको भाग ४ मा राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्बन्धी धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिहरूमा शिक्षा सम्बन्धी ४ वटा प्रमुख नीतिहरूलाई प्राथमिकताका साथ उल्लेख गरिएको छ । नेपालको संविधानको राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभाले बनाएको कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा संवैधानिक निकायहरूका साथै शिक्षासँग सम्बन्धित अधिकार र राज्य शक्तिको बाँडफाँडको व्यवस्थापनको अधिकार संघ, प्रदेश र स्थानीय सरकारलाई दिइएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (ज) ११ मा स्थानीय सरकारलाई माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन एवं सञ्चालनको अधिकार प्रदान गरिएको छ ।
उल्लेखित संवैधानिक तथा कानुनी आधारहरु नै त्रिवेणी गाँउपालिकाले निर्माण गरेको पञ्च वर्षीय शैक्षिक योजनाका प्रमुख आधारहरु हुन् ।

## ५. शिक्षा योजना निर्माणको प्रक्रिया

- गाउँपालिकाको गाउँ सभाबाट. नीतिगत निर्णय भई शिक्षा योजना अद्यावधिक गर्नका लागि बजेट विनियोजन ।
- त्रिवेणी गाउँपालिकाको शिक्षा समितिको बैठकबाट शिक्षा योजना अद्यावधिक गरी ५ वर्षे गाउँपालिका शिक्षा योजना निर्माणका लागि गाउँपालिका उपाध्यक्ष तथा गाउँ शिक्षा समितिका उप-संयोजकको संयोजकत्वमा शिक्षा शाखा प्रमुख सदस्य सचिव रहेको कार्यदल गठन ।
- कार्यदलले शैक्षिक समस्या पहिचानका लागि पालिकाभरका विद्यालयहरुबाट सूचना संकलन, शिक्षा सरोकारवालाहरु बीचको निरन्तर छलफल पछि विद्यालयका प्रधानाध्यापकहरु तथा अन्य सरोकारवालासंग अन्तरक्रिया छलफल गरिएको ।
- कार्यदलकै अगुवाईमा शिक्षा योजनासंग सम्बन्धित सान्दर्भिक दस्तावेजहरु अध्ययन, तथ्याङ्कहरु संकलन तथा साहित्य पुनरावलोकन गर्ने काम भएको ।
- विद्यालय क्षेत्र विकास योजना तथा शिक्षा तथा मानव श्रोत विकास केन्द्रले तयार गरेको विद्यालय सुधार योजनालाई समेत आधार मानी गाउँपालिका शिक्षा योजनाको मस्यौदा गर्ने काम भएको ।
- शिक्षा योजनाको मस्यौदा माथि गाउँपालिका शिक्षा समिति र गाउँ कार्यपालिकासंग यस शिक्षा योजनाका बारे छलफल गरी अन्तिम मस्यौदा तयार गरिएको ।
- यस शिक्षा योजनालाई शिक्षा योजना निर्माण कार्यदलले अन्तिम रुप दिईएको ।

## ६. योजनाको लेखाजोखा

नेपालको संघीय शासन प्रणाली अन्तर्गत विद्यालय शिक्षाको व्यवस्थापनका लागि तीन वटै सरकारको साझा दायित्व रहेता पनि व्यवहारिक रुपमा विद्यालय शिक्षाको सञ्चालनको समग्र जिम्मेवारी भने स्थानीय सरकारको रहेको छ। शिक्षा क्षेत्रको योजनाले संघ, प्रदेश र स्थानीय तहको शिक्षा सुधारका लागि नीति र रणनीतिहरू प्रस्तुत् गर्नु हो भने अर्को तर्फ शिक्षा योजनालाई प्रभावकारी कार्यान्वयन गर्न साझेदारहरूसँग समन्वय र थप आन्तरिक एवं बाह्य स्रोतहरू परिचालन गर्न महत्वपूर्ण माध्यमको रूपमा रहेको हुन्छ । योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धी प्राप्त गर्न सरोकारवालासँगको प्रत्यक्ष सहभागितामा पालिकाको वर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर र योजनामा समेट्नुपर्ने मुख्य-मुख्य उद्देश्य, रणनीति र कार्यनीतिहरुका सन्दर्भमा गरिएको छलफल एवं प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतका रूपमा लिई योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक बनाउने प्रयत्न गरिएको छ । त्रिवेणी गाउँपालिकाको आगामी ५ वर्षे शिक्षाको स्पष्ट मार्गदर्शन नै शिक्षा योजनामा निहित रहने हुँदा योजनामा समावेश भएका प्रत्येक परिच्छेद र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय, वर्तमान अवस्थाको विश्लेषण, अवसर र चुनौति, रणनैतिक क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको योजनालाई महत्वपूर्ण स्थान दिइएको छ ।

## ७. योजना दस्तावेजको स्वरुप

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको स्थानीय तहको शिक्षा योजनाको परिमार्जित खाकालाई स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन २०७९ परिमार्जित संस्करण २०८१ को अनुसूची-१ को ढाँचामा यस त्रिवेणी गाउँपालिकाको शिक्षा योजना, २०८१ तयार गरिएको छ। यस योजनाको सारांश, परिचय, दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण, विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र, अन्तरसम्बन्धित विषय तथा क्षेत्र, अन्य उपक्षेत्र, सुशासन तथा व्यवस्थापन, लगानी, स्रोत व्यवस्थापन र अनुगमन तथा मूल्यांकन समेत समावेश गरी मुख्य खण्ड तयार गरिएको छ ।

# परिच्छेद-१
# परिचय

## १.१. वर्तमान अवस्था

### (क) भौगोलिक अवस्थाको विश्लेषण

त्रिवेणी गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लाका साविकका करेटी, नुवागाउँ, बुढागाउँ, जुगार र गैरीगाउ मिलेर बनेको एक गाउँपालिका हो । सिबाङखोला, चक्रीखोला र दर्वैखोला गरी तीन प्रमुख खोलाहरुको सेरोफेरोमा २०५.३९ वर्ग किलोमिटर भू-भागमा फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा रोल्पा नगरपालिका, पश्चिममा सल्यान जिल्लाको कपुरकोट गाउँपालिका, उत्तरमा रोल्पाको माडी गाउँपालिका र रोल्पा नगरपालिका र दक्षिणमा रुन्टीगढी गाउँपालिका पर्दछन् । ८२°१२′५२″ देखि ८२°३५′ २२″पूर्बी देशान्तर र २८°१२′ ३६″ देखि २८°२२′ २५″ उत्तरी अक्षांशमा फैलिएको यस गाउँपालिका समुन्द्री सतहबाट ८६० मिटर देखि २८०० मिटरको उचाई सम्म रहेको छ । बनजंगल, खोला नाला, प्राकृतिक सौन्दर्यताले भरिपूर्ण यस गाँउपालिकाको केन्द्र जुगार समुन्द्री सतहबाट ११२८ मिटरको उचाईमा अवस्थित छ । यस गाउँपालिकामा जम्मा ७ वटा वडाहरु रहेका छन् । यस गाउँपालिकामा तिला बजार, नुवागाउँ, दहवन, निगालपानी, सिमपानी, लिङदुङ र नेर्पा बजार शहर उन्मुख क्षेत्र पर्दछन ।

यस गाउँपालिकाका सबै वडामा सडक सञ्जाल विस्तार कार्य भएको छ । गाउँपालिकाका केही मुख्य सडकहरुमा कालोपत्रे रहेको छ भने केही भाग हाल कालोपत्रे गर्ने क्रममै रहेको छ । यस गाउँपालिकामा विभिन्न खानेपानी योजना सञ्चालनमा रहेका छन । गाउँपालिकाको विभिन्न स्थानमा एक घर एक धारा जडान भइसकेको छ भने खानेपानी सरसफाइ योजना अन्तर्गत सबै घरधुरीमा एक धारा अनिवार्य रुपमा जडान गर्ने कार्यको थालनी भएको छ । उर्जा तर्फ यस गाउँपालिकाका करिव ९० प्रतिशत जनसंख्या विद्युतको पहुँचमा रहेका छन् ।

### (ख) जनसाङ्खिक अवस्थाको विश्लेषण

**वि.स.२०७८ सालको जनगणनानुसार यस गाउँपालिकाको जम्मा जनसंख्या २३४१२ रहेको छ । जसमा पुरुषको जनसंख्या ११०२४ (४७.१%) र महिलाको जनसंख्या १२३८८ (५२.९%) रहेकोमा यसमध्ये अपांगता भएको जनसंख्या ३.३ % रहेको छ । यस गाउँपालिकामा जम्मा ५३५७ घरधुरी रहेका छन भने यस गाउँपालिकामा ७६.०९ % सारक्षरता दर रहेको छ जसमा महिला साक्षरता ७०.०७ % र पुरुष साक्षरता ८३.०९ % रहेको छ । यस गाउँपालिकाको वडागत जनसंख्या निम्नअनुसार रहेको छ :-**

| वडा नं. | साविक वडा | क्षेत्रफल वर्ग किलोमिटर | जनसंख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| १ | करेटी १ देखि ९ | २७.११ | १०३२ | १२४२ | २२७४ |
| २ | नुवागाउँ १ देखि ९ | ४४.६९ | २३२५ | २५४५ | ४८७० |
| ३ | बुढागाउँ २,३,४ र ५ | २३.४३ | १२१६ | १३८५ | २६०१ |
| ४ | बुढागाउँ १,६,७,८ र ९ | २३.९७ | १८७२ | २१२३ | ३९९५ |
| ५ | जुगार १,२,३,४ र ५ | १८.२४ | १५२० | १५९९ | ३११९ |
| ६ | जुगार ६,७, ८ र ९ | २४.१८ | ९६८ | ११४३ | २१११ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | गैरीगाउँ १ देखि ९ | ४३.७६ | २०९१ | २३५१ | ४४४२ |
| | जम्मा | २०५.३८ | ११०२४ | १२३८८ | २३४१२ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

**(ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण**

यस गाउँपालिकामा मगर जातिको बाहुल्यता रहेको यस गाउँपालिकामा ब्राम्हण क्षेत्री, ठकुरी, सन्यासी, कामी, दमाई, सार्की, घर्ती लगायतका जातजाति बसोबास गर्दछन् । धार्मिक रुपमा हिन्दु धर्मको बाहुल्यता रहेको यस गाउँपालिकामा बौद्ध तथा क्रिश्चियन धर्मालम्वीहरुको समेत बसोबास रहेको छ । विविध धर्मकाबीच धार्मिक सहिष्णुता कायम रहेको यस गाउँपालिकामा दशै तिहार, जनैपूर्णिमा, बुद्ध जयन्ती, माघे सक्रान्ति आदि यहाँका प्रमुख पर्वहरु मानिन्छन् । नेपाली भाषा यहाँ बोलिने मुख्य प्रमुख भाषा हो । पञ्चे बाजा, कौरा सोरठी, सारंगी नाच, मयुर नाच, झ्याउरे लगायत जातीय परम्परागत पहिचान कायम रहेको छ । नेर्पा र चपीघाट यहाँका परम्परागत मेलापर्वहरु हुन् ।

**त्रिवेणी गाउँपालिकाका वडा अनुसार टोलवस्तीहरु**

| वडा | टोल/वस्तीको नामक |
|---|---|
| १ | करेटी, सिवाङधारा, जेलवाङ, हुन्दुङ, यारी, सुकादह, सिरुवारी, खस्रे, तुक्ला, सिरीगातिना, मरावाङ |
| २ | त्रिवेणी, हलङगा, नुवागाउँ, डाँडागाँउ, झुलावाङ, भांगोबारी, दहबन, बाँफे, डाफ्ला, झुम्लुङ, रामपुर, धानवाङ, ह्याङ, राइवाङ, द्वारपानी, कोलवाङ आदि । |
| ३ | लिङदुङ, रातामाटा, माथिल्लो छाप, रानागाउँ, तल्लो छाप, रामीडाँडा, कोइला, गोलकट्टी, गाउँटाकुरा आदि । |
| ४ | छेप, मथुरापानी, मेलबोट, बखुर, सिमपानी, चक्की, निगालपानी, डरुवा, रानबाङ, ह्वाप, झेवाङ, लामपुतलीचौर, भीरा, गमालचौर, पुनगाउँ, घर्तीगाउँ, जप्का आदि । |
| ५ | नेर्पा, जिउला, गोइतीबाङ, भोजेबाङ, जरीबाङ, रातापहर, लाभडाँडा, जगरबोट, सिद्धपुर, हाङ्जाबाङ, खानीखोला, दहखोला, लाखर, कोइरालनेटा, कुनेरह, झाक्रीसल्ला, तावाङ, नेर्पाखोली, पोखरडाँडा, जामिरगैरा आदि । |
| ६ | चङबास, सानोभुर्ती, ठुलोभुर्ती, लङबाँज, चोरखोला, काउलाबोट, धारमखोला, स्यालागाउँ, जाबल, जारखोला, मजुवा, रानिमाला, रिजा, फारुली, पिमाखु, बाजबोट, यदमखोला, पाछावाङ, दारिमजिउला आदि । |
| ७ | नन्दीखोला, गाङ, तिला, रानागाउँ, राम्मीढोरेनी, दुम्ला, दर्बे, छापनेटा, बजिबाङ, गैरीगाउँ, पोखराडाँडा, लामपोखरा, सल्लेरी, तिमिम, गाइविसौना, बर्तीवाङ, बयल, हम्पा, छम्पासुनारी, चुपडाँडा, हिरिमठाना आदि । |

यस गाउँपालिकाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु

| वडा नं. | प्रमुख पर्यटकीय तथा धार्मिक स्थलहरु |
|---|---|
| १ | दोभान |
| २ | धानखानी गुफा |
| ३ | बौद्ध गुफा |
| ४ | भुवनेश्वरी मन्दिर, घोरढुङा, शिव मन्दिर, गुप्ती दह |
| ५ | शिव गुफा दार्शनिक केन्द्र, गामाकोट बराह क्षेत्र स्थल |
| ६ | बागपाईले, पोखरडाँडा, राधाकृष्ण मन्दिर र चुलिफिजे |
| ७ | जयबाबा मन्दिर, भगभती कालिका मन्दिर, चिरेखोला शिव मन्दिर, बच्चा पाईला ओढार भालुदुला, दुम्ला, ढोरेनी, निनताले अनन्त ओढार थुर्पा र गौरीमाता मन्दिर |

*श्रोत- त्रिवेणी गाँउपालिका वेभसाईट*

### (घ) आर्थिक अवस्थाको विश्लेषण

यस त्रिवेणी गाउँपालिका भित्र उत्पादन हुने खाद्यान्न बालीमा धान गहुँ मकै तोरी चना मसुरो आदि पर्दछन् । फलफूलहरुमा केरा, आँप, मेवा, अम्बा, कागती र सुन्तला र नासपाती आदि प्रमुख रहेका छन् । अन्न बालीमा धान, गहुँ, मकै हुन् भने नगदे बालीमा तोरी, केराउ, उखु, चना मास, मसुरो, खुर्सानी र बेसार हुन् । यस गाँउपालिकामा उत्पादन हुने तरकारीहरुमा लौका, करेला, आलु, मुला, रायो, काउली, सागपात, भिण्डी, भेन्टा, बोडी, फर्सी, सिमी, टमाटर, खुर्सानी बन्दा, काक्रो, ,चिचिन्नो, लसुन, प्याज  आदि हुन् । साथै कृषि तथा पशु सेवाका लागि यस गाउँपालिकाको सबै वडामा एक वडा एक पशु प्राविधिक उपलब्ध गराइएको छ । विभिन्न समयमा विभिन्न कृषकहरुलाई कृषि तथा पशु सेवाका लागि अनुदान प्रदान गर्दै आएको यस गाँउपालिकाले आफ्ना कृषक जनतालाई फलफल तथा तरकारी बिउ वितरण, आधुनिक कृषि प्रणाली तथा परम्परागत शैलीबारे ज्ञान पाठशाला प्रदान गरेको छ  । पशुसेवा तर्फ खोर व्यवस्थापन जस्ता कार्यहरु गर्दै आएको छ ।

### (ङ) शैक्षिक अवस्थाको विश्लेषण

### १.२. मुख्य समस्या चुनौतीको विश्लेषण

शिक्षामा गुणस्तर ल्याउनका लागि स्थानीय, प्रादेशिक तथा संघीय सरकारहरु र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसस्थाहरुले काम गरिरहेका छन् । यस पालिकाभित्र विगत लामो समयदेखि नै शिक्षामा ठूलो लगानी भइरहेको छ । शिक्षा क्षेत्रमा अझै पनि धेरै कामहरु गर्न बाँकी रहेको छ । शिक्षा क्षेत्रमा विद्यार्थीहरुमा सिकाइ उपलब्धी प्राप्ती र समग्र सिकाइ उपलब्धी प्राप्त गर्नका समयानुकुल सिकाइ सहजीकरण, विज्ञान तथा प्रविधिको प्रयोग, शिक्षक विद्यार्थी बीचको अनुपात, सामाजिक तथा सांस्कृतिक विभेदीकरण, भौतिक सामग्रीहरुको अभाव, शैक्षणिक तथा सन्दर्भ सामग्रीहरुको विकास तथा प्रयोग, कक्षाकोठा व्यवस्थापन, सफा खानेपानी, दरबन्दीको अभाव, अभिभावक तथा समुदाय परिचालन, शिक्षक व्यवस्थापन तथा तालिम, विद्यालयको दूरी लगायतका शैक्षिक समस्याहरु रहेका छन् ।

## १.३. शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

### १.३.१.सवल पक्ष

- कक्षा १-३ सम्म कक्षाकोठाको बसाइ व्यवस्थापन बालमैत्री भएको,
- विद्यालयको गुणस्तरका लागि सूचक निर्धारण गरी स्तरीकरण र सो अनुरुप झण्डा वितरण मार्फत् सुधार योजना बनाएको,
- विद्यालय समायोजन गरी संस्थागत विद्यालय विहिन बनाएको,
- विज्ञान प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्दै आएको ।
- अन्तर विद्यालय शैक्षिक भ्रमण मार्फत सिकाइ आदान प्रदान कार्यक्रम सन्चालन भएको ।
- गाउँपालिकाका मावि र निमाविमा विद्युत र नेटको पहुँच भएको तथा प्राविहरुमा अधिकांश इन्टरनेट र विद्युत पुगेको ।
- गाउँपालिकाका सबै विद्यालयहरुमा अनलाइन लेखा प्रणाली भएको ।
- गाउँपालिकाका १२ विद्यालयमा विद्यालय नर्स कार्यक्रम सहित दरबन्दी भएको ।
- पालिकाका १३ विद्यालयमा बहुकक्षा बहुस्तर संचालन हुदै आएको र थप ८ विद्यालयहरुमा यस शैक्षिक वर्षदेखि सुरु गरिने ।
- ८६% विद्यालयमा ECED कक्षा सन्चालन भएको ।
- पालिकाका कक्षा ८ र एसइइ टपर विद्यार्थीलाई छात्रवृद्धि कार्यकम भएको ।
- बालविकास शिक्षकलाई ५ दिने पुनर्ताजकी तालिम  सन्चालन मार्फत क्षमता विकास
- बालबालिका कोष संचालनमा रहेको ।
- विद्यालयहरुमा गुनासो सुनाइ संयन्त्र सक्रिय रहेको ।
- विद्यालयहरुमा बालक्लव गठन भइ कार्यक्रम गर्दै आएको ।
- विद्यालयहरुमा पढ्दै कमाउदै कार्यक्रम संचालन रहेको ।
- एक वडा एक नमूना विद्यालय कार्यक्रम संचालन गरेको ।
- कमजोर सिकाइ भएका बालबालिकाहरुका लागि पालिकाबाट उपचारात्मक कक्षाहरु संचालन हुदै आएको ।

### १.३.२. सुधार गर्नुपर्ने पक्ष

- विद्यार्थीको सिकाइ उपलब्धि बढाउनु पर्ने,
- विद्यालयमा शौचालय, खानेपानी र खेलमैदानको व्यवस्था गर्नु पर्ने,
- विद्यालयमा नियमित अनुगमनको व्यवस्था गर्नुपर्ने,
- तल्लो तहका कक्षामा पढाइ सीप विकास गर्नुपर्ने,
- अभिभावक शिक्षालाई निरन्तरता दिदै बजेटको व्यवस्थापन गर्नुपर्ने ।
- विद्यालय शैक्षिक अनुशासनमा जोड दिनुपर्ने ।
- प्रारम्भिक तथा वालविकासमा सहजकर्ताको क्षमता विकास गर्ने र प्रविधिको व्यवस्था गर्ने
- बालमैत्री विद्यालय बनाउन थप लगानी गर्नुपर्ने ।

- राम्रो काम गर्नेलाई पुरस्कार र नियम विपरीत कार्य गर्नेलाई दण्डको व्यवस्था गर्नुपर्ने ।

### १.३.३. चुनौतीहरु

- पूर्व प्राथमिक तहका केही कक्षाहरुमा अझै पनि भौतिक पूर्वाधारको कमी रहेको ।
- अंग्रेजी भाषामा शिक्षण सिकाइ संचालन गर्दा शिक्षक दरबन्दी अभावले समस्या भएको ।
- शिक्षाको गुणस्तरमा सुधार गर्नुपर्ने ।
- साक्षरता तथा निरन्तर सिकाई कक्षाहरुमा कमी आइरहेको ।
- प्राविधिक तथा व्यवयायिक शिक्षा सबै बालबालिकाको पहुँचमा नभ्एको ।
- शिक्षक दरबन्दी मिलानमा समस्या भइरहेको ।
- बालश्रम मुक्त पालिका भए पनि छिटफुट रुपमा लुकिछिपी बालबालिका काममा जाने क्रम चलिरहेको ।
- अभिभावकहरुमा बाल संबेदनशीलताको कमी रहेको ।
- अझै पनि सबै बालबालिकामा आधारभूत तथा माध्यमिक शिक्षाको पहुँच पुऱ्याउन नसकिएको ।
- बाल विवाह न्यूनीकरण नभएको ।
- संघीय विद्यालय समायोजन कार्यविधि अनुसार तोकिएको मापदण्ड वापतको रकम विद्यालयले पूर्ण रुपमा प्राप्त गर्न नसकेको ।
- कक्षा १० पछि धेरै विद्यार्थी जिल्ला बाहिर पढाइको लागि जाने गरेको ।
- गाउँबाट अस्थायी बसाइ सराइ गरी सहर तथा तराइतिर जाने गर्दा गाउँमा विद्यार्थी संख्या कम भएको ।

### १.४ अवसर

- धेरैजसो बालविकास कक्षाहरु सुविधायुक्त हुदै गएको ।
- अभिभावकहरुमा गुणस्तरीय शिक्षाको चाहना बढ्दो अवस्थामा रहेको ।
- बालविकास देखि माध्यमिक कक्षा १२ सम्म शिक्षाको अधिकार स्थानीय तहमै प्राप्त भएको ।
- पालिकाले यस अघि पनि पाँच वर्षे शैक्षिक योजना निर्माण गरी काम गर्दै आएको ।
- माध्यमिक तह सम्मको शिक्षामा बालबालिकाहरुको पहुँच वृद्दि हुदै गएको ।
- पालिकालाई शिक्षा क्षेत्रमा सहयोग गर्ने गैससहरु सकृय रहेको ।
- शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधार सन्तोषजनक रहेको ।
- विद्यालयहरु सूचना प्रविधिको पहुँचमा वृद्धि हुदै गएको ।
- शिक्षकहरुको पेशागत क्षमता विकासमा सहयोगका हुदै आएको ।
- शिक्षण संस्थामा देखिने आपत्कालीन समस्याहरुलाई पालिका तथा वडा कार्यालय मार्फत् तत्काल सम्बोधन गर्ने काम भइरहेको ।

यस संगै नेपालको संविधान र कानुनहरुको कार्यान्वयन, स्थानीय सरकार सञ्चालन ऐनमा शिक्षाका अधिकारहरु प्राप्त हुनु, संघ, प्रदेश र स्थानीय सरकारहरु बीच शिक्षा क्षेत्रमा समन्वय, सहकार्य र जिम्मेवारी कार्यान्वयन गर्न सकिने अवसर हुनु, शिक्षामा सूचना प्रविधिको प्रयोगको विस्तार हुनु, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न सक्ने वातावरण हुनु, शिक्षा क्षेत्रमा निजि क्षेत्रको समेत लगानी गर्न सक्ने वातावरण सृजना गर्नु र बालबालिकाको सिकाईमा वृद्धि भई सक्षमता हाँसिल गर्ने महत्वपूर्ण अवसरहरुको सृजना गरेको छ ।

# परिच्छेद–२

# दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१. शिक्षा योजना निर्माणका कानुनी तथा संवैधानिक आधारहरुः

नेपालको संविधान, सोह्रौ आवधिक योजना, स्थानीय सरकार संचालन ऐन २०७४, संघ, प्रदेश र स्थानीय तह ऐन २०७७, अनिवार्य तथा नि.शुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन तथा नियमावलीहरु, शिक्षा नीति २०७६, विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ अपूरण तथा द्रुत सिकाइ योजना, विद्यालय शिक्षामा समता रणनीति, दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा तथा विद्यालय सुधार योजनालाई मुख्य आधार लिइएको छ ।

नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चितता गरिएको छ । ती मौलिक हकहरू निम्न छन् :-

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्ग भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिविहिन नागरिकलाई ब्रेल लिपी तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्ग भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्ने हक हुनेछ ।

यसैगरी धारा ३८ मा महिलाको हकसम्बन्धी उपधारा (५), धारा ३९ मा बालबालिकाको हक सम्बन्धी उपधारा (२), (३) (७) र (९), दलितको हक सम्बन्धी धारा (४०) उपधारा (२) मा, सामाजिक न्यायको हक सम्बन्धी धारा ४२ को उपधारा २ र उपधारा ५ मा शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।
यसैगरी संविधानको भाग ४ मा राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्बन्धी धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिहरूमा शिक्षा सम्बन्धी ४ वटा प्रमुख नीतिहरूलाई प्राथमिकताका साथ उल्लेख गरिएको छ । नेपालको संविधानको राज्य संरचना र

राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभाले बनाएको कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको अनुसूची ५, ६, ७ , ८ र ९ मा अन्य संवैधानिक निकायहरूका साथै शिक्षासँग सम्बन्धित अधिकार र राज्य शक्तिको बाँडफाँडको व्यवस्था संघ, प्रदेश र स्थानीय सरकारलाई गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (ज) ११ मा स्थानीय सरकारालाई माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन एवं सञ्चालनको अधिकार प्रदान गरिएको छ ।

उल्लेखित संवैधानिक तथा कानुनी आधारहरु नै त्रिवेणी गाँउपालिकाले निर्माण गरेको पञ्च वर्षीय शैक्षिक योजनाका प्रमुख आधारहरु हुन् ।

## २.२. दीर्घकालीन सोच

त्रिवेणी गाउँपालिकाको शिक्षा क्षेत्रको दीर्घकालीन सोच "त्रिवेणी गाउँपालिकाको शैक्षिक प्रतिबद्धता "सबै बालबालिकालाई गुणस्तरीय, पहुँचयुक्त, बालमैत्री, व्यवहारिक, उत्पादनमूलक तथा प्राविधिक शिक्षामा पहुँचको सुनिश्चितता" रहेको छ ।

## २.३. लक्ष्यः

यस योजनाको लक्ष्य आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षालाई अधिकारका रुपमा स्थापित गरी विद्यालय शिक्षामा सबै वर्गको सहज पहुँच र सहभागिताका माध्यमबाट टिकाउको सुनिश्चिता सहित शिक्षालाई त्रिवेणी गाउँपालिकाको समुन्नतिका निम्ति आवश्यक पर्ने जनशक्तिको उत्पादन गर्ने लक्ष निर्धारण गरिएको छ । गुणस्तरीय व्यवहारिक, उत्पादनमूलक तथा प्राविधिक शिक्षाको माध्यमबाट श्रम बजारमा  प्रतिस्पर्धा गर्न सक्ने दक्ष, सीपयुक्त, व्यक्तिगत तथा राष्ट्रिय जीवनप्रति सकारात्मक एवं  उन्नत सोच भएको तथा आफू त्रिवेणी गाउँपालिकावासी भएकोमा गर्व गर्न सक्ने जनशक्तिको विकास गर्ने ।

## २.४ उद्देश्यहरु

उक्त लक्ष्यलाई पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरु निर्धारण गरिएको छ :

१. माध्यमिक शिक्षामा सबै बालबालिकाहरुका लागि निःशुल्क, गुणस्तरीय गर्ने र प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षाको अवसर सुनिश्चित गर्नु ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु ।
३. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।
४. सबै प्रकारका अपाङ्गता भएका व्यक्ति तथा उमेर पुगेर पनि शिक्षा पाउनबाट बञ्चितहरुका लागि खुला तथा  बैकल्पिक शिक्षाका माध्यमबाट गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु ।
५. सामुदायिक, सार्वजनिक तथा निजी शिक्षामा पाइएका असल अभ्यासलाई एक अर्कामा सम्मिलन गर्दै शिक्षा क्षेत्रको सुधारमा उपयोग गर्ने प्रणालीलाई सबलीकरण गर्नु ।
६. उच्च शिक्षाको माध्यमबाट विभिन्न क्षेत्रहरुमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, प्रतिस्पर्धी, तथा अनुसन्धानमुखी मानव संशाधन विकासमा सहयोग गर्नु ।

७. गाउँपालिकामा विद्यमान सम्भाव्य स्रोत र साधनहरुको पहिचान, उत्खनन् र अन्वेषण गरी त्रिवेणीवासीको सुख र समृद्धिका लागि उपयोग गर्ने गरी उच्च शिक्षालाई वैज्ञानिक र अनुसन्धानमूलक बनाउन सहयोग गर्नु ।
८. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा अवसरहरुलाई व्यापक विस्तार गरी सबै नागरिकहरुलाई देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त जनशक्ति तयार गर्नु ।
९. शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरुमा सुशासन प्रवर्द्धन गरी विद्यार्थीहरुको सिकाईप्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।
१०. शैक्षिक क्षेत्रलाई विभेद, भय र दुर्व्यवहारमुक्त तथा सुरक्षित र विविधता अनुकूल बनाई विद्यार्थीलाई सिकारु मैत्रीका साथै बालमैत्री, प्रविधिमैत्री वातावरणमा सिकाइ आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

## २.५ रणनीतिहरु

यस त्रिवेणी गाउँपालिकाले लक्ष्य तथा उद्देश्य अनुसारको प्राप्तीका लागि यस पञ्च वर्षीय योजनाका निम्न लिखित रणनीतिक प्राथमिकताहरु रहेका छन् । विद्यालय शिक्षामा सबै वर्गका बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्ने, विद्यालय शिक्षाको गुणस्तर सुधार गरी समतामूलक र समावेशी बनाउने, गाउँपालिका नागरिकको समृद्धिसँग जोड्ने, शिक्षामा सुशासन तथा जवाफदेहिता अभिवृद्धि गर्ने रहेका छन् ।

**उद्देश्य नं. १ संग सम्बन्धित रणनीतिहरुः**

१. नक्साङ्कनका आधारमा त्रिवेणी गाउँपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनः वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गरिने छ ।
२. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी यसलाई सबै बालबालिकाका निम्ति अनिवार्य गरिने छ ।
३. बालबालिकाको स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी/गैरसरकारी संस्थाहरुसँग सहकार्य गरी सरसफाइ, स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवा विद्यालय मार्फत प्रदान गरिनेछ ।

**उद्देश्य नं. २ संग सम्बन्धित रणनीतिहरुः**

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न गाउँपालिकाका सबै बालबालिकालाई विद्यालय भर्ना गराई अध्ययनमा निरन्तरता दिन र गुणस्तर अभिवृद्धि गर्नका लागि बालबालिका तथा शिक्षकका लागि उत्प्रेरणामूलक उपायहरु अंगिकार गरिने छ ।
२. संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा गाउँपालिकाको नेतृत्वमा विद्यालयहरुले भौतिक, शैक्षिक तथा मानव संसाधन व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गरिने छ ।
३. बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्ने ।

**उद्देश्य नं. ३ संग सम्बन्धित रणनीतिः**

१. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवं व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्ध गर्नुका साथै सामुदायिक सिकाई केन्द्रहरुको कार्यक्षमतामा सबलीकरणग गरिने छ ।

२. सामुदायिक सिकाइहरुको सक्षमतामा अभिवृद्धि गर्दै जीवन पर्यन्त सिकाइ र जीवनवृत्ति विकासका लागि परिचालन गर्ने ।

**उद्देश्य नं. ४ संग सम्बन्धित रणनीतिः**

१. माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सङ्घ र प्रदेश सरकारसँगको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरुको क्षमता सुधार गरिने छ ।
२. अपाङ्गता भएका तथा बहिस्करणमा परेका बालबालिकाहरुको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलब्ध गरिने छ ।
३. गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने विपन्न, गरिब, सुविधा विहिन, जोखिम अवस्थामा रहेका, अनाथ असहाय, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्नका लागि आवश्यक सहयोग प्रणालीको विकास गरी लागु गरिने छ ।

**उद्देश्य नं. ५ संग सम्बन्धित रणनीतिः**

१. शिक्षकलाई शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा संचार प्रविधिको अधिकतम् उपयोग गर्न अभिप्रेरित गर्ने ।

**उद्देश्य नं. ६ संग सम्बन्धित रणनीतिः**

१. विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चित हुने संयन्त्रको निर्माण गरिनेछ ।
२. पेसाप्रति समर्पित, सामाजिक आचरणको हिसाबले अब्बल एवं बालबालिका र शिक्षण सिकाई क्रियाकलापप्रति रुचि भएको व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्नका लागि आवश्यकता अनुसार शिक्षक छनोट गर्ने संयन्त्रको विकास गरिने छ ।

**उद्देश्य नं. ७ संग सम्बन्धित रणनीतिः**

१. स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्य सामग्रीको निर्माण तथा विकास गरी सोको कार्यान्वयन प्रभावकारी बनाइने छ ।

**उद्देश्य नं. ८ संग सम्बन्धित रणनीतिः**

१. प्राविधिक तथा व्यवासायिक शिक्षा र तालिममा विपन्न एवं पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेटन् विशेष सहुलियत तथा छात्रबृत्तिको व्यवस्था मिलाईनेछ ।
२. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगको रुपमा एकीकृत गर्दै सिकाइलाई प्रविधिमैत्री व्यावहारिक र नतिजामूलक बनाइने छ ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा गाउँपालिकाद्वारा श्रोत परिचालन तथा व्यवस्थापन गरिने छ ।
४. सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचाका आधारमा माध्यमिक शिक्षा ( व्यावसायिक/प्राविधिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न माध्यमिक विद्यालयहरुको क्षमतामा सुधारका लागि आवश्यक सहकार्य गरिने छ ।

**उद्देश्य नं. ९ संग सम्बन्धित रणनीतिः**

१. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरुको अनुगमन, निरीक्षण तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाइने छ ।

२. गाउँपालिकाको शिक्षा हेर्ने निकाय र सम्पूर्ण प्रकारका शैक्षिक संस्थाहरुमा सुशासन प्रवर्द्धन गरी तिनको सुदृढीकरण र सबलीकरणका माध्यमबाट बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गरिने छ ।
३. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, कार्यसम्पादनमा आधारित प्रोत्साहन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गरिने छ ।

**उद्देश्य नं. १० संग सम्बन्धित रणनीतिः**

१. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनाहरु प्रविधिगत एवं मानवीय श्रोतको उचित किसिमबाट व्यवस्थापन गरिने छ ।

## २.६ कार्यनीति

१. प्रारम्भिक वालविकासमा उपयुक्त उमेरमा नै बालबालिकाहरुको भर्नाका लागि शैक्षिक अभियान संचालन गर्ने ।
२. माध्यमिक तहमा अध्ययनरत बालबालिकाहरुलाई जीवनोपयोगी शिक्षाका लागि आवश्यक पर्ने मानवीय र आर्थिक श्रोतको व्यवस्थापन गर्ने तथा कक्षा १० र १२ पछिका कम्तिमा ८ हप्तामा सीपयुक्त व्यवसायिक तथा वृद्धि विकासका लागि तालिम, सीप परीक्षण र प्रमाण पत्र व्यवस्थापन गर्ने ।
३. शिक्षकहरुको पेशागत विकासका लागि आवश्यक विषय विज्ञहरुको तयारी गर्ने ।
४. विद्यालय अनुगमन, मूल्यांकन तथा पृष्ठपोषणका कार्यक्रमहरु सञ्चालन गर्ने ।
५. एकीकृत पाठ्यक्रम सम्बन्धी शिक्षक पेशागत विकास तालिम, कष्टमाइज तालिम तथा मोड्युलर तालिमहरु सञ्चालन गर्ने ।
६. शारिरीक तथा वौद्धिक अपांगता भएका बालबालिकाहरुको सिकाइ निरन्तरताका लागि विशेष तालिमहरुको व्यवस्थापन गर्ने । तालिमको व्यवस्थापनका लागि सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय गर्ने ।
७. प्रारम्भिक कक्षाहरुलाई छापामय तथा व्यवस्थित बनाउनका लागि स्थानीय तह, प्रदेश तथा संघीय तहदेखि आवश्यक आर्थिक तथा प्राविधिक सहयोगको व्यवस्थापन गरिने छ । सरकारी तथा गैरसरकारी निकायहरुसंगको सहकार्य तथा समन्वयमा समेत यो कार्यक्रमलाई अगाडि बढाउने ।
८. विद्यालयहरुलाई सूचना प्रविधि सम्बन्धी आवश्यक ज्ञान, सीप र दक्षताको विकासका लागि तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्ने ।
९. स्थानीय समुदाय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ तथा अन्य शैक्षिक सरोकारवालाहरुको सहभागितामा तथा शैक्षिक क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैरसरकारी सस्थाहरुसंग समन्वय गरी अभिभावक शिक्षा संचालन गर्ने ।
१०. स्थानीय स्तरमा रहेका आमा समूहहरु, सामुदायिक सिकाइ केन्द्रहरु, युवा क्लबहरु, बाल क्लबहरु त्था अन्य समूहहरुसंग सहकार्य गर्दै अनौपचारिक तथा जीवन पर्यन्त शिक्षाका लागि आवश्यक पहल गर्ने ।

## २.७ अपेक्षित मुख्य उपलब्धि

१. सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने ।
२. अनिवार्य तथा निःशुल्क आधरभूत शिक्षामा तथा माध्यमिक शिक्षामा पालिकाका सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।
३. त्रिवेणी गाउँपालिका क्षेत्रमा बसोबास गर्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइको अवसर प्राप्त हुने ।
४. शिक्षा प्रशासन सञ्चालन गर्ने निकाय तथा सबै विद्यालयहरुमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने ।
५. स्थानीय विषयको पाठ्यक्रमको निर्माण, स्थानीय विषयको श्रोत सामग्रीको निर्माण भई प्रभावकारी कार्यान्वयन भएको हुने ।
६. विद्यार्थीको समग्र समुन्नतिको लागि समर्पित शिक्षकहरुबाट सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार हुने ।
७. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइमा सुधार हुन सहयोग पुग्ने ।
८. शैक्षिक संस्थाहरु बालबालिकाको सिकाइको सवालमा अभाव मुक्त थलोको रुपमा विकास भएको हुने ।
९. प्राविधिक तथा व्यावसायिक शिक्षामा इच्छुक नागरिकको सहजै पहुँच पुग्ने ।
१०. उच्च शिक्षा प्रदायक संस्थाहरुलाई संस्थाको सञ्चालन तथा व्यवस्थापनमा भरपूर सहयोग र समन्वय प्राप्त हुने ।
११. उच्च शिक्षाबाट स्थानीय तह एवम् समग्र मुलुकको समुन्नतिका लागि आवश्यक पर्ने दक्ष, सक्षम र समर्पित जनशक्तिको उत्पादन हुने ।
१२. अपाङ्गता भएका बालबालिकाहरुलाई विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु प्राप्त हुने ।
१३. विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक हुने ।
१४. विद्यालयमा कार्यरत शिक्षकहरलाई पेसागत विकास र सहयोग प्राप्त हुने ।,
१५. सम्पूर्ण तहमा आवश्यक पर्ने न्यूनतम विषयगत शिक्षकको व्यवस्थापन हुने ।
१६. नक्साङ्कनका आधारमा विद्यालयहरुको स्थापना, पुनःवितरण तथा समायोजन हुने ।
१७. शिक्षाका सबै निकायहरुमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने ।
१८. विद्यालयतह एवं उच्च शिक्षाको पाठ्यक्रम सान्दर्भिक र जीवनोपयोगी तथा मूल्यांकन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाईप्रति प्रतिबद्ध रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने ।
१९. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्था एवं मनोसामाजिक कुशलतामा सुधार र अभिवृद्धि भई सिकाइमा सुधार हुने ।
२०.प्रारम्भिक कक्षाहरुमा पढाइ सीप तथा सिकाइ उपलब्धि विकास गर्ने वातावरण सृजना भएको हुने ।
२१.आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि विद्यार्थीको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।

२२. सबै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक पूर्वा धार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।
२३. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई असहज परिवेशमा समेत प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग हुने ।
२४. अभिभावक र शिक्षकको बीचको निरन्तरको अन्तरक्रिया र सहकार्यको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुने ।
२५. स्टिम पेडागोजीलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा विकास गरी शिक्षकको क्षमता विकास भएको हुने ।

## २.८ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस गाउँपालिकाले संघ, प्रदेश को लक्ष्य लाई योगदान हुने गरी स्थानीय तहको कार्य सम्पादन सूचकहरुको विकास र तिनको लक्ष्यहरू निर्धारण गरेको छ। आगामी २ वर्ष, ३ वर्ष र ५ वर्षहरुका लागि तोकिएका ती सूचकगत राष्ट्रिय लक्ष्यहरू सहितको विवरण तलको तालिकामा प्रस्तुत् गरिएको छ ।

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | १०२.८ | १००.८ | ९९.८ | ९६.८ | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | प्रदेश | १०६.८ | | | | | |
| | | राष्ट्रिय | ९९.९ | १०० | १०१ | १०२ | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ५८.३ | ६०.१ | ६२.९ | ६३.९ | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | प्रदेश | ८४.३ | | | | | |
| | | राष्ट्रिय | ७६.९ | ८०.० | ८५.० | ९५.० | | |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | १०५.२ | १००.६ | ९७.८ | ९५.१ | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९५.७ | ९६.५ | ९७.५ | ९८.५ | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ४०.५ | ४३.३ | ४६.२ | ४९.४ | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११५.९ | ११८ | १२० | १२५ | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ८१.६ | ८२.७ | ८३.८ | ८४.९ | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | प्रदेश | ९५.५ | | | | | |
| | | राष्ट्रिय | ९५.६ | ९६.० | ९८ .० | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ११४ | १०९.५ | १०५.२ | १०१.० | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | प्रदेश | १२८.४ | | | | | |
| | | राष्ट्रिय | १२४.८ | १२१.० | १२० | ११९ | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| | | स्थानीय | | | | | फ्ल्यास रिपोर्ट | IEMIS |

| क्र.सं. | सूचक | विषय | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | | स्थानीय | ७५ | ७८.९ | ८२.९ | ८७.२ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | | स्थानीय | ६९.५ | ७३.७ | ७८.२ | ८३ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | | स्थानीय | | | | | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | स्थानीय | ७१.१ | ७१.२ | ७३.४ | ७५.८ | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | | प्रदेश | ९५.१ | | | | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | १०५.२ | १०६.६ | ९७.८ | ९५.१ | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | | प्रदेश | १२३.८ | | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ७२.६ | ७६.३ | ८०.२ | ८४.२ | | |
| | | | प्रदेश | ८६.२ | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ६२ | ६५.८ | ६९.८ | ७४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | ०.९५ | ०.९५ | ०.९६ | ०.९६ | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | | प्रदेश | ०.९१ | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह | नेपाली भाषा | स्थानीय | २९.९ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | २३ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |

| क्र.सं. | सूचक | | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | अङ्ग्रेजी | स्थानीय | २४.५ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | २३.७ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | १७.७ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | १७.३ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | | | | | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | | प्रदेश | ५५.२ | | | | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | | | | | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | | प्रदेश | ८०.९ | | | | | |
| | | | राष्ट्रिय | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | | | | | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | | प्रदेश | ०.९३ | | | | | |
| | | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | स्थानीय | | | | | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २०.६ | २२.० | २७.० | ३३.० | | |
| | | | स्थानीय विज्ञान | | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | | प्रा.व्या. | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (जिपिएमा) | नेपाली भाषा | स्थानीय | २.८ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | १.६ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | १.८ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | २.३ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | | | | | फ्ल्यास रिपोर्ट | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | फ्ल्यास रिपोर्ट | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६. | सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| | | स्थानीय | | | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७. | शिक्षामा लगानी | | | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | फ्ल्यास रिपोर्ट | Redbook |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

# परिच्छेद-३
# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## ३.१. प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षा कै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ, पहुँचयोग्य, समावेशी, र गुणस्तरीय बनाउनु आवश्यक छ । यसै कुरालाई मध्यनजर गरेर त्रिवेणी गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमको प्रारुप, २०७६ ले भने चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारमा क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ । बालविकास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनका लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५ मा प्रारम्भिक बाल विकास सम्बन्धी कानुनी प्रावधान रहेका छन् । बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०२२-२०३२), बहुक्षेत्रीय पोषण योजना, दोस्रो (२०७५/७६-२०७९/८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधानहरु समेटिएका छन् । यसका साथै पाठ्यक्रम विकास केन्द्रले प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ लागु गरेको छ ।

### ३.१.२ वर्तमान अवस्था

प्रारम्भिक बालविकास शिक्षा औपचारिक शिक्षाको लागि पूर्व तयारी र सर्वाङ्गीण विकासको मुल आधार हो भन्ने कुरा दिगो विकास लक्ष्यको ४.२ मा उल्लेख गरिएको छ । कक्षा १२ उत्तीर्ण गरेको व्यक्ति प्रारम्भिक बालविकास केन्द्रको शिक्षक हुनसक्ने कानुनी प्रावधान रहेको छ ।
त्रिवेणी गाउँपालिकामा बालविकास केन्द्रहरुको संख्या समुदायमा आधारित ६ र विद्यालयमा आधारित ३१ गरी ३७ बालविकास केन्द्र रहेका छन् । शैक्षिक वर्ष २०८१ मा भर्ना बाल विकास केन्द्रमा भर्ना भएका छात्रा ३ सय ३३ र छात्र ३ सय ८५ गरी ७ सय १८ जना रहेका छन् । त्रिवेणी गाउँपालिकामा प्रारम्भिक बालविकास शिक्षा कुल भर्नादर ६७% र खुदभर्नादर ६३.४% रहेको छ ।

| समस्या | कारण | असर |
| --- | --- | --- |
| ▪ विद्यालय संरचनामा नहुनु,<br>▪ बाल विकास केन्द्रको छुट्टै कक्षाकोठा, सजावट र बसाई व्यवस्था उपयुक्त किसिमको नहुनु,<br>▪ सिकाई कुनाको व्यवस्थापन राम्रो नहुनु,<br>▪ बालमैत्री र मौसममैत्री कक्षाकोठा नहुनु,<br>▪ "खेल्दै सिक्दै" को सिद्धान्त अनुसारका खेल सामाग्री तथा शैक्षिक सामग्रीको प्रयोग नहुनु,<br>▪ बालविकास सहजकर्ताहरुमा उत्प्रेरणाको कमी रहनु<br>▪ अनुगमन र सुपरीवेक्षणको प्रभावकारी व्यवस्थापन नहुनु<br>▪ बालमैत्री तथा अपाङ्ग मैत्री भौतिक पूर्वाधारको कमि<br>▪ भौगोलिक विघटता<br>▪ मूल्याङ्कन पद्धतिलाई प्रभावकारी रुपमा प्रयोग नगर्नु<br>▪ पाठ्यक्रम अनुसार शिक्षण नहुनु<br>▪ अभिभावक शिक्षाको कमि ।<br>▪ संस्कार सहितको नैतिक शिक्षा नहुनु,<br>▪ दिवा खाजा कार्यक्रमका लागि प्रर्याप्त रकम नहुनु,<br>▪ फरक क्षमता भएका व्यक्तिहरुका लागि, छुटै कक्षा सन्चालन गर्न नसक्नु, | ▪ कानुनमा व्यवस्था नभएको<br>▪ बाल विकासलाई प्राथमिकता नदिनु<br>▪ व्यवस्थापकीय पक्ष कमजोर,<br>▪ स्रोत अभाव<br>▪ व्यावहारिक प्रयोगको अभाव<br>▪ न्युन ज्याला हुनु<br>▪ सम्बन्धित निकायले जिम्मेवारी बहन नर्गनु<br>▪ सम्बन्धित निकायले चासो नदिनु<br>▪ विद्यालय सम्मको दुरी टाढा हुन<br>▪ व्यावहारिक सीपको अभाव<br>▪ अभिभावकले चासो नदिनु | ▪ गुणस्तरीय शिक्षाको अभाव,<br>▪ भर्ना तथा टिकाउ दर कमि हुनु,<br>▪ सिकाई उपलब्धि न्युन हुनु<br>▪ उपस्थिति दर न्युन हुनु<br>▪ अपेक्षित सुचक पुरा नहुनु<br>▪ अपाङ्ग भएका बालबालिका शिक्षाबाट बञ्चित हुनु<br>▪ विद्यार्थी समयमा उपस्थित हुन नसक्नु<br>▪ शारिरीक मानसिक र सामाजिक विकासमा असर हुनु,<br>▪ |

## ३.१.३ उद्देश्यहरु

यस योजना अन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षाको लक्ष्य त्रिवेणीका प्रारम्भिक उमेर समूहका सबै बालबालिकाको उपयुक्त किसिमबाट शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गर्नु रहेको छ भने यसका उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।

१. प्रारम्भिक बालविकास तथा शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित हुने गरी गुणस्तरीय र प्रभावकारी बनाउन,
२. प्रारम्भिक बालविकासका लागि नीतिगत, संस्थागत तथा संरचनागत संयन्त्रको स्थापना गर्न ।

३. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित निःशुल्क आधारभूत शिक्षामा भर्ना गर्न ।
४. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरुको गुणस्तर सुनिश्चित गर्न ।
५. प्रारम्भिक बालविकास उमेरका बालबालिकाहरुका लागि पोषण एवं स्वास्थ्य सुरक्षाको उपयुक्त व्यवस्था गर्न ।
६. पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु र विद्यालय प्रवेशको तयारी गर्न,
७. प्रारम्भिक बालविकासमा दक्ष र बालबालिकाप्रति समर्पित मानव स्रोत र पर्याप्त भौतिक एवं आर्थिक श्रोतको सुनिश्चितता गर्न,
८. बालबालिकाको घरायसी वातावरणलाई बालमैत्री बनाउदै बालबालिकाको समुचित विकासमा स्थानीय तह, विद्यालय, अभिभावक तथा समुदायको सक्रियता सुनिश्चित गर्न,
९. विद्यालयमा बाल मैत्री वातावरण सिर्जना गरी समतामूलक शिक्षा प्रदान गर्नु ।
१०.प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरुको स्वास्थ्य र पोषणमा अभिवृद्धि गर्नका लागि द्विमासिक  रुपमा नियमित स्वास्थ्यजाँच गर्ने ।
११. प्रारम्भिक बालविकास केन्द्रहरुलाइ अनिवार्य छापामय, सन्दर्भ सामग्री र शैक्षणिक सामग्री युक्त कक्षा कोठामा विकसित गर्न,
१२. कक्षाकोठाहरु बालमैत्री, प्रविधिमैत्री, लैंगिकमैत्री, र समावेशी बनाउने ।
१३. प्रत्येक बालबालिकाहरुको व्यक्तिगत कार्यसंचयिका निर्माण गरी निरन्तर सिकाइका लागि अभिभावक सहभागिता र परिचालन गर्ने र

## १.४ रणनीतिहरु

१.प्रारम्भिक बालविकासका लागि संस्थागत तथा संरचनागत सुधार गर्न स्थानीय तहमा सम्बन्धित क्षेत्रका विज्ञहरुको संलग्नतामा प्रारम्भिक बालविकास संयन्त्रको स्थापना गरी सहजीकरण गरिने छ ।
२. संघ र प्रदेशको कानुनसँग नबाझिने गरी बालविकास सम्बन्धी कानुन, नीति, कार्यविधि आदि निर्माण गरेर बाल विकास कक्षालाई स्थानीय तहको सन्दर्भमा व्यवस्थित गरिने छ ।
३. बालविकास केन्द्रको पुनःवितरण र विस्तार गरिने छ ।
४. प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बालमैत्री कक्षाकोठा व्यवस्थापन सहितको नमूना बाल विकास केन्द्रको विकास गर्ने कार्यलाई प्रोत्साहित गरिने छ ।
५. बालबालिकाहरुको मनोरञ्जन र उनीहरुको सन्तुलिन र स्वस्थकर विकासमा सहयोग पुऱ्याउनका लागि कम्तिमा प्रत्येक विद्यालयमा एउटा बाल उद्यानको स्थापना र विकास गरी सञ्चालन गरिने छ ।
५. बालविकास उमेरका बालबालिकाको आफ्ना सन्ततिहरुलाई घरायसी वातावरणलाई बालमैत्री बनाउन सन्ततीको समुन्नतिका लागि अभिभावक शिक्षा र आमा शिक्षामार्फत अभिभावकलाई जिम्मेवार बनाइने छ ।
६. बाबुआमा नभएका बालबालिकाको निम्ति विभिन्न सामाजिक संघसंस्था र मनकारी सामाजिक अभियन्ताहरुसँग सहकार्य र समन्वय गरी उनीहरुको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र

सुरक्षा जस्ता आवश्यकता परिपूर्तिको सुनिश्चितता प्रदान अभिभावकत्व ग्रहणका लागि प्रोत्साहन गरिने छ ।

७. प्रारम्भिक बालविकासका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकासलाई सन्तुलित किसिमबाट अघि बढाउनका लागि विज्ञमार्फत आवश्यक पर्ने मनोसामाजिक परामर्श सम्बन्धी तालिम सहजकर्तालाई प्रदान गरिने छ ।

८ प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिता अभिवृद्धिका लागि स्थायीस्तरमा उपलब्ध कम मूल्यका विना मूल्य र न्यून मूल्यका स्रोतसाधनको प्रयोग मार्फत शैक्षिक सामग्री उत्पादन, संरक्षण र प्रभावकारी उपयोग गरी बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको कार्यान्वयनको सुनिश्चितता गरिने छ ।

९. प्रारम्भिक बालविकासका क्षेत्रमा गरिने लगानीलाई एकद्वार प्रणालीबाट खर्च गरिने नीतिगत प्रबन्ध कार्यान्वयनमा ल्याइने छ ।

१०.प्रारम्भिक बालविकास उमेरका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण लगायत सबै किसिमका अधिकारको सुनिश्चितताका लागि अभिभावक, सरोकारवाला र आमसंचार माध्यमसँग सहकार्य गरिने छ ।

११. विद्यालयमा निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई बालमैत्री, अपाङ्गमैत्री र विपद्मा सिकाइ निरन्तरता सहित विपद प्रतिरोधी बनाउने ।

१२. बालविकास केन्द्र र पालिका स्तरमा बालविकास व्यवस्थापन समिति गठन गरिनेछ ।

१३. फरक क्षमता भएका बालबाबालिकाका लागि अलग्गै केन्द्र व्यवस्थापन गरिने छ ।

## ३.१.५. प्रमुख उपलब्धि तथा नतिजा

१.क) उपलब्धि

लक्षित उमेर समूहका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भई यसको सकारात्मक असर बालबालिकाको जीवन, घर परिवार समाज र शिक्षाको अरु तहमा समेत प्रतिबिम्वित हुनेछ ।

ख) प्रमुख नतिजाहरु

१. कक्षा १ मा प्रवेश गर्ने सबै बालबालिकाहरु प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहितका हुने ।

२. सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा तालिम प्राप्त र पेसाप्रति समर्पित, योग्य शिक्षक उपलव्ध हुनेछन ।

३. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय शिक्षा अनुकूलका पाठ्यक्रम परिमार्जन र अनुकुलनसहित कार्यान्वयन भई सेवा सुनिश्चित हुने ।

४. भौगोलिक जटिलतामा रहेका तथा अपांगता भएका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित, जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र, उद्योग, कलकारखाना तथा घुम्ती प्रारम्भिक बालविकास तथा शिक्षा कर्याक्रमका नमूनाहरुको विकास र सञ्चालन हुने ।

५. सामुदायिक र संस्थागत विद्यालयहरुमा सञ्चालनमा रहेका बालविकास तथा शिक्षा कार्यक्रमहरुमा समयावधिका हिसाबले एकरुपता कायम हुने ।
६. अनाथ बालबालिकाहरुका निम्ति स्थानीय तह र समुदायका अग्रजहरुले अभिभावकको भूमिका निर्वाह गरेको हुने ।
७. बालविकास शिक्षामा बालबालिकाहरुको टिकाउ दरमा वृद्धि हुने ।
८. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, गैरसरकारी संघसंस्था र विद्यालयहरु जिम्मेवार हुने ।
९. बालविकास तथा शिक्षा उमेरका सन्ततिका अभिभावकहरु कानुनी एवं नैतिक हिसाबले सन्ततिको शिक्षाका लागि जिम्मेवार र जवाफदेही हुने ।
१० पालिकामा रहेका सम्पूर्ण प्रारम्भिक बालविकास केन्द्रहरु न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन्
११. सबै बालबालिकाहरु नैतिकवान असल संस्कारयुक्त हुने छन ।

**नतिजा तथा परिणात्मक लक्ष्यहरु**

| क्र.स | सूचकहरु | आधारबर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | सबै बालबालिकाहरुको व्यक्तिगत फाइल भएका विद्यार्थी संख्या | ६० प्रतिशत | ८० प्रतिशत | ९० प्रतिशत | ९५ प्रतिशत | १०० प्रतिशत |
| २ | प्रारम्भिक बालविकासमा कुल भर्ना दर | ८२ प्रतिशत | ८५ प्रतिशत | ८८ प्रतिशत | ९० प्रतिशत | ९५ प्रतिशत |
| | प्रारम्भिक बालविकासमा खुद भर्ना दर | ६३.४प्रतिशत | ७० प्रतिशत | ७५ प्रतिशत | ८० प्रतिशत | ८५ प्रतिशत |
| | प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना | ७७प्रतिशत | ८० प्रतिशत | ८५ प्रतिशत | ८८ प्रतिशत | ९० प्रतिशत |
| ३ | प्रारम्भिक बालविकासमा लैङगीक समता | ०.८६ | ०.९० | ०.९४ | ०.९८ | १.० |
| ४ | प्रारम्भिक बालविकासमा सन्र्दभ र बालसामग्रीहरु | ५० प्रतिशत | ७० प्रतिशत | ८० प्रतिशत | ८५ प्रतिशत | ९० प्रतिशत |
| ५ | प्रारम्भिक बालविकासमा शिक्षक निर्देशिका | ४० प्रतिशत | ६० प्रतिशत | ८० प्रतिशत | ८५ प्रतिशत | ९० प्रतिशत |

## ३.१.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स. | शिक्षाका प्रमुख क्रियाकलापहरु | ईकाई | पाँच बर्षको भौतिक लक्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१।८२ | ८२।८३ | ८३।८४ | ८४।८५ | ८५।८६ | जम्मा |
| १ | बाल विकास शिक्षकका लागि सिकाई सामग्री निर्माण कार्यशाला | जना | ३७ | - | ३७ | | ३७ | ३ पटक |
| २ | बाल विकास कक्षामा टिभी तथा आईसीटी सामग्री व्यबस्थापन | संख्या | | १० | १५ | १२ | | ३७ |
| ३ | बाल विकास शिक्षकका लागि सिकाई सहजीकरण तालिम | जना | | ३७ | - | - | - | ३७ |
| ४ | पुनर्ताजगी तालिम | जना | - | - | ३७ | | ३७ | ३७ |
| ५ | बाल विकास अभिभावक शिक्षा कार्यक्रम | जना | - | १० | १५ | १२ | | ३७ |
| ६ | सकाहरुलाई नेतृत्व विकास, शिष्टाचार, सीप विकास, आक्रोश व्यवस्थापन, बच्चाको हेरचाह तालिम | जना | | | ३७ | | ३७ | ३७ |
| ७ | बाल विकास केन्द्रमा हरेक बर्ष शैक्षिक तथा खेल सामग्री व्यवस्थापन (प्रति बिद्यार्थी आधारमा) | कक्षा | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ८ | प्रारम्भिक बाल विकासका बिद्यार्थी बिच साप्ताहिक चित्रकला, बकृत्वकला, हिज्जे लगायतका सृजनात्मक खेल प्रतियोगिता आयोजना गर्ने । | सबै केन्द्र | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ९ | बाल विकास केन्द्रको न्यूनतम मापदण्ड स्तर निर्धारण गर्ने तथा मापदण्ड परीक्षण गरी अपुग सूचकमा मात्र सहयोग प्रणालीको विकास गर्ने । | केन्द्र | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| १० | बालविकास केन्द्रलाई छापामय बनाउने (स्वयं दृश्य सिकाईका लागि कक्षाकोठाको भित्तामा बाहिरी भाग अंक, अक्षर तथा चित्र सजावट) | केन्द्र संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ११ | समुदाय समेतको श्रम लागत सहभागितामा एक विद्यालय एक बाल उद्यान | संख्या | | १० | १५ | १२ | | ३७ |
| १२ | समुदायका अभिभावकहरुको सहयोगमा बालविकासको सजावट रंगरोगन प्रोत्साहन (हाम्रो बालबालिकाको बाल विकास कक्षा हामी सजा साझेदारी अभियान) | केन्द्र संख्या | | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| १३ | समुदायका समाजसेवी मार्फत् असहाय तथा अभिभावक विहिन बालविकासका बालबालिकाका लागि अभिभावकत्व ग्रहण गरी पढाइमा प्रोत्साहन | विद्यार्थी संख्या | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | पोषणयुक्त खाजा तयारी सम्बन्धि अभिमुखीकरण | केन्द्र संख्या | | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| १५ | छापामय कक्षाकोठा र पढाइ कुना निर्माण | केन्द्र संख्या | | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| १६ | बालबालिकाहरुको स्वास्थ्य नियमित स्वास्थ्य जाँच | केन्द्र संख्या | | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| १७ | बालबालिकाहरुको व्यक्तिगत फाइल निर्माण तथा व्यवस्थापन | केन्द्र संख्या | | ३७ | ३७ | ३७ | ३७ | ३७ |

## ३.२.आधारभूत शिक्षा

### ३.२.१ परिचय

दिगो विकासको लक्ष्यहरु, इन्चोन घोषणा (२०१५-२०३०), संयुक्त राष्ट्र, संघ, मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा २६, नेपालको संविधान २०७२ मा आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भनी उल्लेख गरिएको छ ।

विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ । यसपूर्व भएको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर हाल व्यवस्था गरिएको आधारभूत तहको शिक्षाले व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१ (१) मा यसलाई नागरिकको मौलिक हक अन्तरगत राखी आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क गरी मातृभाषामा शिक्षा दिने व्यवस्था गरेको छ ।

सबैका लागि शिक्षाको दोस्रो उद्देश्यमा बालिका, कठिन परिस्थितिमा परेका तथा सामाजिक आर्थिक, रुपले पिछडिएका जनजाति समुदायका बालबालिका लगायत सबैका लागि गुणस्तरीय निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षामा पहुँच तथा विद्यालय पूरा गर्ने अवसर सुनिश्चित गर्ने लक्ष्य राखिएको थियो । विद्यालय शिक्षा क्षेत्र योजनाले सन् २०७९-२०८८ सम्ममा आधारभूत तह (१-८) को खुद भर्ना दर शत प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । यस तहको अवधिलाई अन्तर्राष्ट्रिय स्तरमा समेत अनिवार्य र निःशुल्क गरिएको पाइन्छ ।

### ३.२.२ वर्तमान अवस्था

यस त्रिवेणी गाउँपालिका भित्र हाल कक्षा १–३ सञ्चालित ५ वटा, कक्षा १–५ सञ्चालित १३ वटा र कक्षा १–८ सञ्चालित ८ वटा विद्यालयहरु, कक्षा १ देखि १० सम्म संचालित १० वटा र कक्षा १ देखि १२ कक्षा सम्म संचालित २ वटा गरी जम्मा विद्यालयहरूको संख्या ३८ वटा रहेको छ । भने ३७ वटा प्रारम्भिक बालविकास केन्द्र संचालित रहेका छन् । आधारभूत तहमा जम्मा ४,४११ जना विद्यार्थीहरू अध्ययनरत छन् । यी आधारभूत विद्यालयहरूमा १७४ वटा स्थायी दरवन्दी रहेको छ, प्रावि स्थायी ९७, निमावि स्थायी १२ र मा.वि स्थायी १० रहेको छ, प्रावि राहत ३०, निमावि राहत १८ र मा.वि राहत २, मावि द्वितीय स्वीकृत दरवन्दी २, मा.वि द्वितीय अनुदान दरबन्दी ३ रहेका छन् । यस बाहेक अंग्रेजी, गणित र विज्ञान विषयको मा.वि.मा २९ र नि.मा.वि. १० वटा संघीय अनुदानबाट शिक्षकको व्यवस्था रहेको साथै गाउँपालिका स्रोतबाट मा.वि. तहमा ४ वटा र आ.वि. तहमा ९ वटा शिक्षण स्वयंसेवकको व्यवस्था भएको छ ।

| समस्या | कारण | असर |
|---|---|---|
| ■ आधारभूत तहमा सिकाइ उपलब्धीमा कमी ।<br>■ शैक्षिक उपलब्धी र उदार कक्षा नीति बीच सामानजस्यता हुन नसक्नु ।<br>■ दक्ष जनशक्तिको उचित प्रयोगमा अभाव र आवश्यक जनशक्ति निर्माण अभाव ।<br>■ बालमैत्रि तथा अपाङ्ग मैत्रि भौतिक पुर्वाधारको कमि ।<br>■ कमजोर विद्यार्थी मूल्यांकन पद्धति ।<br>■ वार्षिक, अर्धवार्षिक र पाठगत योजना निर्माण<br>■ उपचारात्मक शिक्षण कार्यक्रम नहुनु ।<br>■ बालमैत्री भवन तथा कक्षाकोठा नहुनु ।<br>■ सकारात्मक अभिभावकत्वको अभाव<br>■ गरिवी बढ्नु ।<br>■ अनाथ तथा अपांग बालबालिकाका लागि वैकल्पिक हेरचाहको अभाव<br>■ उमेर पार गरेका बालबालिकाका लागि खुला तथा वैकल्पिक शिक्षा प्रणालीको अभाव<br>■ गुणस्तरीय शिक्षाका लागि आवश्यक पर्ने शैक्षिक, भौतिक, आर्थिक पक्षको अभाव<br>■ स्थानीय तहबाट प्राविधिक पृष्ठपोषणयुक्त अनुगमनको अभाव | ■ पाठ्यक्रम अनुसार शिक्षण नहुनु<br>■ दक्ष जनशक्ति निर्माणका लागि आवश्यक तालिम तथा पुर्नताजगी तालिम व्यवस्थापन गर्न नसक्नु ।<br>■ आन्तरिक तथा वाह्यश्रोतको अभाव ।<br>■ पाठ्यक्रमले निर्दिष्ट गरेका मुल्याँकन पद्धतीहरुलाइ कक्षाकोठामा कार्यान्वयन नगर्नू ।<br>■ मोवाइलको दुरुपयोग ।<br>■ शिक्षक, विद्यार्थी, अभिभावक त्रिपक्षीय अन्तर सम्बन्ध न्यून हुनु<br>■ अभिभावक शिक्षाको कमि<br>■ शिक्षक विद्यार्थीको उपस्थिति कमजोर ।<br>■ प्रश्नहरुका निर्माण गर्दा विशिष्टिकरण तालिकाको प्रयोगमा कमी ।<br>■ खुला तथा वैकल्पिक शिक्षाको नीतिगत व्यवस्थापन नहुनु । | ■ दक्ष जनशक्ति उत्पादनमा कमी आउनु ।<br>■ विद्यार्थीहरुको कमजोर सिकाइ उपलब्धी र नतिजा परिणाममुखि नहुनु ।<br>■ सामुदायिक विद्यालयहरु प्रति अभिभावकहरुको लगाव कम हुदै जानु ।<br>■ शिक्षण सिकाई कृयाकलाप प्रभावकारी नहुनु ।<br>■ कमजोर तहगत शैक्षिक उपलब्धी आउनु ।<br>■ विद्यार्थीहरुको कक्षा छोड्ने दरमा वृद्धि भएर जानु ।<br>■ युवाहरुमा कुलत, कुसंस्कार तथा दुर्व्यसनी बढ्नु ।<br>■ अभिभावकहरु संस्थागत विद्यालय तर्फ आकर्षित हुनु ।<br>■ गुणस्तरीय शिक्षाको लागि स्थानीय तहमा बसाइसराइ हुनु<br>■ बालविवाह तथा बालश्रम बढ्नु ।<br>■ अनिवार्य तथा निःशुल्क शिक्षाको सूचकमा कमि |

### ३.२.३ उद्देश्यहरु

यस त्रिवेणी गाउँपालिकाको पाँच वर्षे शिक्षा क्षेत्रको योजनाको प्रस्तुत उपक्षेत्रको लक्ष्य सबैका लागि आधारभूत शिक्षालाई अधिकारका रुपमा स्थापित गर्दै बालमैत्री वातावरणमा ५ देखि १२ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरुका लागि गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गर्ने रहेको छ ।

१. आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न ।
३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्न ।
४. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउदै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न ।
५. विविधता अनुकूल र जवाफदेही विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्न ।
६. संकटपूर्ण तथा महामारीको अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अवसरको सुनिश्चित संगै सिकाइ क्षति आपूरणका लागि निरन्तर मूल्यांकन र परीक्षण गरी सिकाइमा द्रुतगति प्रदान गर्न ।
७. ५–१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको सुनिश्चितता गर्न ।
८. कक्षा १ देखि ३ अध्यापन गराउने शिक्षकहरु एकीकृत पाठ्यक्रमको बारेमा पूर्णरुपमा तालिम प्राप्त हुन ।
९. आधारभूत तहको शिक्षालाई व्यवहारिक, अनुसन्धानात्मक शिक्षण प्रक्रिया, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्न ।
१०. कक्षा १ मा भर्ना भएका सबै बालबालिकालाई कक्षा ८ सम्मको शिक्षा निःशुल्क र अनिवार्य रूपमा पूरा गराउन ।

### ३.२.४ रणनीतिहरु

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिने छ :

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न प्रदेश र संघीय सरकारसँग समेत समन्वय र सहकार्य गर्दै आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाइने छ ।
२. आफ्ना परिवारका बालबालिकालाई विद्यालयमा भर्ना नगराएमा सामाजिक बहिस्करण तथा दण्डित भइन्छ भन्ने कुरामा अभिभावकलाई सचेत गराइने छ ।
३. जनसांख्यिक बनोट र भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्सांकन गरी आवश्यकताका आधारमा विद्यालय गाभ्ने, सार्ने तथा नयाँ स्थापना गर्ने र कक्षा स्थगन जस्ता काम सम्पन्न गरिने छ ।

४. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गर्न र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहमा अध्ययन गर्ने आर्थिक रुपले विपन्न दलित, विपन्न जनजाति, विपन्न सीमान्तकृत, अनाथ, असाहय, अपांग, विपन्न द्वन्द्व पीडित तथा कठिन परिस्थितिमा रहेका अभिभावकका बालबालिकाहरुलाई छात्रवृत्ति र प्रोत्साहन कार्यक्रम सहज रुपमा उपलब्ध गराइने छ ।

५. विद्यालय सेवा क्षेत्रसम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरुको सेवा क्षेत्र निर्धारण गरी बालबालिकालाई सेवाक्षेत्र अन्तर्गतको विद्यालयमा अध्ययन गर्न प्रेरित हुने गरी सबै विद्यालयहरुमा गुणस्तर वातावरणको सुनिश्चित गरिने छ ।

६. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्यांकन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि हुने प्रणाली विकास गरिने छ ।

७. सबै आधारभूत विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित पुस्तकालय, बुक कर्नर जस्ता न्यूनतम भौतिक र शैक्षिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणको सुनिश्चितता प्रदान गरिने छ ।

८ सबै विद्यालयहरुमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने सवालमा आवश्यक लगानीको प्रबन्ध गर्न संघीय सरकार र आवश्यक समन्वयन गरी तत्सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

९. कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि बालमैत्री र प्रविधि सिकाई वातावरण निर्माण गर्दै आधारभूत सीप विकासका लागि पढाइ तथा गणितीय साथै अन्य अन्तरविषयक जीवनोपयोगी सिकाई कार्यलाई सुनिश्चित गर्ने । यसका लागि आवश्यक पर्ने प्रविधि, शिक्षक तालिम तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ ।

१०. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने र शिक्षण सस्थाहरुलाई प्रविधि सम्बन्धी सीप र साधनसहितको भौतिक पूर्वाधार सम्पन्न बनाई विद्यालयलाई बहु प्रकारका विपद्प्रति संवेदनशील बनाउने कार्यको प्रभावकारी कार्यान्वयन गरिने छ ।

११. मूल्यांकनलाई शिक्षण सिकाइको अभिन्न अंगको रुपमा प्रयोगमा ल्याउने किसिमले विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराउदै सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्यांकनसँग सम्बन्धित क्षमताको विकास गरिने छ ।

१२. विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण जस्ता कार्यक्रमहरु संघ, प्रदेश र पालिका तथा गैर सरकारी संस्था मार्फत् सञ्चालन गरिने छ ।

१३. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि हाल माध्यमिक तहमा सञ्चालन भइरहेको विद्यालय स्वास्थ्य नर्सिङ सेवालाई आधारभूत तहसम्म विस्तार गरिने छ ।

१४. तीनै तहका सरकारको सहकार्यमा अनुदानमा वृद्धि गरेर स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजा प्रबन्धलाई थप व्यवस्थित गरी विद्यालयमा दिवाखाजाको व्यवस्थापन गरिने छ ।

१५. संघीय सरकारले शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक शिक्षक दरबन्दीका आधारहरुको पुनरावलोकन गरी नपुग शिक्षक दरबन्दी सिर्जना गरी विद्यालयलाई वितरण गरिने छ ।

१६. नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक नियकाको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गरी कार्यान्वयन गरिने छ ।

१७. निश्चित समयको अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण मार्फत जवाफदेहिता सुनिश्चितताका लागि सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गरिने छ ।

१८. आधारभूत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ गर्ने वातावरण तयार गरिने छ ।

१९. सबै विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाइ सोही योजनाका आधारमा विद्यालयहरुमा स्थानीय स्रोत साधन परिचालन गरिने छ ।

२०. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरेअनुसार विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउनका लागि स्थानीय परिवेश अनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, शिक्षण विधि तथा प्रक्रियाको प्रयोग गरिने छ ।

२१. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरेअनुसार स्थानीय पेसा, व्यवसाय र प्रविधि एवं मूल्य, मान्यता, संस्कार र रीतिरिवाजहरुको संरक्षण तथा सम्वर्द्धन गर्न र बालबालिकालाई श्रमसंग एवं श्रमलाई उत्पादनसंग जोड्नका लागि एक विद्यालय एक व्यवसायको अवधारणालाई स्थानीय पाठ्यक्रम निर्माणको क्रममा समावेश गरी कार्यान्वयन गरिने छ ।

२२. तोकिएका मापदण्ड पूरा गरेका विद्यालयहरुलाई आवश्यक अनुदानको व्यवस्था गरी नमूना विद्यालयको रुपमा विकास गरिने छ ।

२३. प्रारम्भिक पठन सीप कार्यक्रमलाई प्रारम्भिक कक्षाहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि घर र विद्यालयमा पढाइ कुना निर्माण, समुदायमा घुम्ती पढाइ कक्षा सञ्चालन, स्थानीय स्तरमा परम्परागत लोककथाहरु संकलन र वाचन, स्थानीय एफ एम तथा रेडियोका आधारित सन्देशमूलक क्वीज कार्यक्रम सञ्चालन, अभिभावक र समुदायका व्यक्तिहरुको सहभागितामा पढाइ मेला आयोजना लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२४. सामुदायिक विद्यालयहरुको नियमन, अनुगमन र सुपरीवेक्षण गरी वस्तुगत प्रतिवेदन उपलब्ध गराउन र विद्यालयहरुले गरेको राम्रा अभ्यासहरुलाई अन्य विद्यालयहरुमा आदानप्रदान गर्ने प्रकृयालाई प्रभावकारी बनाइने छ ।

२५. सबै बालबालिकाहरुलाई अनिवार्य तथा निःशुल्क शिक्षा प्रदान गर्न आवश्यक वातावरण तयार गरिनेछ ।

२६. बहुकक्षा बहुस्तर शिक्षण विधिका माध्यमबाट १ देखि ५ कक्षाका विद्यालयहरुमा कक्षा संचालन गरिनेछ । साथै यो कार्यक्रमलाई कम विद्यार्थी भएका १ देखि ५ सम्म लगिने छ ।

२७. विद्यालय, प्रधानाध्यापक, विद्यालय कर्मचारी, शिक्षकलाई पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।

२८. बालविकास, विद्यालय कर्मचारी, शिक्षण स्वयंसेवकको समयानुकुल सेवा सुविधामा वृद्धि गरिनेछ ।

२९. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा लागू गरिनेछ ।

३०. पालिका र वि.व्य.स.संग प्र.अ., प्र.अ. संग शिक्षक तथा शिक्षकसंग विद्यार्थीसंग कार्य सम्पादन सम्झौता गरी कार्यान्वयन गर्ने ।

### ३.२.५ प्रमुख उपलब्धि र नतिजा

**क) उपलब्धि**

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा ५-१२ उमेर समूहका सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**ख) प्रमुख नतिजाहरु**

१. आधारभूत शिक्षा निःशुल्क र अनिवार्य रुपमा सञ्चालन भएको हुने ।

२. सबै बालबालिका गुणस्तरीय आधारभूत शिक्षाको पहुँचमा भई सहभागी भएको हुने ।

३. विद्यालयको सेवा क्षेत्र अन्तर्गतका सबै बालबालिकाहरुले सोही विद्यालयमा नै अध्ययन गरेको हुने ।

४. सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता पूरा गरी न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।

५. सबै अभिभावकहरु बालबालिकाको आधारभूत तहको शिक्षा अनिवार्य रुपले पूरा गराउनु पर्ने सवालमा सजग र जिम्मेवार भएको हुने ।

६. शिक्षकहरु पेसाप्रति पर्याप्त समर्पित, सीपयुक्त भई बालमैत्री वातावरणमा शिक्षण सिकाइ गरेको हुने ।

७. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुने ।

८. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्ध हासिल गरेको हुने ।

९. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील भएको हुने ।

१०. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग भएको हुने ।

११. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने ।

१२. विद्यालयहरु सूचना प्रविधिको उपलब्धता र उपयोगको हिसाबले सम्पन्न भएका हुने ।

१३ विद्यालय सबै हिसाबले सुरक्षित स्थलमा भएको हुने र भूकम्प लगायतका प्राकृतिक प्रकोपबाट बच्नका लागि विद्यालयमा सुरक्षित स्थलको निर्धारण गरी सोको जानकारी सबै विद्यार्थीहरुलाई हुने गरी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको हुने ।

१४. प्रारम्भिक कक्षाहरुमा कक्षा शिक्षण लागु भई कक्षा कोठाभित्र पाठयोजना अनुरुपको कक्षा संचालन भएको हुनेछ ।

१५. सबै वर्गक्षेत्र, समुदाय, अल्पसंख्यक, किशोरी, अपांगता भएका बालबालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि भएको हुनेछ ।

१६. कक्षागत रुपमा निरन्तर मूल्यांकन तथा परीक्षणहरु नियमित रुपमा सम्पन्न भएका हुनेछन् ।

१७. कक्षा १ मा भर्ना भएका बालबालिकाहरु कम्तिमा ९० प्रतिशत कक्षा ८ पास गर्नेछन् ।

१८. आधारभूत विद्यालयमा गुनासो सनुवाइ संयन्त्रको व्यवस्था र लैंगिक समानता कायम भएको हुने ।

१९. बालमैत्री तथा सिकाइमैत्री शिक्षाका लागि वातावरण निर्माण गर्नुका साथै पढ्दै कमाउदै अभियान मार्फत व्यवहारिक शिक्षामा जोड दिने ।

२०. पालिका र प्र.अ., प्र.अ. र वि.व्य.स., प्र.अ. र शिक्षक तथा शिक्षक र विद्यार्थीबीच कार्य सम्पादन सम्झौता गरी कार्यान्वयन भएको हुने ।

## नतिजा र परिणात्मक लक्ष्य

| क.सं. | सूचक | आधार वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा खुद प्रवेश दर | ८५ प्रतिशत | ८८ प्रतिशत | ९० प्रतिशत | ९५ प्रतिशत | ९८ प्रतिशत |
| २ | कक्षा १ देख ५ मा कुल भर्ना दर | ८२ प्रतिशत | ८५ प्रतिशत | ९० प्रतिशत | ९४ प्रतिशत | ९८ प्रतिशत |
| ३ | कक्षा १ देखि ५मा खुद भर्ना दर | ८० प्रतिशत | ८५ प्रतिशत | ८८ प्रतिशत | ९० प्रतिशत | ९५ प्रतिशत |
| ४ | कक्षा १ देखि ८ मा कुल भर्ना दर | ८५ प्रतिशत | ८८ प्रतिशत | ९० प्रतिशत | ९५ प्रतिशत | ९७ प्रतिशत |
| ५ | कक्षा १ देखि ८ मा खुद भर्ना दर | ८० प्रतिशत | ८५ प्रतिशत | ८८ प्रतिशत | ९० प्रतिशत | ९५ प्रतिशत |
| ६ | एकीकृत पाठ्यक्रम सम्बन्धि तालिम प्राप्त शिक्षक | ५० प्रतिशत | ६० प्रतिशत | ७५ प्रतिशत | ८५ प्रतिशत | ९० प्रतिशत |
| ७ | कक्षा सिकाइका लागि सर्न्दभ सामग्री | ६० प्रतिशत | ७५ प्रतिशत | ८० प्रतिशत | ८५ प्रतिशत | ९० प्रतिशत |
| ८ | शिक्षकहरुका लागि शिक्षक निर्देशिका | ५० प्रतिशत | ७० प्रतिशत | ८५ प्रतिशत | ९० प्रतिशत | ९५ प्रतिशत |
| ९ | स्थानयि पाठ्यक्रम निमार्ण र कार्यन्वयन | निर्माणको क्रममा | भएको | भएको | भएको | भएको |
| १० | कक्षा शिक्षण कार्यक्रम कार्यान्वयन | कम लागू भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | पाठयोजना निर्माण र कार्यान्वयन | कम भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १२ | मासिक मूल्यांकन र थप सहयोग | कम भएको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | उत्कृष्ट विद्यार्थी तथा शिक्षक प्रोत्साहान | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ३.१.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | शिक्षाका प्रमुख क्रियाकलापहरु | ईकाई | पाँच वर्षको भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१।८२ | ०८२। | ०८३। | ०८४।८५ | ०८५।८६ | जम्मा |
| १ | सम्पूर्ण आधारभूत विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापन | वटा | १० वटा | २० वटा | २६ वटा | २६ वटा | २६ वटा | २६ वटा |
| २ | पोषणयुक्त दिवा खाजा व्यवस्थापन | वटा | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| ३ | कक्षा १ -५ मा स्मार्ट बोर्ड तथा टेलिभिजनको व्यवस्था | वटा | ५ | ८ | १२ | १८ | २८ | ३८ |
| ४ | आधारभूत शिक्षक तालिमको व्यवस्था | पटक | ० | २० | ५० | ७० | ९० | १०० |
| ५ | वि.व्य.स. तालिमको व्यवस्था | पटक | ० | २० | ५० | ७० | ९० | १०० |
| ६ | स्थानीय पाठ्यक्रम निर्माण/ प्रबोधीकरण | पटक | १ | १०० | १०० | १०० | १०० | १०० |
| ७ | कक्षा १-८ अंग्रेजी माध्यमको सञ्चालन | वटा | २ वटा | ३ | ५ वटा | ६ | ७ | ७ |
| ८ | बालमैत्री वडा घोषणा कार्यक्रम | वडा | ० | १ वटा | ३ | ५ | ७ | ७ |
| ९ | अन्तर विद्यालय अनुभव आदानप्रदान कार्यक्रम (प्रत्येक विद्यालय नछुटाइ) | वटा | ५ | ८ | १० | १५ | २० | २० |
| १० | अतिरिक्त क्रियाकलाप प्रतियोगिता | | साप्ताहिक | साप्ताहिक | साप्ताहिक | साप्ताहिक | साप्ताहिक | नियमित |
| ११ | पुस्तकालय तथा बुक कर्नर व्यवस्था | वटा | ५ वटा | ८ वटा | १० वटा | १५ | २० | २० |
| १२ | अन्तर वडा र पालिका स्तरीय पढाइ मेला र प्रतियोगिता | पटक | | १ | १ | १ | १ | ४ |
| १३ | विद्यार्थी भर्ना (अभियान) कार्यक्रम | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबैमा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | आधारभूत विद्यालयहरुमा न्यूनतम भौतिक पूर्वाधार विकास (कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजाघर) | संख्या | सबै २ | सबै २ | सबै २ | सबै २ | सबै २ | १० |
| १५ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन | पटक योजना | १ | - | १ | - | १ | ३ योजना |
| १६ | आधारभूत तहका प्रधानाध्यापक, शिक्षक, तथा विद्यालय कर्मचारीहरुलाई नेतृत्व विकास, बालमैत्री व्यवहार, तथ विषयगत सिकाई सीप, लेखा व्यवस्थापन तालिम | जना | | २६ | २६ | २६ | २६ | २६ |
| १७ | आधारभूत तहका विद्यालयहरुको रंगरोगन तथा मर्मत संहार | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ |
| १८ | समुदाय समेतको श्रम लागत सहभागितामा एक विद्यालय एक हरित बगैचा | संख्या | ० | ३ | ३ | ३ | ३ | १२ |
| १९ | माध्यमिक तहमा सञ्चालित विद्यालय नसिङ्ग स्वास्थ्य कार्यक्रमलाई साप्ताहिक घुम्ती सेवा सञ्चालन गरी आधारभूत तहसम्म विस्तार गर्ने । | पटक | १ | २ | ४ | ५ | १० | १० |
| २० | शिक्षा योजनाको प्रभावकारी प्रतिफल प्राप्तिका लागि अनुगमन पद्धति र संयन्त्रको विकास तथा कार्यान्वयन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २१ | वस्तुगत तथा उपलब्धिमूलक अनुगमन एव मूल्याङ्कन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २२ | विद्यालय तथा शैक्षिक संस्था र कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २३ | शैक्षिक कार्यक्रमहरुको अर्धवार्षिक तथा वार्षिक समीक्षा गरी प्रतिवेदन प्रस्तुत गर्ने | पटक | | २ | २ | २ | २ | ८ |
| २४ | वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयारी, प्रस्तुती तथा सम्प्रेषण गर्ने | पटक | | २ | २ | २ | २ | ८ |
| २५ | क्रमशः कक्षा ३,५,८ र १० को विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | | १ | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६ | विद्यालयको कार्यसम्पादन परीक्षण गरी थप सुधारका योजना बनाई कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २७ | शिक्षा योजनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गर्ने मानव संसाधनको क्षमता विकास गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २८ | विद्यालयको सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २९ | विद्यालयको लेखा परीक्षण चुस्त दुरुस्त र पारदर्शी बनाउनका समयमै लागि लेखापरीक्षण गरी सार्वजनिक सुनुवाई गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३० | हरेक शैक्षिक क्रियाकलापहरुको प्रमाणमा आधारित मूल्याङ्कनका लागि अभिलेखिकरण गर्ने पद्धतिको विकास गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३१ | स्थानीय तहबाट विद्यालयको कक्षा अवलोकन तथा अनुगमन गरी थप सुधारका लागि पृष्ठपोषण र आवश्यक सहयोग प्रदान गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ३.३. माध्यमिक शिक्षा

## ३.३.१ परिचय

शिक्षा ऐन २०२८ (संसोधनसहित) ले विद्यालय शिक्षाको पुनःसंरचना गरेर कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनी परिभाषित गरेको छ। त्यस्तै नेपालको संविधान २०७२ ले मौलिक हक अन्तर्गत माध्यमिक तहको शिक्षा निःशुल्क हुने उल्लेख गरेको छ। साथै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ले प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने व्यवस्था उल्लेख गरेको छ। श्रमप्रति सकारात्मक भावना भएका सीपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, प्राविधिक तथा व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि. स. २०७७ बाट प्रारम्भ भएको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशिलता रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सीपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

## ३.३.२ वर्तमान अवस्था

शैक्षिक तथ्यांक २०८१ अनुसार यस त्रिवेणी गाउँपालिकामा कक्षा ९-१० सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयहरु १२ वटा र त्यस मध्ये कक्षा ११-१२ सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयहरु २ वटा रहेका छन्। संस्थागत विद्यालयहरु नभएको अवस्था छ। त्यसैगरी माध्यमिक तह कक्षा ९-१० मा अध्ययनरत विद्यार्थीहरुको संख्या १ हजार २ सय ५ र कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरुको संख्या ३ सय ३८ गरी जम्मा १ हजार ५ सय ४३ विद्यार्थीहरु अध्ययनरत रहेका देखिन्छन्।

गाउँपालिकामा माध्यमिक तहमा स्थायी, अस्थायी, राहत अनुदान, संघीय शिक्षण सिकाई अनुदान र गाउँपालिकाबाट राखिएका शिक्षण स्वयंसेवक गरी कक्षा ९-१२ मा ५२ जना शिक्षकहरु कार्यरत रहेका छन्। यस गाउँपालिकामा शिक्षक विद्यार्थी अनुपात कक्षा ९-१० मा १ शिक्षक बराबर २८ विद्यार्थी र कक्षा ११-१२ मा १ शिक्षक बराबर ६८ विद्यार्थी रहेको छ। लामो समयदेखि नै विद्यालय र शिक्षकको क्षमता विकासलाई गुणस्तरीय शिक्षाको मुख्य आधारका रुपमा व्याख्या गरिदै आएको छ। शैक्षिक संस्था भित्र सिकाइ संस्कार विकास गर्नु पर्छ भनेर बहस र पैरवीसमेत हुँदै आएको छ। विज्ञान शिक्षा परियोजना तथा माध्यमिक शिक्षा विकास परियोजनादेखि हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमसम्म क्षमता विकासले प्राथमिकता पाएको छ। कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, शिक्षकलाई पेसागत तालिम र अध्ययनको अवसर, प्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम जस्ता पक्षमा काम पहिले जिल्ला शिक्षा कार्यालय हुदाको अनुपातमा

घटेको अनुभव हुदैछ । प्रधानाध्यापकको पद प्रशासनिक प्रकृतिको हुनुपर्छ भन्ने शिक्षा नीति तय गरिए पनि कार्यान्वयन भएको छैन ।
संघीय संरचनाअनुसार तीनओटै तहबाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भएतापनि माध्यमिक तहसम्मको शिक्षा मूलतः स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । शिक्षा विकाससंग सम्बन्धित संरचनाहरु पनि सोहीअनुसार बन्ने क्रममा छन् । शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा सेवाका कर्मचारी रहने व्यवस्था छ। शिक्षकको पेसागत तालिमका लागि प्रदेश सरकार अन्तर्गत तालिम केन्द्रहरु छन् । शिक्षकका केही पेसागत संगठनहरु तथा विभिन्न गैरसरकारी संघ संस्थाले पनि विभिन्न किसिम र समयावधिका क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् ।

| समस्या | कारण | असर |
|---|---|---|
| ▪ एसईई तथा एसएलसी (कक्षा १२)मा विद्यार्थीको उत्तीर्ण दर न्यून हुनु । | ▪ अभिभावक शिक्षाको अभाव, तालिम प्राप्त र विषयगत शिक्षकको अप्रयाप्तता, प्रविधिमैत्री शिक्षण सिकाई क्रियाकलापको प्रयोग र कार्यन्वयनमा कमी , विद्यार्थीको उपस्थितिमा कमि । | ▪ उच्च शिक्षा हासिल गर्ने विद्यार्थीको दरमा कमि हुनु, अपेक्षित नतिजा प्राप्त हुन नसक्नु । |
| ▪ उच्च शिक्षा हाँसिल गर्ने विद्यार्थी दर न्यून हुनु । | ▪ वैदेशिक रोजगार तर्फ आकर्षण, सीपमूलक तथा व्यवसायिक शिक्षाको अभाव । | ▪ बिचैमा कक्षा छोड्ने विद्यार्थीको दर वृद्धि । |
| ▪ शिक्षालाई उपलब्धीमूलक, व्यवहारिक र काम काजी गराउन नसक्नु । | ▪ व्यवहारिक तथा व्यवसायिक शिक्षा प्रदान गर्न नसक्नु । | ▪ दक्ष जनशक्ति उत्पादन नहुनु । |
| ▪ राष्ट्रका लागि आवश्यक जनशक्तिको अभाव तथा व्यवस्थापन हुन नसक्नु । | ▪ विद्यार्थीहरुले टि.भि. तथा मोवाईलको अत्याधिक दुरुपयोग ।<br>▪ विषयगत शिक्षकको अभाव । | ▪ पढाइप्रति वितृष्णा जाग्नु र वैदेशिक रोजगारीमा अभिवृद्धि हुनु । |
| ▪ सम्बन्धित निकायबाट अनुगमन मूल्यांकन र पृष्ठपोषणमा कमी हुनु । | ▪ सम्बन्धित निकायको नीति तथा कार्यक्रम अनुरुप कार्यान्वयनमा अप्रयाप्तता । | ▪ विद्यार्थीको उत्तीर्ण दरमा कमी, शिक्षकहरुमा नैरास्यता तथा शिक्षकहरुको सक्रियतामा कमी । |

| | | |
|---|---|---|
| ▪ बाल, अपाङ्ग र छात्रामैत्री भौतिक पूर्वाधारहरुको व्यवस्थापन कमी हुनु । | ▪ नीति योजना र बजेटको अप्रयाप्तता । | ▪ विद्यार्थीहरु विद्यालय छाड्ने, अनियमित उपस्थिति हुने र स्थानान्तरण हुने प्रकृया बढ्नु । |
| ▪ माध्यमिक शिक्षा पूरा गर्ने दरमा कमी आउनु | ▪ तल्लो कक्षा बाट अपेक्षित शैक्षिक उपलब्धी हासिल नगरेर कक्षा चढाउनु | ▪ विद्यार्थीहरु विद्यालय छोड्ने, वेरोजगार हुने र कुलतमा लाग्न सक्ने । |
| ▪ कक्षा ११ को भर्ना दरमा कमी हुनु । | ▪ विद्यार्थीहरुको सहर प्रतिको आकर्षण, गुणस्तरीय शिक्षामा विश्वासनियताको अभाव साथै प्रयाप्त प्राविधिक विषय शिक्षणको अभाव । | ▪ कक्षा ११-१२ मा विद्यार्थी संख्या कमी भई विद्यालय सञ्चालन गर्नमा समस्या उत्पन्न हुनु । |

### ३.३.३ उद्देश्यहरु

१. अभिभावक शिक्षा कार्यक्रम सञ्चाल, तालिम प्राप्त विषयगत दक्ष शिक्षकको व्यवस्था, प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलापको प्रयोग र विद्यार्थीको उपस्थिति दरमा वृद्धि साथै गुणस्तरीय शिक्षा प्रदान गरी विद्यार्थी उत्तीर्ण दर बढाउनु ।
२. माध्यमिक शिक्षामा कुल भर्ना दर घटाई खुद भर्ना दर तथा टिकाउ दर वृद्धि गर्नु ।
३. विद्यालयहरुलाई भौतिक पूर्वाधारले सम्पन्न गर्दै सुरक्षित विद्यालय बनाई शैक्षिक वातावरण बालमैत्री, समावेशी प्रकारको बनाउनु ।
४. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेहीतामा वृद्धि गर्नु ।
५. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र अन्तरसम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
६. माध्यमिक शिक्षालाई सिक्दै कमाउदैको अवधारणा अनुरुप विद्यार्थीहरुमा आत्मनिर्भरता र श्रमप्रति सम्मान गर्ने बानीको विकास गर्नु ।
७. माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरुलाई दैनिक जीवन, रोजगारी र निरन्तर सिकाइका लागि तयार गर्नु ।

### ३.३.४ रणनीतिहरु

१. निःशुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरुको क्षमता विकास गरिने छ ।

२. माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउन विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

३. विद्यालयहरुलाई भौतिक पूर्वाधारयुक्त बनाई शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित निर्माण गरिने छ ।

४. नतिजाप्रतिको जवाफदेशिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा संघीय संरचना अनुकूल सुधार गरिने छ । साथै शासकीय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेहीतामा वृद्धि गरिने छ ।

५. माध्यमिक शिक्षालाई सिक्दै कमाउदैको अवधारणा अनुरुप एक विद्यालय एक उद्यम विकास कार्यक्रम मार्फत विद्यार्थीहरुमा आत्मनिर्भरता र श्रमप्रति सम्मान गर्ने बानीको विकास गरिने छ ।

६. शिक्षक विद्यार्थी प्रोत्साहनका कार्यक्रममा जोड दिईनेछ ।

७. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र अन्तरसम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ ।

८. गरिब तथा विपन्न परिवारका विद्यालय छोड्न सक्ने सम्भावना भएका कक्षा ८ उत्तीर्ण विद्यार्थीलाई कक्षा ९-१२ मा भनाई भई माध्यमिक शिक्षा पूरा गराउन सहयोग पद्धतिको विकास गरिने छ । यसका लागि आवश्यकतामा आधारित छात्रवृत्ति प्रदान गरी न्यून आर्थिक सामाजिक पृष्ठभूमि भएका विद्यार्थीको माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गरिने छ ।

९. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गरी डिजिटल डिभाईड कम गरिने र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइने छ ।

१०. गाउँपालिका प्रतिभाशाली विद्यार्थीलाई योग्यताका आधारमा माध्यमिक शिक्षा अध्ययन गर्नका लागि सहयोग प्रदान गर्ने कार्यक्रमको थालनी गरिने छ ।

११. गाउँपालिकाले विकास साझेदार र संघ एवम् प्रदेश सरकारसँग सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिने छ ।

१२. विद्यालय सबै हिसाबले सुरक्षित स्थलमा रहनु पर्ने र भूकम्प लगायतका प्राकृतिक प्रकोपबाट बच्नका लागि विद्यालयमा सुरक्षित स्थलको निर्माण गरी सोको जानकारी सबै विद्यार्थीहरुलाई हुने गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

१३. स्टिम शिक्षाका माध्यमबाट विद्यालय शिक्षादेखि नै विज्ञान, प्रविधि, इन्जिनियरिङ, र गणित शिक्षा जस्ता विषयहरुको सिकाइ अन्तरसम्बन्धि गरिने छ ।

१४. प्रदेश सरकारको समन्वयमा सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहित विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिने छ ।

१५. विद्यालयमा रचनात्मक किसिमले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी बालमैत्री वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्न इच्छुक विद्यालयहरुलाई उनीहरुको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गरिने छ ।

१६. माध्यमिक विद्यलायमा सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रअलाई उत्तरदायी बनाइने छ ।

१७.संघीय सरकारको शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरबन्दीका आधारहरुको पुनरावलोकन गरी निर्धारण गरिएको शिक्षक दरबन्दीको आवश्यकता अनुसार पुनःवितरण, समायोजन तथा थप गर्नका लागि आवश्यक नीति नियम बनाई कार्यान्वयन गरिने छ ।

१८. बालबालिकाको सिकाइ उपलब्धि सुधारका निम्ति जिम्मेवार हुनका लागि अभिभावकलाई आवश्यक कानुन र सहजीकरणमार्फत अभिप्रेरित गरिने छ । साथै न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्यांकन गर्ने प्रणालीको विकास गरिने छ ।

१९. विद्यार्थी मूल्यांकनलाई शिक्षण सिकाइकै अभिन्न अंगको रुपमा प्रयोगमा ल्याई विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराएर सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्यांकनसँग सम्बन्धित क्षमता विकास गरि विद्यार्थी मूल्यांकन तथा परीक्षा पद्धतिमा सुधार गरिने छ ।

२०. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरिने छ । साथै सुधारका क्षेत्र पहिचान गरी सुधारका लागि कार्यक्रम सञ्चालन गरिने छ ।

२१. माध्यमिक विद्यालयहरुलाई नियमन एवम् पुरस्कृत गर्न संघ र प्रदेशसँग समन्वय गरी उत्तरदायित्व र कार्यसम्पादन परीक्षण पद्धति लागु गरिने छ ।

२२. तोकिएका मापदण्ड पुरा गरेको वा गर्नुपर्ने प्रावधानका आधारमा माध्यमिक विद्यालयहरुलाई नमूना विद्यालय, वृहत विद्यालय(बिग स्कुल) को रुपमा विकास गरिने छ ।

२३. शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संघ संस्था, सहकारी र अन्य सामुदायिक संस्थाहरुसँगको समन्वय र साझेदारीमा माध्यमिक शिक्षाको पहुँच गुणस्तर र सान्दर्भिकतामा सुधार हुने गरी विद्यालयको आवश्यकता अनुसार कार्यक्रमहरुको तय गरी सञ्चालन गरिने छ ।

२४. विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई नियमित गरी विद्यालय र गाउँपालिका स्तरबाट प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गर्न सहजीकरण गरिने छ ।

### ३.३.५. प्रमुख उपलब्धि तथा नतिजा

१. एसइइ र कक्षा १२ को बार्षिक परीक्षा नतिजामा कम्तिमा हालको भन्दा २० प्रतिशत नजिता सधारिएको हुनेछ ।

२. नि.शुल्क, समावेशी र समतामूलक शिक्षामा अपांगता, विपन्न, अल्पसंख्यक तथा पिछडिएका वर्गक्षेत्र, लिङ्ग सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।

३. माध्यमिक शिक्षामा सबै तह र वर्ग समुदायका बालबालिकाको पहुँच सुनिश्चित भई गाउँपालिका र समग्र मुलुकको आवश्यकता अनुसार सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ ।

४. शिक्षण सिकाइ क्रियाकलापहरुमा सृजनशील नविनतम् प्रयोग गरी उपलब्धिमा सुधार गर्ने विद्यालय, शिक्षक र विद्यार्थीहरु सम्मानित र पुरस्कृत भएको हुने ।
५. सबै माध्यमिक विद्यालयले न्यूनतम आधारभूत मापदण्ड पूरा भएको हुने ।

## नतिजा र परिणात्मक लक्ष्य

| क्र.स | सूचकहरु | आधार बर्ष ०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८४ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा ९ र १० को कुल भर्ना दर | ६६.८% | ६८.२% | ६९.९% | ७१.२% | ७२.७% |
| २ | कक्षा ९ र १० खुद भर्ना दर | २९.९ % | ३२.२ % | ३४.६ % | ३७.३ % | ४०.१ % |
| ३ | कक्षा ११ र १२ को सहजै देखीने कुल भर्ना दर | ५४.७ % | ५७.२ % | ५९.८ % | ६५.५ % | ६५.३ % |
| ४ | कक्षा ११ र १२ खुद भर्ना दर | २५.८ % | २८.२ % | ३०.७ % | ३३.५ % | ३६.५ % |
| ५ | कक्षा ९ देखि १२ कुल भर्ना दर | ६०.७ % | ६३.७ % | ६७.१ % | ६९.८ % | ७० % |
| ६ | कक्षा ९ देखि १२ खुद भर्ना दर | २७.८ % | ३१ % | ३४.७ % | ३५.४ % | ३८.३ % |
| ७ | कक्षा १० को एस.इ.इ.उत्रिण प्रतिशत | २५ % | ५० % | ७५ % | ८० % | ८५ % |
| ८ | STEAM Education अभिमुखिकरण | | १ पटक | २ पटक | २ पटक | २ पटक |

स्रोतः EMIS

## ३.३.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | शिक्षाका प्रमुख क्रियाकलापहरु | ईकाई | पाँच वर्षको भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| १ | माध्यमिक विद्यालय थप, मर्ज तथा कक्षा स्थगतका लागि सामुदायिक नक्साङ्कन | पटक | १ | - | - | - | - | १ |
| २ | माध्यमिक तहका विद्यालय बाहिर रहेका, कक्षा छाडेको, बाल बिबाह गरेर पढ्न आउन धक मानेका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने खोज कार्य । | संख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | माध्यमिक विद्यालयहरुमा न्यूनतम भौतिक पूर्वाधार विकास (कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजाघर) | संख्या | २ | २ | २ | २ | ३ | १२ |
| ४ | सिकाईका लागि सूचना प्रविधिको प्रयोगमा वृद्रि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | संख्या | १२ मध्ये नपुगमा | १२ मध्ये नपुगमा | १२ मध्ये नपुगमा | १२ मध्ये नपुगमा | १२ मध्ये नपुगमा | १२ मध्ये नपुगमा |
| ५ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन | पटक योजना | १ | - | - | - | - | १ योजना |
| ६ | माध्यमिक तहका प्रधानाध्यापक, शिक्षक, तथा विद्यालय कर्मचारीहरुलाई नेतृत्व विकास, बालमैत्री व्यवहार, तथ विषयगत सिकाई, सीप, लेखा व्यवस्थापन तालिम | जना | २० | २० | २० | २० | २० | १०० |
| ७ | शिक्षकलाई पेशागत सीपवृद्धिका लागि अध्यापनमा बाधा नपर्ने गरी उच्च शिक्षा अध्ययन तथा अनुसन्धानमा लाग्ने शिक्षकलाई प्रोत्साहन छात्रवृत्तिको व्यवस्थाको सुनिश्चिता सहयोग | जना | २ | २ | २ | २ | २ | १० जना |
| ८ | विद्यार्थी बिच साप्ताहिक वकृत्वकला, हिज्जे, हाजिरीजवाफ, निवेदन लेखन लगायतका | संख्या | १२ | १२ | १२ | १६ | १२ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सृजनात्मक अतिरिक्त क्रियाकलाप प्रतियोगिता आयोजना गर्ने । | | | | | | | |
| ९ | माध्यमिक तहका विद्यालयहरुको न्यूनतम मापदण्ड स्तर निर्धारण गर्ने तथा मापदण्ड परीक्षण गरी अपुग सूचकमा मात्र सहयोग प्रणालीको विकास गर्ने । | पटक | १ | - | - | - | - | १ पटक |
| १० | माध्यमिक तहका विद्यालयहरुमा विद्यार्थी, शिक्षक र अभिभावकको सहयोगमा एक विद्यालय एक उद्यम कार्यक्रम मार्फत् विद्यालय आत्मनिर्भर कार्यक्रम सञ्चालन | संख्या | २ | २ | २ | ३ | ३ | १२ |
| ११ | समुदाय, विद्यार्थी र शिक्षक समेतको समेतको श्रम लागत सहभागितामा एक विद्यालय एक हरित बगैचा तथा बाल उद्यान निर्माण | संख्या | १ | २ | ३ | ३ | ३ | १२ |
| १२ | कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणालीलाई शिक्षण सिकाई प्रकृयामा एकीकृत गरी सिकाई सुधारमा प्रयोग गर्ने गरी कार्यान्वयन | संख्या | २ | १ | ३ | ३ | ३ | १२ |
| १२ | विपन्न विद्यार्थीका लागि प्रा लगायतमा छात्रवृत्ति तथा छात्रा, भएका, दलित समुदायका विद्य शिक्षामा छात्रवृत्ति | जना | आवश्यक सबैलाई | आ सबैलाई | आ सबैलाई | आ सबैलाई | २ | १० |
| १३ | समुदायका समाजसेवी, राजनीतिकर्मी मार्फत असहाय तथा अभिभावक विहिन बालविकासका बालबालिकाका लागि अभिभावकत्व ग्रहण गरी पढाईमा प्रोत्साहन | बिद्यार्थी संख्या | भएमा | विपन्नको हकमा | भएमा | भएमा | भएमा | आवश्यक भएकालाई |
| १४ | डिजिटल/ई लाईब्रेरी स्थापना तथा कक्षाकोठामा अडियो भिजुअल सामग्री पढाइका लागि ईन्टरएक्टीभ बोर्ड जडान तथा अन्य प्रविधि | विद्यालय संख्या | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मैत्री सामग्रीहरु टेलिभिजन, कम्प्युटर र ईन्टरनेट आदिको व्यवस्थापन | | | | | | | |
| १५ | समुदाय समेतको लागत सहभागितामा विद्यालयमा मापदण्ड अनुसारका अपुग माध्यमिक शिक्षकको व्यवस्थापन (अपुग कति हो वैज्ञानिक मापदण्डबाट एकीन गर्ने) | दरबन्दी अपुगको हकमा | | | | | | |
| १६ | माध्यमिक तहको सिकाइ क्रियाकलापलाई प्रयोगात्मक, व्यवहारमुखी तथा स्थानीय शैक्षिक सामग्रीको प्रयोगमुखी बनाउने कार्यमा समुदायका संघसंस्था तथा तथा गैसससंग साझेदारीमा विद्यार्थी सहकार्यमा बाल तथा हरित बगैचा निर्माण | विद्यालय संख्या | २ | २ | २ | २ | ३ | १२ |
| १७ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इञ्जीनियरिङ, कला, गणित विषयको अध्ययनलाई कम्प्युटर विषयका माध्यमबाट अन्तरसम्वन्धित गराउन सबै विद्यालयलाई समेट्ने | विद्यालय संख्या | २ | ३ | २ | ३ | २ | १२ |
| १८ | सूचना प्रणालीलाई व्यवस्थित गराई शिक्षकहरुलाई अनलाईन मिटिङ र रिर्पोटिङमा अभ्यस्त गराउने | विद्यालय संख्या | १२ | १२ | १२ | १२ | १२ | १२. |
| १९ | अनलाईन मार्फत प्रधानाध्यापक तथा शिक्षकहरुलाई पेशागत सहयोग तथा अभिमुखीकरणको व्यवस्था | विद्यालय संख्या | १२ | १२ | १२ | १२ | १२ | १२. |
| २० | माध्यमिक तहमा सञ्चालित विद्यालय नसिङ्ग स्वास्थ्य कार्यक्रमलाई उपचारात्मकका साथै कार्यविधि सुधार गरी निरोधात्मक स्वास्थ्य तथा सरसफाई कक्षा सञ्चालनमा समेत उपयोग गर्ने व्यवस्था गर्ने । | विद्यालय संख्या | १२ | १२ | १२ | १२ | १२ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | बिग स्कुल (बृहत स्कुल) अवधारणामा केही विद्यालयलाई भौतिक तथा शैक्षिक पूर्वाधार सम्पन्न गराउने | विद्यालय संख्या | - | १ | - | - | १ | २ |
| २२ | सिकाई उपलब्धी परीक्षण कार्यविधि बनाई लागु गर्ने तथा माध्यमिक तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | विद्यालय संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |

## ३.४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम

### ३.४.१ परिचय

प्राविधिक तथा व्यवसायिक शिक्षा श्रम सीप रोजगारी र उत्पादनसँग प्रत्यक्ष रुपमा जोडिएको हुन्छ । यो शिक्षा आजको अपरिहार्य शिक्षा बनिरहेको छ । त्यसैले प्राविधिक र व्यवसायिक शिक्षालाई प्राथमिकता दिएर कार्यान्वयन गरे मात्र मुलुकको समुन्नति सम्भव छ । यस कुरालाई मनन गरी संघ प्रदेश र स्थानीय सरकारले प्राविधिक शिक्षाको विस्तारलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेका पनि छन् । यसको विस्तार प्रत्येक स्थानीय तहसम्म हुन सके सीपयुक्त दक्ष जनशक्ति उत्पादन गरेर स्वदेशमै रोजगार एवम् स्वरोजगारका अवसरहरु सिर्जना गर्दै कामका लागि विदेश जाने युवाहरुलाई स्वदेशमै आत्मनिर्भर बनाउने लक्ष्य पूरा हुने देखिन्छ ।

शिक्षालाई सीपसंग, सीपलाई रोजगारी र उत्पादनसंग र उत्पादनलाई बजारसंग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न आवश्यक छ । विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षाले नागरिकलाई जीवन निर्वाह गरेर खान सक्ने आधारभूत व्यवसायिक सिप र दक्षता सहितको श्रम शिक्षा दिन जरुरी छ । माध्यमिक तहको शिक्षाको उत्पादन कम्तिमा पनि स्थानीय स्तरमा उपलब्ध श्रोत साधनमा आधारित व्यवसायिक सीप र उद्यमशीलताको माध्यमबाट श्रम गरेर जीवनयापन र आयआर्जनमा संलग्न भई आत्मनिर्भर र स्वावलम्बी बन्न सक्ने हुनुपर्छ ।

### ३.४.२ वर्तमान अवस्था

नेपालमा हाल विभिन्न १२ ओटा विषयगत मन्त्रालयहरुले प्राविधिक शिक्षा र सीपमूलक तालिमसंग सम्बन्धित रोजगारमूलक तथा स्वरोजगार सिर्जना गर्ने कार्यक्रमहरु सचालन गर्दै आएका छन् । यसमध्ये पनि ६ ओटा मन्त्रालयहरु (कृषि तथा पशुपंक्षी विकास, संस्कृति, पर्यटन तथा नागरिक उड्यन, शिक्षा, विज्ञान तथा प्राविधि र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्रम तथा रोजगार र उद्योग तथा बाणिज्य) ले मुख्यरुपमा प्राविधिक शिक्षा र तालिमका कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ । त्रिवेणी गाउँपालिकाको अरनिको माध्यमिक विद्यालय नुवागाउँमा बाली विज्ञान विषयको प्राविधिक धारको विषय अध्यापन भइरहेको उक्त विषय अध्ययनका लागि त्रिवेणी गाउँपालिका भित्रका सातै वटा वडाबाट वर्षेनी २ जनाका दरले १४ जना विद्यार्थीहरुलाई निःशुल्क प्राविधिक शिक्षा प्रदान भइरहेको छ । साथै विद्यार्थीहरुमा सीप विकास, श्रम प्रति अभिप्रेरित गर्ने स्वरोजगार भावना विकास गर्नका लागि गाउँपालिका भित्रका १० विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन र सो को लागि सिड मनिको पनि व्यवस्था गरिएको छ ।

| समस्या | कारण | असर |
|---|---|---|
| ▪ पूर्वाधार तथा दक्ष जनशक्तिको अभाव ।<br>▪ विद्यार्थी र अभिभावकको प्राविधिक तथा व्यवसायिक शिक्षाको रुचिमा कमि । | ▪ आर्थिक अभाव तथा स्थानीय दक्ष जनशक्ति नहुन।<br>▪ प्राविधिक तथा व्यवसायिक शिक्षाको ज्ञानको अभाव । | ▪ प्रशिक्षणमा समस्या ।<br>▪ न्यून विद्यार्थी भर्ना ।<br>▪ स्थानीय तहमा प्राविधिक उच्च शिक्षा प्राप्त गर्नबाट बञ्चित । |

| | | |
|---|---|---|
| ▪ यस गाउँपालिकामा उच्च शिक्षा सञ्चालित एक मात्र नव नेपाल क्यापस जुगारमा प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन नहुनु ।<br>▪ प्राविधक शिक्षामा भर्नादरमा कमी भई विद्यालय बन्द हुने अवस्थामा हुनु<br>▪ प्राविधिक जनशक्तिको अभाव | ▪ आर्थिक तथा प्राविधिक व्यवस्थापन अभाव ।<br>▪ महंगो हुनु र आर्थिक अभाव हुनु,<br>▪ दक्ष जनशक्तिको अभाव<br>▪ भर्नादरमा कमी<br>▪ नियमानुसार सेवासुविधाको कमी<br>▪ स्थानीयस्तरमा जनशक्ति नुहुनु ।<br>▪ छिटो प्रतिफल नपाउनु, | ▪ दक्ष प्राविधिक उत्पादन नहुनु,<br>▪ स्थानीय क्षेत्रमा आवश्यक जनशक्ति नहुनु,<br>▪ |

### ३.४.३ उद्देश्यहरु

१. यस त्रिवेणी गाउँपालिकाको स्रोत साधन र सम्भाव्यतामा आधारित उद्योग, व्यवसाय र रोजगारी मार्फत् गाउँ र गाउँवासीको आर्थिक विकास र समृद्धिमा सहयोग गर्नु ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई व्यापक विस्तार गरी समावेशी एवं समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि प्राविधिक विषयका योग्य विज्ञहरु, सक्षम सीपयुक्त र उद्यमशील जनशक्ति तयार गर्नु ।
३. प्राविधिक र व्यावसायिक शिक्षा मार्फत सीपयुक्त, स्वरोजगार र आत्मनिर्भरताका साथै देश र नागरिकप्रति समर्पित र इमान्दार जनशक्ति उत्पादन गर्नु ।
४. श्रमप्रति सम्मान गर्ने भावना र श्रम गर्ने संस्कारमा अभिवृद्धि गर्दै शिक्षालाई सीप, सीपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार तथा समृद्धिसँग आबद्ध गर्नु ।
५. प्राविधिक, व्यावसायिक र सीपमूलक शिक्षामार्फत आयआर्जन र रोजगारीका अवसरमा वृद्धि गरी उच्च शिक्षाको अवसर प्रदान गर्नु ।

### ३.४.४ रणनीतिहरु

१. प्राविधि तथा व्यवसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरुको सहभागिता एवं साझेदारीमा दिगो लगानी गर्ने वातावरणको सुनिश्चित गर्न संघ, प्रदेश सरकार र सरोकारवालासँग समन्वय र सहकार्य गरिने छ ।
२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले तयार गरेका प्राविधिक र व्यवसायिक धारका पाठ्यक्रमहरुलाई गाउँपालिकाको आवश्यकता, सम्भाव्यता र मौलिकता अनुकूल हुनेगरी छनौट गरेर सञ्चालन गर्न गाउँपालिको शिक्षा युवा तथा खेलकुद शाखा माताहत रहने गरी पालिकास्तरमा विशेषज्ञहरु समेत भएको प्राविधिक तथा व्यवसायिक शिक्षा तालिम व्यवस्थापन इकाईको गठन गरिने छ ।

३. स्थानीय श्रम बजारको आवश्यकता एवं प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसरहरु इच्छुक सबैलाई प्रदान गर्ने गरी प्राविधिक शिक्षालय र तालिम प्रदाय संस्थाहरुको विकास र विस्तार गरिने छ ।

४. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ ।

५. प्राविधिक र व्यवसायिक धारको उच्च शिक्षा प्राप्त गर्नका लागि गाउँपालिका हाल सञ्चालनमा रहेको अरनिको मा.वि. नुवागाउँमा स्रोत साधन र जनशक्तिको व्यवस्थापन गरी गुणस्तरीय प्राविधिक शिक्षा दिइने छ ।

६. निजी क्षेत्र, रोजगारदाताहरु आदिको साझेदारीमा रोजगारमूलक तथा औद्योगिक सीप विकास कार्यक्रम, होटल व्यवसाय सञ्चालन सीप आदिका लागि संघ र प्रदेश सरकारसँग समन्वय सहकार्य गरिने छ ।

७. श्रम बजारको अध्ययन तथा अनुसन्धान गरी बजारको मागअनुसार नयाँ सिप, प्रविधि विकास गर्ने कार्यक्रम सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग सम्वन्य र सहकार्य गरिने छ ।

८. मन्त्रालयअन्तर्गत विद्यालय स्तरमा सञ्चालन भइरहेका प्राविधिक धारतर्फको कक्षा ९-१२ को कार्यक्रम र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत सञ्चालित तीन वर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन वर्षे पाठ्यक्रम लागु गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ ।

९. प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यावहारिक र समयानुकुल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, संघसंस्था लगायतका कार्यस्थल र समुदायसंग सहकार्य र लागत साझेदारी गर्ने वातावरणको सिर्जना गर्नका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ ।

१०. प्राविधिक र व्यवसायिक शिक्षाबाट उत्पादित जनशक्तिलाई जन्मभूमि, मातृभूमि र समग्र मुलुकप्रति समर्पित र जिम्मेवारका साथै नैतिकवान् र सेवाउन्मुख बनाउनका लागि तथा प्राविधिक र व्यवसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरुको अन्तरघुलन गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरिने छ ।

११.. गाउँपालिकाको अगुवाइमा विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री तथा न्यून शुल्कमा आधारित गरिने छ ।

१२. प्राविधिक शिक्षा सन्चालित विद्यालयहरुमा प्राविधिक विद्यार्थी तथा कृषि समूह निर्माण गरिनेछ

### ३.४.५. प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

त्रिवेणी गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमबाट सक्षम, सीपयुक्त र श्रमप्रति सम्मानभाव भएको जनशक्ति उत्पादन भई आयआर्जन तथा रोजगारीका अवसरमा वृद्धि भएको हुने ।

**ख) प्रमुख नतिजाहरु**

१. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको क्षेत्रमा पिछडिएका वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिवृद्धि भएको हुने ।
२. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमलाई व्यवस्थापन गर्नका लागि गाउँपालिका स्तरमा विशेषज्ञहरु समेत भएको प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम व्यवस्थापन इकाईको गठन भएको हुने ।
३. प्राविधिक र व्यवसायिक धारको उच्च शिक्षा प्राप्त गर्नका लागि गाउँपालिकामा हाल सञ्चालनमा रहेको जनजागृति मा.वि. र अरनिको मा.वि. नुवागाउँमा मात्र सीमित प्राविधिक धारको कार्यक्रम अन्य वडामा समेत विस्तार भएको हुने ।
४. प्राविधिक धारतर्फको कक्षा ९-१२ र तीन वर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन वर्षे पाठ्यक्रम कार्यान्वयन भएको हुने ।
५. प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्ति पेसाप्रति समर्पित भई काम गरेको हुने ।
६. गाउँपालिकामा सञ्चालनमा रहेको प्राविधिक शिक्षालयहरुमा विद्यार्थी संख्याका आधारमा अनुदान र छात्रवृत्ति कार्यक्रम प्राप्त गरेको हुने ।
७. गाउँपालिकाको अगुवाइमा विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र, न्यून शुल्क गरिएको हुने ।

## नतिजा र परिणात्मक लक्ष्य

| क.स | सूचकहरु | आधार वर्ष २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | एक स्थानीय तह एक प्राविधिक शिक्षालय | १ | १ | १ | १ | १ |
| २ | प्राविधिक शिक्षा श्रोत व्यक्तिको व्यवस्थापन | १ | १ | १ | १ | १ |
| ३ | स्थानीय रोजगारी र सीपमुलक तालिमको व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | विद्यालय तहको प्राविधिक शिक्षालाइ क्रमशः निःशुल्क गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ३.४.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य

| क. स. | शिक्षाका प्रमुख क्रियाकलाप | ईकाई | पाँच वर्षको भौतिक लक्ष | | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा पिछडिएको | लक्षित वर्गको संख्या | ७ | ७ | ७ | ७ | ७ | ३५ | संघ र प्रदेशक पालिका र वि |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वर्ग, क्षेत्र र समुदायलाई समेट्नेगरी छात्रवृत्ति एवं विशेष सहुलियत दिने नीति अवलम्वन गर्ने गुणस्तरीय किसिमबाट प्राविधिक विषयको अध्ययन अध्यापन गर्ने माध्यमिक विषयहरुको अभिवृद्धि | | | | | | | | |
| २ | पालिका शिक्षा शाखामा प्राविधिक शिक्षा सम्बन्धी काम गर्नका लागि विशेषज्ञहरु समेत भएको प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा तालिम व्यवस्थापन इकाई गठन | संख्या | १ | निरन्तर काम गर्ने | निरन्तर काम गने | निरन्तर काम गने | निरन्तर काम गने | १ | संघ प्रदेशको पालिका तथा नव नेपा थप सकृयता |
| ३ | निजी क्षेत्र, रोजगारदाता तथा उद्योगहरुको सहकार्यमा आवश्यकतामा आधारित रोजगार तथा सीपमूलक तालिम सञ्चालन | सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ, प्रदेश, उद्योग र पालिकाको |
| ४ | हाल अरनिको मा.वि. नुवागाउँ सञ्चालनमा रहेको प्राविधिक धारको कार्यक्रमलाई निःशुल्क तथा विद्यार्थीहरुको सहज पहुँचको सुनिश्चतता गर्न आवश्यक पूर्वाधार तथा बजेट व्यवस्थापन गर्ने । | संख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ र प्रदेशक पलिका र अग्रसरता |
| ५ | प्राविधिक र व्यवसायिक शिक्षाबाट उत्पादित जनशक्तिलाई जन्मभूमि, मातृभूमि र समग्र मुलुकप्रति समर्पित र जिम्मेवारका साथै नैतिकवान् र सेवाउन्मुख बनाउनका लागि तथा प्राविधिक र व्यवसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरुको | संख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ र प्रदेश समन्वयर सह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अन्तरघुलन गर्न सक्ने बनाउने | | | | | | | | |
| ६ | मन्त्रालय अन्तर्गत विद्यालय स्तरमा सञ्चालन भइरहेका प्राविधिक धारतर्फको कक्षा ९-१२ को कार्यक्रम र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित तीन वर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन वर्षे पाठ्यक्रम लागु गर्न संघलाई अनुरोध गर्ने । | एउटै ढाँचा | एउटै ढाँचा | एउटै ढाँचा | एउटै ढाँचा | एउटै ढाँचा | एउटै ढाँचा | एउटै ढाँचा | संघ सरकारक समन्वय र स |
| ७ | स्थानीय श्रम बजारको आवश्यकता एवं प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरु इच्छुक सबैलाई प्रदान गर्ने गरी प्राविधिक शिक्षालय र तालिम प्रदान गर्ने संस्थाहरुको विकास र विस्तार गर्ने । | सेवा प्रदायक संस्था संख्या | १ | १ | १ | - | - | १३ | संघ प्रदेश र साझेदारीमा |
| ८ | गाउँपालिकाको अगुवाइमा विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमश प्रविधिमैत्री र न्यून शुल्क गर्ने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ र प्रदेश समन्वय पालिकाको अग्रसरतामा |

## ३.५. अनौपचारिक शिक्षा, साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

### ३.५.१ परिचय

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ। देशको भूगोल, हालसम्मको शिक्षाका पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवं आजीवन जीवन पर्यन्त शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको सबै वर्ग, क्षेत्र, अल्पसंख्यक, समुदायमा पछाडि परेका र पारिएका समूहहरुको पहुँचको सुनिश्चितता, विस्तार, गुणस्तरको अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ।

औपचारिक या अनौपचारिक शिक्षाहरु व्यक्तिको जीवन परिवर्तनका आधारभूत आधारहरु हुन् । शिक्षा प्राप्त गर्न पाउनु व्यक्तिको मानव अधिकारको विषय पनि भएकाले सबैलाई सार्वजनिक शिक्षाको सुनिश्चित गर्नु राज्यको दायित्व हुन जान्छ। औपचारिक शिक्षाको दायरामा नसमेटिएका नागरिकलाई विविध तरिकाबाट समय सापेक्ष ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन गराउन जीवन पर्यन्त चलिरहने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता, साक्षरताका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ।

संघीय सरकारले आगामी ५ वर्ष (सम्वत् २०८१ देखि २०८५ साल सम्म) सम्मका लागि राष्ट्रिय शिक्षा दिवसको आदर्श वाक्यको रुप ज्ञान, विज्ञान, सीप, उद्यम र मौलिकताः साक्षेदारी र प्रणालीगत सक्षमता, राखेको छ। १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना इ.सं. २०२१-२०३२ मा अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रावधानलाई विगतका शताब्दीहरुमा मुलुकमा भए गरेका परीक्षणहरु, विभिन्न अन्तराष्ट्रिय अनुभवहरु तथा सबै सरोकारवालाहरुको सल्लाह र सुझावको आधारमा समय सापेक्ष सुधार गरिएको छ।

अनौपचारिक लगायत अन्य आकस्मिक माध्यमबाट सिकेका सिकाइहरुलाई समेत समकक्षता प्रदान गरी गतिशीलता र पारगम्यतालाई सहज बनाउनका लागि राष्ट्रिय योग्यता प्रारुप नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्र (तत्कालीन अनौपचारिक शिक्षा केन्द्र) बाट आधारभूत तहको समकक्षी अनौपचारिक शिक्षाको सिकाइ क्षेत्र, मापदण्ड तथा उपलब्धिहरुको प्रारुप तयारी भइरहेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपांगता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ।

त्रिवेणी गाउँपालिकाको शिक्षा क्षेत्रको योजनाको यस खण्डमा त्रिवेणी गाउपालिकाको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषणका आधारमा अवसरहरु र चुनौतीहरु पहिचान गरिएको छ ।

## ३.५.२ वर्तमान अवस्था

यस त्रिवेणी गाउँपालिका भित्र ४ वटा सामुदायिक सिकाई केन्द्रहरु सञ्चालनमा छन् । श्री जागृति सामुदायिक सिकाई केन्द्र वडा नं. ५ जुगार, श्री कुसल ग्रामीण जागरण सामुदायिक सिकाई केन्द्र त्रिवेणी ७ तिला, श्री प्रगति सामुदायिक सिकाई केन्द्र, त्रिवेणी २ नुवागाउँ र श्री लालीगुँरास सामुदायिक सिकाई केन्द्र, त्रिवेणी १ करेटी मा सञ्चालनमा रहेका छन् । यी ४ वटा सामुदायिक सिकाई केन्द्रहरुमा एक/एक जना सामुदायिक परिचालकले अनौपचारिक शिक्षा प्रवाहका लागि सहजीकरण गरिरहेका छन् । सामुदायिक सिकाई केन्द्रको सन्चालन र व्यवस्था सम्बन्धि मापदण्ड २०७८ अनुसार सहजीकरण भइरहेको छ ।

| समस्याहरु | कारणहरु | असरहरु |
|---|---|---|
| ▪ जीवन पर्यन्त शिक्षाका लागि खोलिएका सामुदायिक सिकाइ केन्द्रहरुको व्यवस्थापन र संचालन व्यवस्थित तरिकाले गर्न नसकि विद्यालयमा गाभिनु ।<br>▪ सामाजिक तथा सांस्कृतिक समूहहरुलाइ जीवन्त सिकाइका लागि परिचालन गर्न नसक्नु ।<br>▪ स्थानीय स्तरमा शैक्षिक अभियान संचालन हुन नसक्नु ।<br>▪ पछाडि पारिएका जातजातिहरु, विपन्न समुदाय, महिला, अल्पसंख्यक, अपाङगता भएका बालबालिकाहरु, लगायत अन्य सामाजिक सांस्कृतिक र भौगोलिक हिसाबले पछाडि परेका समुदायहरुको मुलधारको शिक्षामा समतामूलक पहुँच नहुनु ।<br>▪ अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा पालिकाको प्राथमिकतामा नपर्नु ।<br>▪ विकसित सूचना प्रविधि तथा संचारका माध्यमहरुको प्रयोग जीवन प्रयन्त सिकाइका लागि नहुनु । | ▪ सामुदायिक सिकाइ केन्द्रहरुमा कार्यरत सहजकर्ताहरुको न्यून तलब तथा भत्ता सुविधा<br>▪ सामुदायिक सिकाइ केन्द्रहरुको जिम्मेवारी र भूमिकाको बारेमा स्पष्ट नीति बन्न नसक्नु ।<br>▪ भएका सिकाइ केन्द्रहरुमा भौतिक, प्राविधिक, तथा मानवीय व्यवस्थापन नहुनु ।<br>▪ पालिकाले अनौपचारिक शिक्षा व्यवस्थापन र परिचालनका लागि स्थानीय स्तरमा नीतिगत व्यवस्था गर्न नसक्नु ।<br>▪ आम मानिसहरु सिकाइ सँगसँगै रहने संस्कृतिको विकास र | ▪ जीवन पर्यन्त सिकाइसँग आम मानिसहरु जोडिन नसक्दा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा भइरहेका विज्ञान, प्रविधि तथा अन्य क्षेत्रमा भइरहेका नविनतम विकाससंग परिचित नहुँदा स्थानीय समुदायहरु राज्य तथा गैर राज्यको तर्फदेखि संचालित विभिन्न कार्यक्रम र सेवा सुविधाहरुबाट बन्चितिकरणमा परिरहेका छन् ।<br>▪ पढने चाहना हुदाँ पनि पढन नपाइ प्रमाण पत्र प्राप्त नहुदा प्रगतिका पाइला रोकिनु । |

| | | |
|---|---|---|
| ■ अनौपचारिक शिक्षा सचालनका लागि आवश्यक पर्ने स्थानीय पाठ्यक्रम, पाठ्यसामग्री तथा शैक्षणिक सामग्रीहरु नहुनु ।<br>■ विद्यालय उमेर पुगेका तर पढन चाहने व्यक्तिका लागि अनौपचारिक शिक्षा पढन पाउने व्यवस्था नहुनु । | सार्वजनिक स्थलहरु तथा परिवारहरुमा पढाइ संस्कृतिको विकास हुन नसक्नु ।<br>■ स्थानीय तहबाट राज्यको नीतिअनुसार बजेट व्यवस्थापन तथा भौतिक पूर्वाधार निर्माण नहुनु । | |

### ३.५.३ उद्देश्यहरु

१. यस अनौपचारिक तथा जीवन पर्यन्त शिक्षाको विशिष्ट उद्देश्य अनौपचारिक शिक्षालाई साक्षरताको मूल आधारको रुपमा विकास गर्दै पूर्ण साक्षर गाउँपालिका सहितको समुन्नत समाज निर्माण गर्ने रहेको छ ।
२. त्रिवेणी गाउँपालिकामा शिक्षाको अवसरबाट बञ्चित, विभिन्न कारणवस पढाइलाई निरन्तरता दिन नसकेका आम नागरिकहरुलाई अनौपचारिक सिकाइको अवसर प्रदान गर्दै जन्मदेखि मरणोपरान्त सिक्ने र सिकाउने प्रकृयामा सामेल गराउने ।
३. स्थानीय स्तरमा रहेका अनौपचारिक र सामुदायिक सिकाइ केन्द्रहरुलाई वैकल्पिक सीप तथा प्रविधिसँग जोड्दै सीपयुक्त नागरिक निर्माणका लागि आवश्यक वातावरण तयार पार्ने ।
४. स्थानीय समुदायमा पठन संस्कृतिलाई जीवनको अभिन्न अंग बनाउन समुदायमा, विद्युतीय पुस्तकालयहरु, सामुदायिक सिकाइ केन्द्र र, वाचनालयहरुको स्थापना, विकास र विस्तार गर्ने
५. अनौपचारिक तथा खुला शिक्षा संचालनका लागि पाठ्यक्रम, पाठयपुस्तक तथा सिकाइ सामग्री निर्माण र वितरण तथा अनुगमन, निरीक्षण र कार्यान्वयनका लागि आवश्यक मानवीय तथा आर्थिक श्रोतको व्यवस्थापन तथा परिचालन गर्ने ।
६. स्थानीय तहमा रहेका औपचारिक र अनौपचारिक सिकाइ केन्द्रहरुको बीचमा अन्तरसम्बन्ध स्थापित गर्दै सिकाइ सँगसँगै अभियान संचालन गर्ने ।

### ३.५.४ रणनीतिहरु

१. साक्षर अभिभावक हाम्रो गौरवलाई साक्षरता अभियानसंग जोडेर आफ्नो सेवा क्षेत्र अन्तर्गतका सबै अभिभावकलाई साक्षर बनाउनका लागि टोल र वडामा रहेको शिक्षित व्यक्ति, जनप्रतिनिधि, विद्यालय, विद्यार्थी र समुदायलाई परिचालन गरिने छ ।
२. त्रिवेणी गाउँपालिका भित्रका विभिन्न उमेर समूहका औपचारिक शिक्षाबाट बञ्चित व्यक्तिहरुको तथ्यांक संकलन गरी उनीहरुको लागि उपयोगी हुने गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गरिने छ ।
३. अनौपचारिक शिक्षाका लागि आवश्यक पर्ने सामग्रीहरुको उत्पादन, वितरण र प्रसार गर्नका लागि स्थानीय आमा समूह, सामुदायिक सिकाइ केन्द्र, वालक्लब, युवाक्लवहरु तथा अन्य सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरिने छ ।

४. अनौपचारिक र आजीवन सिकाइका लागि संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्य गरिने गर्ने ।
५. स्थानीय तहमा संचालित सामुदायिक सिकाइ केन्द्रमा आवश्यक आधारभूत सुविधाहरु इन्टरनेट, कम्प्युटर, पढाइ मञ्च, लगायतका अन्य व्यवस्थापकीय पंक्षहरुको सवलीकरण गर्ने
६. सामुदायिक सिकाइ केन्द्रहरुलाई सी प सिकाइ केन्द्रको रुपमा विकास गरी प्राविधिक श्रोत व्यक्तिको व्यवस्थापन र परिचालन गर्ने ।
७. स्वअध्ययन तथा अनौपचारिक माध्यमबाट साक्षरता सीप प्राप्त व्यक्तिहरुलाई क्षमता र योग्यता अनुसार मूल्यांकन गरी समकक्षता प्रमाणपत्र प्रदान गर्ने । त्यसरी प्रमाणपत्र प्राप्त व्यक्तिलाई अनौपचारिक शिक्षामा प्रवेशको अवसर प्रदान गर्न आवश्यक नीतिगत व्यवस्था गरिने छ ।
८. गाउँपालिकामा शिक्षा, युवा तथा खेलकूद शाखा अन्तर्गत रहने गरी अनौपचारिक शिक्षा इकाईको स्थापना गरी कार्यान्वयन गर्ने ।

## ३.५.५. प्रमुख उपलब्धि तथा नतिजा

१. गाउँपालिकाका सबै नागरिकहरुका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भई शिक्षित र सभ्य समाज निर्माण भएको हुनेछ ।

नतिजा र परिणात्मक लक्ष्य

| क्र.स | सूचकहरु | आधार वर्ष २०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | आफ्नो नाम आफै लेख्न सक्ने नागरिक | ८० % | ८५% | ९०% | ९५% | ९९% |
| २ | सामुदायिक सिकाइ केन्द्रहरुमा आधारभूत पूर्वाधार निर्माण | ० | २०% | ४०% | ५० % | ६०% |
| ३ | साधारण लेख पढ गर्न सक्ने महिला | ७५% | ८०% | ८५% | ९०% | ९५% |
| ४ | निरन्तर शिक्षाका लागि युवाक्लबहरुको परिचालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | विद्यालयमा साक्षर अभिभावक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | न्युनतम मापदण्ड पुरा गरेका सामुदायिक सिकाइ केन्द्र | ५०% | ७५ % | ८० % | ९०% | १०० % |

## ३.१.६. मुख्य क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.स | प्रमुख क्रियाकलापहरु | आधार बर्ष २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | एक विद्यार्थी एक शिक्षित अभिभावक कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | साक्षरता अभियानका लागि युवाक्लवहरुलाइ तालिम | १ पटक | २ पटक | २ पटक | २ पटक | २ पटक |
| ३ | जीवन पर्यन्त सिकाइका लागि आवश्यक सामुदायिक केन्द्र स्थापना | | १ वटा | १ वटा | १ वटा | १ वटा |
| ४ | औपचारिक शिक्षाबाट बन्चित नागरिकहरुको तथ्यांक संकलन | १ पटक | १ पटक | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | अभिभावकसंग विद्यालय कार्यक्रम | २ पटक | २ पटक | २ पटक | २ पटक | २ पटक |
| ६ | जीवन्त सिकाइका लागि आवश्यक सिकाइ सामग्रीहरुको प्रकाशन र वितरण | | १ पटक | १ पटक | १ पटक | १ पटक |
| ७ | अनौपचारिक शिक्षाको पाठ्यक्रम विकास र कार्यान्वयनका लागि श्रोत व्यक्ति परिचालन | | २ पटक | २ पटक | २ पटक | २ पटक |
| ८ | पालिकामा अनौपचारिक सिकाइ शाखाको व्यवस्थापन र परिचालन | | १ पटक | निरन्तर | निरन्तर | निरन्तर |

# परिच्छेद-४
# अन्तरसम्बन्धित विषय

## ४.१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्यांकन

### ४.१.१ परिचय

पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनुपर्दछ । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात् ज्ञान, सीप तथा अभिवृद्धिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकूल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ । पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मूल्य, मान्यता तथा व्यवहारलाई आत्मसात् गर्न, विभेदरहित, समतामूलक र समावेशी दृष्टिकोणअनुरुप व्यवहार गर्न, आफ्नो र अरुको अधिकार र कर्तव्यप्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढंगबाट सोच्न र निर्णय गर्त सहयोग गर्नुपर्छ । मानवीय आवश्यकता सिकारुको रुचि, सामाजिक मूल्य, मान्यता र समाज तथा विश्वपरिवेशमा विकास भएका ज्ञान, सिप तथा प्रविधिअनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ ।

पाठ्यक्रम औपचारिक शिक्षाको बाटो हो । मानिसलाई उन्नतिको शिखरमा पुऱ्याउने काम औपचारिक शिक्षाले गरेको हुन्छ । कुनै पनि देशको शिक्षा कस्तो छ र त्यहाँका बालबालिकाहरुले कुन कक्षा वा तहमा गएर के सिक्नु पर्दछ भन्ने कुरालाई त्यहाँको पाठ्यक्रमले तय गर्दछ । पाठ्यक्रमले सिकारुलाई कसरी हिड्न सिकाउने वा हिड्न सहयोग गर्ने भन्ने कुराको समेत दिशा निर्देश गर्छ । यसरी पाठ्यक्रम र मूल्यांकन एउटै सिक्काका दुईपाटा भएर काम गरिरहेका हुन्छन् । अर्को शब्दमा भन्नुपर्दा मूल्यांकनको पाटोलाई समेत पाठ्यक्रमले आफूमा समाहित गरेर पाठ्यक्रम अघि बढ्ने गर्दछ ।

शिक्षा क्षेत्र योजनाको यस खण्डमा नेपालमा विद्यालय तह (बालविकास शिक्षा देखि कक्षा १२ सम्मको) पाठ्यक्रम विकास, कार्यान्वयन तथा मूल्यांकन सम्बन्धी वर्तमान अवस्थाको समीक्षा गरिएको छ । उच्च शिक्षाको पाठ्यक्रम र मूल्यांकनका सवालहरुलाई समेत सतहमा उठान गरिएको छ । पाठ्यक्रम सम्बन्धमा गरिएको समीक्षाका आधारमा चुनौती र अवसरहरुको पहिचान गरिएको छ । पहिचान गरिएका चुनौती र, अवसरहरुलाई मध्यनजर गरी यस योजना अवधिमा त्रिवेणी गाउँपालिकामा पाठ्यक्रम र मूल्यांकनलाई अझ सान्दर्भिक बनाउन र यसको प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम तथा मूल्यांकनसम्बन्धी यस योजनाका उद्देश्य, रणनीतिहरु, अपेक्षित मुख्य नतिजा, मुख्यमुख्य कार्यक्रम तथा लक्ष्यहरु प्रस्तुत गरिएको छ ।

पाठ्यक्रम कार्यन्वयन गुणस्तरीय शिक्षा प्राप्तिको पहिलो आधार हो । त्रिवेणी गाउँपालिकाले पठ्यक्रमको मार्गदर्शकका रुपमा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा जारी गरेको पठ्यक्रम २०७६ लाई नै अबलम्बन गरेको छ भने स्थानीय पाठ्यक्रमको रुपमा नेपाल

सरकारले जारी गरेको स्थानीय पाठ्यक्रम मार्गदर्शनलाई नै आधार बनाई पालिकाले आफ्नो अनुकूलको स्थानीय पाठ्यक्रम निर्माण तथा विकास गर्दै कार्यान्वयनमा ल्याउने प्रयास गरिरहेको छ । पाठ्यक्रमको अक्षरस कार्यान्वयन हालको सन्र्दभमा चुनौतिपूर्ण रहेको छ । तर पनि स्थानीय सरकारले प्रदान गर्ने, विद्यालय स्वयंले गर्ने प्रयास तथा शिक्षकहरुको आफ्नै लगनशिलतामा प्राप्त हुने अफलाइन अनलाइन तालिमहरु मार्फत् कार्यान्वयनलाई सहज बनाइएको छ । विशेषतः पाठ्यक्रमको आधारमा प्राप्त विद्यार्थी पाठ्यपुस्तक, शैक्षणिक तथा सन्दर्भ सामग्रीहरु, विशष्टीकरण तालिका, विभिन्न मार्गदर्शन, शिक्षक निर्देशिका, अभ्यास पुस्तिकाहरु, विभिन्न गीत कविता तथा कथाहरु, विद्यार्थी मूल्यांकनका साधनहरु, तथा विषय बस्तुसंग मेलखाने स्थानीय स्तरमा उपलब्ध शैक्षणिक तथा सन्दर्भ सामग्रीहरुको अधिकतम प्रयोगका लागि पालिकाले जोड दिएको छ । पाठ्यक्रमको कार्यान्वयनका लागि शिक्षकहरुको स्वयं व्यवस्थापन तथा सृजनशिलतामा शैक्षणिक गतिविधिहरु संचालन भइरहेको अवस्था छ । कक्षा कोठा भित्र पाठ्यक्रम अनुरुपको कार्यान्वयनका सन्दर्भमा चुनौतिहरु रहेका छन् ।

### ४.१.२ वर्तमान अवस्था

शिक्षाका अधिकांश सरोकारवालाहरु अहिले पनि पाठ्यक्रमतिर भन्दा पनि पाठ्य पुस्तकतिर बढी चासो राखिरहेका हुन्छन् । मिडियाले समेत पाठ्यपुस्तक सम्बन्धित विद्यालयमा पुगे नपुगेको कुरालाई प्रमुख खबर बनाइरहेको हुन्छ । अरुका त कुरै टाढा भयो, कतिपय शिक्षकहरुले समेत पाठ्यक्रमलाई भन्दा पाठ्यपुस्तकलाई प्राथमिकतामा राखी पठनपाठन गरेका तथ्यहरु भेटिन्छन् । यसो हुनुमा पठनपाठन सुरु भएको केही दशक नाघिसकेपछि मात्रै औपचारिक रुपमा हाम्रो मुलुकमा पाठ्यक्रमको जन्म भएको सन्दर्भले भूमिका निर्वाह गरेको हुनसक्छ । यसकारण कि शिक्षक, विद्यार्थी र शिक्षाका सरोकारवालाहरुले पाठ्यक्रमलाई भन्दा पनि पहिले पाठ्यपुस्तकलाई देख्ने मौका पाए । नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरुसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रुपमा शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो ।

पाठ्यक्रम विकास केन्द्रको स्थापना र यसको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्धारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रुपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु गरियो । यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यन्वयन सुरु भएको छ । वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरु अर्थात् कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन गर्ने योजना तय गरिएको छ ।

कक्षा ८, १० र ११/१२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, बैध र विश्वसनीय बनाउनु पर्नेछ । त्यसै गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट नै कक्षा ५, ८ र १० मा विद्यार्थीहरुको राष्ट्रिय उपलब्धी परीक्षणसम्बन्धी कार्य चरणबद्ध रुपमा भइरहेको सन्दर्भमा यसलाई थप प्रभावकारी बनाउने र यसका नतिजालाई शिक्षाका नीति तथा कार्यक्रम सुधारका निम्ति प्रयोग गर्ने पद्धतिको

विकास आवश्यक छ । समग्रमा अपेक्षित उच्चकोटीको तथा प्रयोगमुखी सिकाइलाई सघाउ पुऱ्याउनका लागि मूल्यांकन प्रारुपको विकास तथा कार्यान्वयन गर्नुपर्ने भएको छ । विद्यालयमा आधारित मूल्यांकनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउन सकिएको छैन ।

नेपाल सरकारले स्थानीय तह मार्फत पाठ्यपुस्तक खरिदका लागि विद्यालयलाई रकम उपलब्ध गराई सामुदायिक विद्यालयमा कक्षा १-१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रुपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ । विकल्प विहिन र प्रतिस्पर्धा विना तयार हुने यस्ता पुस्तकहरुमा विविध पक्षमा कमजोरी हुन सक्ने सम्भावनालाई रहन्छ । विगत केही वर्षदेखि कक्षा १-३ मा प्रारम्भ गरी कक्षा १-५ सम्म पुऱ्याएको रंगिन पाठ्यपुस्तक छपाइ गर्ने कार्य २०७६ देखि कक्षा ८ सम्म पुगेको छ । पाठ्यपुस्तक छपाइका लागि प्रयोग गरिने कागजको गुणस्तरमा पनि सुधार गरिएको छ । यसका लागि पुस्तक डिजाइन र मुद्रणमा सुधार आवश्यक देखिन्छ । त्यसैगरी स्पेसिफिकेसन अनुसारको कागज तथा मुद्रणको गुणस्तर सुनिश्चित गर्नु उत्तिकै आवश्यक छ ।
अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयहरुले निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रुपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तक मध्येबाट छनोट गरी पाठ्यपुस्तकका रुपमा प्रयोग गरिरहेका छन् । विद्यालय तहमा बहुपाठ्यपुस्तक लागु गरिने नीतिगत व्यवस्था भएको, विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले पनि सोही कुरा उल्लेख गरेको छ । यस सम्बन्धमा निर्देशिकामा प्रक्रिया उल्लेख गरिए पनि हालसम्म यसको कार्यान्वयन भएको छैन । निजी क्षेत्रका कार्यन्वयन भएको छैन । निजी क्षेत्रका प्रकाशनद्वारा प्रकाशित पुस्तकहरुमा पनि प्रतिस्पर्धात्मक रुपमा पुस्तक मूल्यांकन नहुनु र मूल्यांकन औपचारिक मात्र भई सबैलाई सूचीकृत गरिनुले कतिपय ज्यादै कमजोर गुणस्तर र विद्यार्थीको स्तरसँग नमिल्ने पुस्तकहरु पनि प्रयोग हुनसक्ने देखिन्छ ।

रोल्पा जिल्लाको यस त्रिवेणी गाउँपालिकाले हालसम्म स्थानीय विषयको पाठ्क्रम बनाउन नसक्दा स्थानीय वा ऐच्छिक विषय भनेर अंग्रेजी र कम्प्युटर विषयलाई अध्यापन गरिरहेको अवस्था छ । यस पञ्च वर्षीय शिक्षा योजना मार्फत् स्थानीय भाषा, सीप, पेसा, व्यवसाय, पर्यावरण, पर्यटन, प्रविधि, परम्परा, संस्कृति, पूर्वीय दर्शन, सामाजिक मूल्य मान्यता आदि जस्ता विषयवस्तु समेटेर स्थानीय विषयको पाठ्क्रम तयार गर्ने योजना आ.ब२०८१/०८२ को कार्यक्रममा समावेश गरेको अवस्था छ ।

| समस्या | कारण | असर |
|---|---|---|
| ▪ पाठ्य पुस्तक मैत्रि शिक्षण हुनु | ▪ पाठ्यक्रमको प्रयोग सम्वन्धी तालिमको अभाव र पाठ्यक्रम उपलब्ध नहुनु | ▪ अपेक्षित सक्षमता हासिल हुन नसक्नु |
| ▪ स्थानीय स्तरमा प्राप्त हुने सामग्रीहरु | ▪ स्पष्ट निर्देशिका नहुनु सामग्री निर्माणको ज्ञानको अभाव | ▪ प्रयोग गरेर सिक्ने अवसर बाट बन्चित |

| | | |
|---|---|---|
| निर्माण र प्रयोग नहुनु | | |
| ▪ सिकाईको आधार र मूल्यांकनको आधार फरक हुनु | ▪ पाठ्यक्रम भन्दा पाठ्यपुस्तकलाई प्रधानता दिनु | ▪ पाठ्यक्रमले राखेका ज्ञान सिप र अभिवृद्धि हासिल नहुनु |
| ▪ सिकाईलाई विद्यार्थीहरुमा उत्प्रेरण भन्दा बोझ ठान्नु | ▪ प्रवचन र व्याख्यान विधि प्रयोग कमजोर पृष्ठभूमि | ▪ पतिस्पर्धामा विद्यार्थी कमजोर हुनु तथा नतिजा न्यून हुनु |
| ▪ शिक्षकको तयारी र विषयगत व्यवस्थापन | ▪ आवश्यक सामग्रीहरुको अध्ययन र शैक्षिक योजना निर्माणमा चासो नदिने | ▪ पाठ्यक्रमले निर्देशित सिकाइ सहजीकरण नहुने |
| ▪ स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | ▪ सरोकारवालाहरुको तर्फदेखि कम चासो र चिन्तन<br>▪ स्थानीय स्तरमा विज्ञको कमी | ▪ बलबालिकाहरुले अन्य विषयहरु अध्यापन गर्न परेको<br>▪ स्थानीय चालचलन, संस्कृति र रीतिरिवाजको बारेमा जानकारी कम |
| ▪ पाठयक्रम र पाठ्यपुस्तक प्रयोग सम्बन्धी विषयगत प्रवोधिकरणमा समस्या | ▪ तालिमको अभाव र नियमित कक्षा कोठामा प्रयोगमा कमि | ▪ सिकाई विषयवस्तुको लक्ष अनुपूरण नहुनु |
| ▪ विषयगत शिक्षक तालिम र स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा कमि | ▪ शिक्षक तालिम तथा शैक्षिक सामग्री तालिमको अभाव<br>▪ विषय विज्ञको कमी | ▪ शिक्षण सिकाई तथा उपलब्धी हाँसिलमा कमी |
| ▪ प्राविधिक ज्ञान भएका जनशक्ति उत्पादनमा कमी | ▪ प्राविधिक शिक्षामा कुसल विद्यार्थीको प्रवेशमा कमी<br>▪ वौद्धिक पलायन | ▪ दक्ष जनशक्ति निर्माणमा कमी |

### ४.१.३ उद्देश्यहरु

१. तालिम, शैक्षणिक तथा सन्दर्भ सामग्रीहरुको विकास तथा वितरण, स्थानीय विज्ञ समूहको गठन तथा परिचालन लगायतका क्षेत्रहरुमा शिक्षकहरुको क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय सिकाइ प्रदान गर्ने ।

२. कक्षाकोठामा अनुगमन तथा मूल्यांकनहरुलाई व्यवस्थित बनाई आवश्यक योजना निर्माणमा सहयोग गर्ने ।
३. परम्परागत शिक्षण सिकाइमा परिमार्जन गर्दै बालकेन्द्रित, लैंगिंक तथा अपाङ्गमैत्री बनाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवं समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने गरि प्रारम्भिक कक्षाहरुको शिक्षण सिकाइमा पाठ्यक्रम र पाठ्यपुस्तकहरुको आन्तरिकीकरणलाई थप प्रभावकारी गराउने ।
४. बदलिदो समयमा प्रविधिको प्रयोग र आधुनिक विश्व परिवेश अनुसार सिकारुलाई व्यवहारिक शिक्षा प्रदान गर्ने ।
५. स्थानीय शैक्षिक सामग्रीहरुको भरपुर प्रयोग साथै स्थानीय कला, साहित्य, धार्मिक तथा वातावरणीय पक्षको उपयुक्त प्रयोग र संरक्षण गर्न प्रेरित गर्ने ।
६. पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी गर्नु ।
७. पूर्वीय दर्शन, मानवीय मूल्य मान्यता र आदर्शलाई अन्तर सम्बन्धित विषयवस्तुको रुपमा पाठ्यक्रममा समावेश गरी पाठ्यक्रमलाई अनुसन्धान तथा जीवन्त अनुभवमा आधारित किसिमबाट विकास गरी कार्यान्वयन गर्नु ।
८. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु ।
९. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुनेगरी विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
१०. कक्षाकोठामा हुने शिक्षक सिकाइलाई पाठ्यपुस्तकमा आधारित नभई पाठ्यक्रममा आधारित बनाउनका लागि शिक्षालयको वातावरण उपयुक्त बनाउनु र शिक्षकको दक्षता र समर्पण भावमा सुधार गर्नु ।
११. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्यांकन पद्धतिको व्यवस्था गर्नु ।
१२. समृद्ध त्रिवेणी सम्मुन्नत पालिका निर्माणका लागि दक्ष जनशक्ति उत्पादन गर्ने ।

### ४.१.४ रणनीतिहरु

१. स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि आवश्यक मानवीय र आर्थिक श्रोतको व्यवस्थापन गर्ने ।
२. सिकाइ सहजीकरण र मूल्यांकन पद्धतिबीच आन्तरिकीकरण गरी पाठ्यक्रमले राखेका सक्षमता प्राप्त गर्ने ।
३. शैक्षणिक तथा सिकाइ प्रकृयामा संचार तथा प्रविधिको अर्थपूर्ण प्रयोग साथै अनलाइन र अफलाइन प्रोटलहरुमा पहुँच स्थापित गरी विपद र असहज परिस्थितिमा समेत सिकाइ सहजीकरणलाई निरन्तरता दिन सक्ने मानवीय श्रोतको विकास गर्ने ।
४. पाठ्यक्रम कार्यान्वयनका लागि निर्माण भएका शिक्षक निर्देशिका, शैक्षणिक सामग्रीहरु, पाठ्यक्रम मागर्दशन, विशिष्टीकरण तालिका, पाठयोजना, शैक्षिक योजना निर्माण, तालिम सहजीकरण मार्गदर्शनहरु लगायतका पाठ्य सामग्रीहरुको अनिवार्य उपयोग गर्ने ।
५. विद्यालयमा आधारित सहयोग पद्धति विकास गरी पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरुलाई कार्यान्वयन तहमा नै समाधान गरी शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाइनेछ ।

६. पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरु, अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, विद्यालय व्यवस्थापन पदाधिकारी, बुद्धिजीवि, शिक्षाप्रेमी, परम्परागत ज्ञान र सीपका ज्ञाता तथा अनुसन्धान आदिको सहभागिता र भूमिकामा वृद्धि गरिनेछ ।
७. शिक्षण सिकाइ भन्दा परीक्षालाई महत्व दिने हाम्रो संस्कारलाई परिवर्तन गरी सिकेको प्रमाणित भइसकेपछि परीक्षा लिइरहनु नपर्ने गरी मूल्यांकन प्रणालीको विकास गरिने छ ।
८. पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, संकलन, निर्माण तथा प्रयोग (जस्तै बिसंकेतन किताव, ठुलो किताव, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती र अन्य सामग्रीको व्यवस्था भएको हुनेछ ।
९. बाल विकास देखि कक्षा ३ सम्मका सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास कार्य पुस्तिकाको उपलव्ध भएको हुनेछ ।
१०. संघ र प्रदेश सरकारको समन्वय र सहकार्यमा त्रिवेणी गाउँपालिकाले निर्माण गर्ने स्थानीय पाठ्यक्रम र सन्दर्भ सामग्रीहरु स्थानीय आवश्यकता, मूल्यनिष्ठ समाज एव मानवता र पूर्वीय दर्शनमा आधारित भई निर्माण गरिने छ ।
११. परम्परागत रुपमा प्रचलनमा रहेको पाठ्यपुस्तकमा आधारित शिक्षणसिकाइलाई बालकेन्द्रीत, लैगिंक तथा अपाङ्गमैत्री बनाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै बढी सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवं समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने छ । प्रारम्भिक कक्षाहरुको शिक्षण सिकाइमा पाठ्यपुस्तकको प्रयोगलाई न्यूनीकरण गरिने छ ।

### ४.१.५. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्यांकन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध भएको हुने ।

नतिजा र परिणात्मक लक्ष्य

| क.स | सूचकहरु | आधार बर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम सम्बन्धि कस्टमाइज तालिम | २ | २ | २ | १ | १ |
| २ | शैक्षणिक तथा सन्दर्भ सामग्री निर्माण | २ | ३ | ३ | ३ | ३ |
| ३ | पाठ्यक्रम प्रवोधिकरण | २ | २ | १ | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | स्थानीय तहको पाठ्यक्रम निर्माण र कार्यान्वयन | | १ | कार्यान्वयन | कार्यान्वयन | कार्यान्वयन |
| ५ | प्रारम्भिक बाल विकासको पाठ्यक्रम कार्यान्वयन | सबैमा | सबैमा | सबैमा | सबैमा | सबैमा |

## ४.१.६. मुख्य क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | क्रियाकलाप | आधार बर्ष २०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम, शैक्षणिक र सन्दर्भ सामग्रीको निर्माण र प्रयोगका लागि बालविकास र प्रारम्भिक कक्षाहरुमा अध्यापन गराउने शिक्षकहरुलाई तालिम | १ | २ | २ | २ | २ | ९ |
| २ | नव नियुक्त शिक्षकहरुका लागि पठ्यक्रम प्रवोधिकरण तथा अभिमुखिकरण | १ | १ | १ | १ | १ | ५ |
| ३ | स्थानीय पाठ्यक्रम निर्माणका लागि स्थानीय र वाह्य विज्ञहरुको परिचालन | | १ | १ | | | २ |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि २ दिने अभिमुखिकरण | | २ | १ | | | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | विशिष्टीकरण तालिका र प्रश्न पत्र निर्माण सम्बन्धि २ दिने अभिमुखीकरण | १ | २ | २ | २ | २ | ९ |
| ६ | सैद्धान्तिक र प्रयोगात्मक परीक्षा संचालन, मूल्यांकन र अभिलेखिकरण सम्बन्धि २ दिने तालिम | १ | २ | २ | २ | २ | ९ |
| ७ | पाठ्यक्रम कार्यान्वयन अनुगमन र मूल्यांकन | १ | २ | २ | २ | २ | ९ |
| ८ | प्राविधिक शिक्षा पाठ्यक्रम सम्बन्धि अभिमुखीकरण | १ | २ | २ | २ | २ | ९ |

## ४.२. शिक्षक व्यवस्थापन तथा विकास

### ४.२.१.परिचय

शिक्षक व्यवस्थापन तथा विकास भनेको शिक्षकको पेशागत जीवनलाई सही दिशामा मार्गनिर्देशन गर्ने, पेशागत विकासका लागि आवश्यक स्रोतहरु पहिचान प्रदान गर्ने र शिक्षण प्रकृयालाई निरन्तर सुधार गर्दै जानाका लागि गरिने प्रयास हो । नेपालमा समग्र शिक्षक पेशागत विकासका लागि आवश्यक पर्ने नीति नियम निर्माणको जिम्मेवारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ । शिक्षक तयार गर्ने काम विद्यालयहरु र विश्वविद्यालयले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरुलाई नियुक्ति र पदस्थापन गर्ने कार्य स्थानीय तहहरुबाट हुने गरेको छ । यसैगरी अस्थायी वा विद्यालयको आन्तरिक श्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्यांकन गर्ने कार्य स्थानीय आवश्यकताको आधारमा स्थानीय तहले आवश्यक कायविधि निर्माण गरी कार्यान्वयन गरिरहेका छन् । शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम सन्चालन गरि पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश शिक्षा तालिम केन्द्रहरुले शिक्षकको पेशागत दक्षता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्दै आएको छ ।

त्रिवेणी गाउँपालिकाको समग्र शिक्षा विकासका लागि शिक्षण पेसालाई रोजाइ र सम्मानित पेसाका रुपमा विकास गर्दै जाने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त र प्रविधियुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइ र उपलब्धी प्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने आदि सवालहरुलाइ सम्बोधन गर्नका लागि पालिकाले पञ्च वर्षीय शैक्षिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

### ४.२.२.वर्तमान अवस्था

शिक्षक पेशागत विकासका लागि बनेका नीति नियमहरु राम्रा हुँदा हुदै पनि उल्लेखित नीतिहरु कार्यान्यनका लागि गाउँपालिकामा चुनौतीहरु रहेका छन् । विद्यार्थी सङ्ख्या अनुसार शिक्षकको व्यवस्थापन गर्न नसक्नु, विषयगत शिक्षकको व्यवस्थापन नहुनु, उपलब्ध विषयगत शिक्षकहरुलाई तालिमको व्यवस्था गर्न नसक्नु, पालिका अनुदान शिक्षकको तलव भत्ता तहगत रुपमा निकै कम हुनु, समयको परिवर्तन संगै निरन्तर मूल्याङ्कन सम्बन्धी तलिम नहुनु, उत्कृष्ट शिक्षकहरुलाई पुरस्कृत, उत्प्रेरित गर्न नसक्नु, र शिक्षण पेशाप्रतिको गलत धारणाले गर्दा शिक्षक आफ्नो पेशाप्रति नै नैरास्यता भएको देखिन्छ । यति हुँदाहुदै पनि समग्र राष्ट्र निर्माणका लागि शिक्षा नै पहिलो खम्बा हो भन्ने विषयमा पालिका विश्वस्त छ ।

त्रिवेणी गाउँपालिकाको सन्दर्भमा भने शिक्षक व्यवस्थापनको सन्दर्भमा सकारात्मक कार्यहरु सम्पादन भएका छन् । आधारभूत र माध्यमिक तहमा अपुग शिक्षकको व्यवस्थापन पालिकाबाटै गर्ने प्रयास स्वरुप केही दरबन्दी व्यवस्थापन भएको छ । गाउँपालिकाले यसका

अतिरिक्त पालिकाको सामानीकरण अनुदानबाट तलब भत्ता पाउने गरी शिक्षकको अभाव भएका विद्यालयहरुमा शिक्षकको नियुक्ति गरी पठाएको अवस्था छ । यसरी नियुक्ति हुने शिक्षकहरुमा आधारभूत तहमा ९ जना रहेका छन् । जस अर्न्तगत त्रिवेणी गाउँपालिका भित्र शिक्षक व्यवस्थापन तथा विकासका समस्या तल उल्लेखित गरिएको छ ।

| समस्या | कारण | असर |
|---|---|---|
| ▪ प्रयाप्त मात्रामा विषयगत शिक्षकको व्यवस्थापन नहुनु | ▪ सम्बन्धित निकायबाट व्यवस्था नहुनु, | ▪ बालबालिकाहरुको सिकाइमा असर |
| ▪ शिक्षक विद्यार्थी बिचको अनुपात नमिल्नु | ▪ सम्बन्धित निकायबाट व्यवस्था नहुनु, | ▪ बहुकक्षा शिक्षण गर्न बाध्य भई शिक्षण कृयाकलापमा प्रभावकारी नहुनु<br>▪ एकै कक्षामा धेरै विद्यार्थी पढ्न बाध्य हुनु, |
| ▪ पालिका अनुदान शिक्षकको तलव भत्ता तहगत रुपमा निकै कम हुनु | ▪ सम्बन्धित निकायको कम ध्यान नजानु , | ▪ शिक्षकहरुमा पेशाप्रति नैरास्यता भई शिक्षकको अभाव |
| ▪ शिक्षकहरुको निरन्तर पेशागत विकास गर्न नसक्नु | ▪ सम्बन्धित निकायबाट बजेटको व्यवस्था नहुनु, | ▪ शिक्षण सिकाइ कृयाकलापमा अन्यौलता तथा विद्यार्थी मूल्यांकन प्रभावकारी नहुनु |
| ▪ विषयगत र क्षेत्रगत सिकाइ आदान प्रदान नहुनु | ▪ सिकाइ आदान प्रदान संस्कृतिमा कमी<br>▪ पालिकास्तरमा विषयगत समिति निर्माण नहुनु , | ▪ सिकाइ प्रसारमा कमी आइ विद्यार्थीहरुको गणस्तरीय शिक्षा प्राप्त गर्नबाट बन्चित हुनु । |

### ४.२.३ लक्ष्य तथा उद्देश्यहरु

यस त्रिवेणी गाउँपालिकाको पाँच वर्षे शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासको लक्ष्य शिक्षक संख्या प्रयाप्त बनाई पेसाप्रति समर्पित र दक्ष शिक्षकहरुबाट बालबालिकाको सिकाइ उपलब्धिप्रति उत्तरदायी भई सहजीकरण गर्नु रहेको छ ।

१. शिक्षक तयारीको गुणात्मक पक्षको पुनरावलोकन गर्दै शिक्षक तयारीको वर्तमान स्वरुपमा परिवर्तन गरी पेसाप्रति समर्पित र सक्षम शिक्षक आपूर्ति गर्नु ।
२. शिक्षकको छनौट, नियुक्ति विषय विज्ञद्वारा अग्रीम प्रश्नसंग्रह निर्माण गरी गोलाप्रथाद्वारा प्रश्न झिकी परीक्षामा पारर्दशिता र विश्वासनियता कायम गर्नु ।
३. अपुग शिक्षक दरबन्दीमा राष्ट्रिय शिक्षा नीतिअनुसार प्रदेशसँग समन्वय, सहकार्य र सहलगानीका आधारमा कानुन बमोजिम शिक्षक दरबन्दीको सिर्जना गरी न्यायोचित किसिमले वितरण गर्नु ।
४. सबै तहमा शिक्षकहरुको योग्यताको पुनरावलोकन गरी विषयवस्तुमा दक्ष र निपूर्ण शिक्षकको सुनिश्चितता गर्नु ।
५. शिक्षक बैंकको स्थापना गर्न प्रत्येक वर्ष विज्ञापन गरी रोष्टर शिक्षक थप गर्नु ।

६. पुरस्कार र दण्डको प्रवाधानलाई वस्तुगत र न्यायोचित किसिमले प्रभावकारी गर्नु ।
७. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु ।
८. शिक्षकलाई आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरुको प्रबन्ध गर्नु
९. विद्यालयहरुमा शिक्षक विद्यार्थीहरुको अनुपात र आवश्यकता आधारमा शिक्षक दरबन्दी मिलान कार्य प्रत्येक शैक्षिक सत्रको अन्तिम सम्ममा गर्नु ।
१०. पाँच वर्षे शिक्षा क्षेत्र योजना लागु भएदेखि ५ वर्षको अन्तरालमा प्रधानाध्यापक अनिवार्य रुपमा परिवर्तन गरी एक व्यक्ति १ कार्यकाल मात्र सो विद्यालयमा प्रधानाध्यापक रहने साथै आवश्यकताका आधारमा अर्को विद्यालयमा प्रधानाध्यापकको रुपमा सरुवाको व्यवस्था गर्नु
११. शिक्षक तथा कर्मचारी छनौट परीक्षा शान्त, भयरहित, विश्वसनिय वातावरणमा पालिकामा नै परीक्षा सन्चालन गर्ने नीगित व्यवस्था तयार गर्ने ।
१२. शिक्षक दरबन्दी मिलान विषयत आधारमा गर्ने ।

## ४.२.४ रणनीतिहरु

१. शिक्षा विकास तथा मानव श्रोत विकास केन्द्रको समन्वयमा वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई पर्याप्त विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित हुँदै पुनरावलोकन गरिने छ ।
२. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान एवं दरबन्दी पुनःवितरणका लागि सम्बन्धित सरोकारवालासंगको समन्वय र सहकार्यमा थप गरिने छ ।
३. प्रारम्भिक बालविकास एवं पूर्व प्राथमिक शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर गरेको शिक्षकको योग्यता अद्यावधिक गरिने छ ।
४. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा एक वर्षअघि नै छनौट गरी प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा नै नियुक्ति गरिने र प्रकाशित प्रतीक्षा सूचीबाट अर्को वर्षको छनोटसम्म शिक्षक नियुक्त गर्ने कार्य संघ र प्रदेश सरकारको समन्वयमा गरिने छ ।
५. अपुग शिक्षक दरबन्दीमध्ये स्थानीय तह र प्रदेश सरकारले आर्थिक भारको क्षमता हेरी कानुन बमोजिम सिर्जना गरिएका शिक्षक दरबन्दीहरुको न्यायोचित किसिमले वितरण गरी शिक्षकहरुको नियुक्ति तथा पदस्थापना गरिने छ ।
६. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी सेवाकालीन तालिम प्रदान गर्ने कार्यलाई संघ र प्रदेश सरकारको समन्वयमा अनिवार्य गरिने छ ।
७. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग गर्न स्थानीय तहमा विषयगत शिक्षक सन्जाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिंगको पद्धति विकास गर्न प्रदेश र संघ सरकारसंग सहयोग लिइने छ ।
८. शिक्षकहरुको साझा संगठनको रुपमा एउटा मात्र संस्थाको व्यवस्था गरी उक्त संस्थालाई शिक्षकको पेसागत सहयोग र विकासका निम्ती क्रियाशील बनाउनका लागि संघ एवं प्रदेश सरकारसंग समन्वय गरिने छ ।

९. शिक्षकको उपस्थिति नियमितता र कार्यसम्पादनका लागि शिक्षक तथा सम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति सम्बन्धित विद्यार्थीको सिकाइ सुधारसँग प्रधानाध्यापकको वृत्ति विकासलाई सुधार गर्नका लागि शिक्षकलाई प्रोत्साहन गरिने छ।

१०. पुरस्कार र प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित प्र.अ.तथा शिक्षकको सामाजिक आचरण, पेसाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धि र उनीहरुको अभिमतलाई समेत आधार बनाई लागु गरिने छ।

११. सुत्केरी तथा अन्य बिदामा बस्ने शिक्षकको बिदा अवधिभर त्यहाँ विद्यालयमा उपलब्ध शिक्षकहरुमध्ये बाटै पठनपाठन हुने व्यवस्था गरिने छ।

१२. शिक्षकहरुलाई अध्यापनमा बाधा नहुने गरी सेवाकालीन तालिम, विषयगत तालिम तथा सिकाई सीप अभिवृद्धिका अवसरहरु उपलब्ध गराइने छ।

१३. एकीकृत पाठ्क्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्म अध्यापन गराउने शिक्षकहरुलाई पठन तत्व तथा एकीकृत ढाँचाको तालिमको व्यवस्था गरिने छ।

१४. शिक्षकहरुलाई स्थानीय पढाई सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम तथा कार्यशालाको व्यबस्था गरिने छ।

१५. प्रविधिमैत्री सिकाइका लागि प्रारम्भिक बाल विकास देखि नै टेलिभिजन, कम्प्युटर र इन्टरनेट लगायतको प्रयोगका लागि शिक्षकहरुलाई तालिमको व्यवस्था गरिने छ।

### ४.२.५.प्रमुख उपलब्धि र नतिजाहरु

१. शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको व्यवस्थापन भइ कक्षागत र विषयगत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।

२. निरन्तर पेशागत विकासका लागि स्थानीय तहमा शैक्षिक विज्ञ समूहको गठन र परिचालन गरी शिक्षकहरुको दक्षतामा अभिवृद्धि भएको हुनेछ।

३. अन्तर विद्यालय, वडा र पालिका तहमा शिक्षक सिकाइ समूहहरुको गठन र परिचालन भएको हुनेछ।

४. तहगत रुपमा अध्यापनरत शिक्षकहरुको समान काम, समान सेवासुविधा र सम्मान भएको हुनेछ।

नतिजा र परिणात्मक लक्ष्य

| क्र.र | सूचकहरु | आ. २०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक कक्षाहरु इसीडी र कक्षा १ देखि ३ सम्ममा तालिम प्राप्त अवस्था | ४०% | ५०% | ६०% | ७०% | ९५% |
| २ | आधारभूत तहमा कार्यरत योग्यता प्राप्त शिक्षकहरुको प्रतिशत | ८०% | ९०% | १००% | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | शिक्षक पुर्नताजगी तालिम | १ पटक | २ पटक | २ पटक | २ पटक | २ पटक |
| ४ | शिक्षक सिकाइ समूह गठन तथा परिचालन | १ वटा ( पालिका) | ७ वटा | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | शिक्षक पेशागत विकासका लागि स्थानीय विज्ञ समूहको गठन | | १ वटा | ७ वटा | निरन्तर | |
| ६ | पठ्यक्रम कार्यान्वयन अभिमुखीकरण | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक |
| ७ | सूचना र प्रविधिमैत्री न्यूनतम साक्षरता भएका शिक्षक प्रतिशत | ४०% | ५०% | ७०% | ९५% | |
| | उत्कृष्ट शिक्षक प्रोत्साहन | २ पटक | २ पटक | २ पटक | २ पटक | २ पटक |
| | तहगत तलब मापन र व्यवस्थापन | | १ पटक | | | |
| | विषयगत शिक्षकहरुको दक्षता अभिवृद्धिका लागि तालिम | १ पटक | २ पटक | २ पटक | २ पटक | २ पटक |
| | महिला प्रधानध्यापक नियुक्ति र क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | महिला शिक्षक व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ४.२.६.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यहरु

| कार्यक्रमहरु | आधार वर्ष २०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ |
|---|---|---|---|---|---|
| पालिका अनुदान शिक्षण स्वयंसेवक तहगत रुपमा तलव भत्ता वृद्धि | ६०% | ७० % | ८० % | ९० % | १०० % |
| विषयगत तथा कक्षाअनुसार शिक्षकको व्यवस्था | ७० % | ८० % | ९० % | ९५ % | १०० % |
| शिक्षक तालिमको व्यवस्था | ५ पटक | ६ पटक | ७ पटक | ८ पटक | १० पटक |

| | | | | | |
|---|---|---|---|---|---|
| शिक्षक कर्मचारी तथा प्रधानाध्यापकको सेवा सुविधा वद्धि | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा |
| उत्कृष्ट शिक्षक सम्मान | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा |
| शिक्षक दरबन्दीको व्यवस्थापन | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा |
| शिक्षक सिकाइ समुह गठन र परिचालन | ३ | ३ | ३ | ३ | ३ |
| स्थानीय तहमा विज्ञ समूहको गठन र परिचालन | १ | १ | १ | १ | १ |

## ४.३.शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

शिक्षा मानव जीवनको सार्थकता प्रदान गर्ने एवं सर्वाङगीण विकास गर्ने प्रकृया हो । प्राचीन समयमा मानिसहरुले देखेर वा आफूले प्रत्यक्ष अनुभव गरेर तथा व्यवहारबाट शिक्षा प्राप्त गर्थे । समयको परिवर्तन संगै विस्तारै आफ्ना अग्रज, गुरु, धर्म प्रचारका विभिन्न पुस्तक तथा ग्रन्थका श्रवनबाट प्राप्त गर्दै औपचारिक ढङ्गबाट शिक्षा प्रदान गर्ने व्यवस्था भयो । यो अनौपचारिक माध्यम हुदै औपचारिक माध्यमबाट विकास र प्रसार भइरहेको छ । त्यसैगरी अहिले आधुनिक प्रविधिसंगै विभिन्न विद्युतीय अत्याधुनिक उपकरणबाट शिक्षा प्रदान र प्राप्त गरिएको अवस्था छ । शिक्षालाई सबैको पहुचमा पुऱ्याउनका लागि समय सापेक्ष सुहाउँदो ढङ्गबाट प्रदान तथा ग्रहण गर्दै लानु पर्ने आजको महत्वपूर्ण आवश्यकता देखिन्छ ।

नेपाल सामाजिक-सांस्कृतिक रुपमा विविधता भएको देश हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरुको बसोवास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रुपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रुपमा यही भिन्नताका आधारमा समाजिक विभेद र वञ्चितीकरण परेका समुदायहरु पनि छन् । उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपालीबाहेक अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदाय ऐतिहासिक रुपमा सामाजिक, आर्थिक तथा शैक्षिक वञ्चितीकरणको असर कुनै न कुनै रुपमा देखिने गरेको छ। भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैले यी वर्गका साथै विभिन्न किसिमका अपाङ्गता भएका तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुमा शिक्षाको पहुँच पुऱ्याई सहभागिता बढाउन थप प्रयास आवश्यक छ ।

शिक्षामा समता भन्नाले शारीरिक, मानसिक, सामाजिक, लैंगिक तथा अल्पसंख्यक अवस्थामा रहेका व्यक्ति र समुदायहरुलाई उनीहरुको आवश्यकताको आधारमा प्रदान गरिने शैक्षिक सहयोगलाइ नै शिक्षामा समता र समावेशीकरण हो । सामान्य रुपमा समावेशीकरण भन्नाले विभिन्न कारणले शिक्षाबाट बन्चित भएका बालबालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याउनु हो । व्यापक अर्थमा समाजमा रहेका हरेक वर्ग क्षेत्र, सम्प्रदाय, जातजाति, धर्म, द्वन्द्व पीडित, अपाङ्गता भएका, सडक बालबालिकाहरु, घरेलु हिंसामा परेका बालबालिका, श्रम शोषित बालबालिकाहरु लगायत शिक्षाबाट बन्चित रहेका वर्गलाई उनीहरुको आवश्यकता र चाहना अनुसारको शिक्षा प्रदान गरी गुणस्तरीय जीवन यापन गर्न सक्ने बनाई राज्यको मूलप्रवाहमा समाहित गर्नु हो ।

यस खण्डमा विविधताको सम्मान र समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श सेवामा अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि नेपालको विद्यालय शिक्षा पद्धतिमा हाल सम्मका कार्य तथा प्रगतिको समीक्षा गरी त्यसमा देखिएका अन्तरहरुका आधारमा चुनौतीहरु पहिचान गरिएको छ ।

### ४.३.२ वर्तमान अवस्था

समतामूलक एवं समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्ने सम्बन्धी संयुक्त राष्ट्र संघी य प्रमाणिक नियमहरु सन् १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्ता भएका व्यक्तिहरुको दशक सन् १९९३-२००२, सालामाङका घोषणा सन् १९९४ तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ तथा संयुक्त राष्ट्र संघीय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि सन् २००६ आदिमा प्रतिवद्धता जनाएको छ । यी सम्पूर्ण महासन्धि एवं घोषणापत्रहरुले अपाङ्गता भएका व्यक्ति लगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाका राष्ट्रिय कार्यक्रमको मूलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन् । विशेषगरी संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, सन् २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी संसद्ले अनुमोदनसमेत गरिसकेको छ ।

नेपालको शिक्षामा बालिका तथा महिलाहरु र अपाङ्गता भएकाहरुका लागि केही विशेष प्रबन्ध स्वरुप वि.सं. २०२१ मा ल्याबोरेटरी स्कुलमा दृष्टिविहिन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ । त्यसैगरी वि.सं. २०२५ देखि खगेन्द्रबहदुर बस्नेतको अगुवाइमा सुरु भएको नेपाल अपाङ्ग अन्ध संघ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरुको लागि आवासीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरुका लागि पनि आवसीय प्रवन्धको सुरुवात भएको थियो । अपाङ्ता भएका व्यक्तिको स्याहार तथा संरक्षण हाल काठमाडौँको जोरपाटीमा सञ्चालन भइरहेको छ ।

शिक्षा नियमावली २०२८ अनुरुप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भई अपङ्गता भएकाहरुको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ । बालिका तथा महिला शिक्षामा वि.सं. २०५० को दशकदेखि केही प्रोत्साहनमूलक कार्य प्रारम्भ भए पनि अपाङ्तालगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले बञ्चितीकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिताका लागि वि.सं. २०५० को दशकदेखि केही योजनावद्ध प्रयास सुरु भएको थियो ।

त्रिवेणी गाउँपालिकाले द्वन्द्व पीडित, सहिद परिवार, बेपत्ता, घाइते, अर्थिक विपन्नता र अपाङ्गता लगायत सबै किसमका बालबालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याउन छात्रवृत्ति बालमैत्री तथा अपाङ्ग मैत्री विद्यालय दिवाखाजा आदि कामहरु गरिरहेको छ । तर पनि शिक्षामा समता र समावेशीकरणका लागि धेरै कामहरु गर्न बाँकी नै छ । यस पालिकामा अपङ्गता भएका बालबालिकाका लागि स्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा धेरै बालबालिकालाई शिक्षाको मुल धारमा ल्याउन सकेको अवस्था छैन ।

त्रिवेणी गाउँपालिकाले शिक्षामा समतामूलक र समावेशिकरण विद्यालय निर्माण गर्न गत शैक्षिक सत्र. २०८० मा ५० विद्यालय अनुगमन सूचक र १०० अंक निर्धारण गरी विद्यालय अवस्था र प्रगति विवरण बारे ४ प्रकारका झण्डाहरु वितरण गरी सम्पन्न गरिसकेको छ साथै हरेक वर्ष आधारभूत तह कक्षा ८ र मा.वि. तह कक्षा १० का पालिका प्रथम, द्वितीय र तृतीय हुने छात्र छात्राहरुलाई नगद पुरस्कार सहित सम्मान गर्ने परिपाटिको अभ्यासलाई पनि निरन्तर गरिरहेको अवस्थामा बालबालिकाहरु पढाइ प्रति प्रतिस्पर्धात्मक वातावरणमा सिकाइ सिक्ने वातावरण तयार गरिएको छ ।

| समस्या | कारण | असरहरु |
|---|---|---|
| ▪ अपाङ्ग मैत्री भौतिक संरचनाको निर्माण नहुनु<br><br>▪ अनाथ, अपाङ्ग, हिंसापिडित, द्वन्द्व पीडित, सहिद परिवार, वेपत्ता बालबालिकाको खोजी कार्य गर्न नसक्नु ।<br><br>▪ औपचारिक तथा अनौपचारिक सिकाइ केन्द्रहरुमा समावेशीकरण नहुनु ।<br><br>▪ समावेशी तथा विशेष शिक्षा संचालनका लागि दक्ष, सिपयुक्त र तालिम प्राप्त श्रोत शिक्षकहरु नहुनु ।<br>▪ खुला विद्यालयको उचित व्यवस्थापन नहुनु ।<br>▪ विद्यालय छोडने दर बढनु । | ▪ अपाङ्ग मैत्री भौतिक संरचना निर्माणका लागि ठोस नीति तथा कार्यक्रम नहुनु ,<br><br>▪ अनाथ, अपाङ्ग, हिंसा पीडित, द्वन्द्व पीडित, सहिद परिवार र वेपत्ता बालबालिकाको समस्या प्राथमिकतामा नपर्नु ।<br><br>▪ राज्य र विद्रोही पक्षबाट हिंसामा परेका बालबालिकाहरुको शिक्षाका लागि आवश्यक पर्ने स्थानीय नीति तथा कार्यक्रम नहुनु ।<br><br>▪ विभिन्न कारणले शिक्षाबाट बन्चित बालबालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याउन नसक्नु ।<br><br>▪ खुला विद्यालयका लागि उचित नीति नियम नहुनु र स्थानीय तहबाट उपयुक्त वजेट व्यवस्था नहुनु ।<br>▪ अभिभावकको आर्थिक सामाजिक शैक्षिक पछ्यौटेपन र विद्यालयको समन्वयको अभाव । | ▪ अपाङ्ग बालबालिकाहरु शिक्षाको पहुँचमा पुग्न नसक्नु<br><br>▪ शैक्षिक क्षेत्रको समग्र नतिजामा असर पर्नु<br><br>▪ हरेक विद्यालयमा विद्यार्थी संख्या न्यून हुनु ।<br><br>▪ कमजोर धरातलका विद्यार्थीहरु सिकाइमा सधै पछि पर्नु ।<br><br>▪ विद्यालय छोडेका बालबालिकाहरु राज्यको लक्ष्य अनुरुप आ.वि. र मा.वि. तह निःशुल्क तथा अनिवार्य शिक्षा प्राप्त गर्न बन्चित हुनु ।<br>▪ विद्यार्थी संख्या कम तथा सिकाइ प्रभावकारी नहुनु र उपलब्धी नहुनु । |

### ४.३.३ उद्देश्यहरु

१. शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रुपामा कमजोर बालबालिकाको लागि आवश्यकता पहिचान गरी बालमैत्री एवं अपाङ्ग मैत्री भौतिक संरचना निर्माण गरी उनीहरुको अवसर र पहुँच सुनिश्चित गर्दै शसक्त स्वतन्त्र सम्मानित र मर्यादित जीवनयापन गर्न सक्ने बनाउने ।

२. महिला, दलित, जनजाति, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित, साहारा विहिन, अल्पसंख्यक तथा सामाजिक कारणले पछि परेका वर्ग, समुदाय, र व्यक्तिलाई शिक्षाको पहुँचमा ल्याउनु ।

३. विविधता, समता, एवं समावेसी शिक्षाका मूल्य मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने ।

४. पाठ्यक्रम पाठ्यसामग्री शिक्षण सिकाइ क्रियाकलाप शिक्षण विधि र मूल्यांकन प्रणालीमा विविधता (लचकता) समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री र अपाङ्गमैत्री बनाउनु ।

५. विद्यालयमा हुने सबै प्रकारका विभेद, दुर्व्यवहार, हेपाई र हिंसामुक्त वातावरण तयार पर्ने ।

६. लक्षित समूहका बालबालिकाहरुको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तरीय सुनिश्चित गर्नु ।

७. कठिन र असहज परिस्थितिका कारण अलमलको जीवन बाँचिरहेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यमबाट शिक्षामा उनीहरुको सहभागितालाई सक्रिय र अर्थपूर्ण बनाउनु ।

### ४.३.४ रणनीतिहरु

१. गाउँपालिका भित्र घरधुरी सर्वेक्षण गरी सम्पूर्ण बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी शिक्षामा पहुच तथा सहभागिताको व्यवस्था गर्ने ।

२. आर्थिक, समाजिक तथा शारीरिक रुपले कमजोर बालबालिकालाई पालिकाले आवश्यकताका आधारमा सहयोग गर्ने ।

३. विद्यालय शिक्षामा महिला, दलित, जनजाति, अपाङ्गहरु, र अल्पसंख्यकहरुको पहुँच तथा सहभागित सुनिश्चित गर्ने ।

४. बालबालिकाको आवश्यकता अनुसार पोशाक, स्टेस्नरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराउने ।

५. सिकाइ सहजीकरणमा समता, विविधता र समावेशी अवधारणा अनुसार सम्पूर्ण विधि अपनाउने

६. विद्यालयमा अभिभावको सहभागिता बढाउने साथै समता, विविधता र समावेशी शिक्षा सम्बन्धि जनचेतनामूलक कार्यक्रमको व्यवस्था गर्ने ।

७. पालिकामा स्रोत कक्षाहरु सञ्चालन र सीपयुक्त शिक्षकको व्यवस्थापन गर्दै विद्यालयमा कुनै प्रकारका विभेद हेपाई दुर्व्यवहार नहुने वातावरण सृजना गर्ने ।

८. अपाङ्गमैत्री विद्यालय कक्षाकोठा, शौचालय आदिको भौतिक संरचना निर्माणको लागि ठोस नीति नियम बनाउने ।

९. सबै प्रकारका बालबालिकामा उपयुक्त क्षमता विकास हुने गरी औपचारिक, अनौपचारिक खुला तथा दूर शिक्षा र निरन्तर सिकाइको व्यवस्था गर्न संघ र प्रदेश सरकारसंग समन्वय र साझेदारी गरिने छ ।

१०. अपाङ्गतामैत्री शिक्षण सिकाइ क्रियाकलाप गर्न नवीनतम् सूचना प्रविधिमा आधारित दक्ष मानवीय स्रोतको विकास गरिने छ ।

११. गाउँपालिकाभित्र निर्माण भइसकेका विद्यालयका पूर्वाधार र अब निर्माण हुने पूर्वाधारहरुलाई अपाङगतामैत्री बनाउदै लैजाने निति अबलम्वन गरिने छ ।

१२. अपाङ्गता भएका बालबालिकाहरुका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरु जस्तैः ह्वील चेयर, छडी, ब्रेल लिपी पुस्तक, साङ्केतिक चित्र आदि) को उचित प्रबन्ध गरिने छ ।

### ४.३.५. प्रमुख उपलब्धि तथा नतिजा

महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका बालबालिकाहरु, अल्पसंख्यक समुदायका व्यक्तिहरु, शारिरिक र मानसिक अपांगता भएका बालबालिकहरु, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितीमा परेका सबै बालबालिकाहरुको सार्वजनिक शिक्षामा पहुँच सहित समावेशीकरण भएको हुनेछ साथै विद्यालय तहको शिक्षामा उचित मनोसामाजिक परामर्शका साथ समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने ।

नतिजा र परिणात्मक लक्ष्य

| क.स | नतिजा | आ.बर्ष २०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयको इ.एम.आइ.एस. मा आपांगता भएका बाालबालिकाहरुको तथ्यांक परिविष्टकरण | ५० % | ६०% | ७५% | ८५ % | १०० % |
| २ | बालविवाह र अनमोल विवाहको अवस्था | ४०% | ३०% | २०% | १०% | ५% |
| ३ | अल्पसंख्यक, दलित, जनजाति, अल्पसंख्यक तथा अन्य विपन्न समुदायका बालबालिकाहरुको विद्यालयमा पहुँच | ५० % | ६५% | ७५ % | ८५ % | १००% |
| ४ | अपांगता भएका बालबालिकाहरुलाई ध्यानमा राखी विद्यालय जाने बाटो निर्माण तथा स्तरीकरण | १२ वटा | १९ वटा | ३८ वटा | निरन्तर | निरन्तर |
| ५ | अपांगता भएका बालबालिकाहरुको ध्यानमा | | सबै | सबै | सबै | सबै |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | राखी विद्यालय संरचना निर्माण तथा तयारी | | | | | |
| ६ | समावेशी शिक्षाको बारेमा तालिम प्राप्त शिक्षक | | ५० % | ७० % | निरन्तर | निरन्तर |

## ३.१.६. मुख्य क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | कार्यक्रम | आ.बर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | समावेशी शिक्षा सम्बन्धि तालिम तथा अभिमुखीकरण | | ५०% | ७०% | ८० % | १०० % |
| २ | बालविवाह तथा अन्य सामाजिक कुसंस्कारहरुको विरुद्ध अभियान | सबै | सबै | सबै | सबै | सबै |
| ३ | अल्पसंख्यक, दलित, जनजाति, अल्पसंख्यक तथा अन्य विपन्न समुदायका बालवालिकाहरुको विद्यालयमा पहुँचका सचेतना कार्यक्रम | १ पटक | २ पटक | २ पटक | २ पटक | २ पटक |
| ४ | विद्यालय जाने बाटो स्तरीकण तथा निर्माण | १२ वटा | १९ वटा | ३८ वटा | निरन्तर | निरन्तर |
| ५ | अपांगता भएका बालवालिकहरुलाई ध्यानमा राखी विद्यालय संरचना निर्माण तथा तयारी | | सबै | सबै | सबै | सबै |
| ६ | समावेशी शिक्षाको बारेमा तालिम तथा अभिमुखीकरण | १ वटा | २ वटा | २ वटा | निरन्तर | निरन्तर |
| ७ | अपांगता भएका बालवालिकाहरुको आवश्यकता पहिचान | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | अपांगता मैत्री शौचालय निर्माण तथा व्यवस्थापन | १२ वटा | १९ वटा | ३८ वटा | सबै | सबै |
| ९ | पालिका स्तरमा अपांगता सम्बन्धि तथ्यांक संकलन र व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ४.४. विद्यालय स्वास्थ्य तथा पोषण

### ४.४.१.परिचय

त्रिवेणी गाउँपालिका रोल्पाका १२ वटा विद्यालयहरुमा विद्यालय नर्सिङ सेवा कार्यक्रम लागु रहेको छ जसले गर्दा विद्यालय स्वास्थ्य तथा पोषण सेवा कार्यक्रमलाई अझै प्रभावकारी रुपमा प्रवाह गर्न मद्दत पुगेको छ। विस्तारै सबै विद्यालयहरुमा सो कार्यक्रम विस्तार गर्ने गाउँपालिकाको लक्ष्य रहेको छ। स्वस्थ शरीरमा नै स्वस्थ दिमाग रहन्छ भन्ने भनाइ प्रचलित रहेको छ। बालबालिका स्वस्थ नभएसम्म उनीहरुले राम्रोसँग ज्ञान हासिल गर्न सक्दैनन् भन्ने कुरा त सर्वसाधारण अभिभावकहरुलाई पनि जानकारी भएको बिषय हो। बालबालिकाको विकास तथा उमेरगत सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइमा सक्रिय सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। बालबालिकाहरूको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू प्राप्ति र यस्ता आधारभूत स्वास्थ्य सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रुपमा सहज, प्रभावकारीता, मितव्ययिता बनाउन सहयोग पुग्दछ।

नेपालको संविधानको मुलभूत सिद्धान्तमा खाद्य सम्प्रभुतालाई मौलिक हकको रुपमा स्वीकारिएको सन्दर्भमा नेपालको राष्ट्रिय स्वास्थ्य नीति २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ एवं बालबालिका सम्बन्धी अन्य कानूनले बालबालिकाको स्वास्थ्य पोषण तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकार स्थापित गरेको छ।

### ४.४.२. वर्तमान अवस्था

त्रिवेणी गाउँपालिकामा विद्यालय स्वास्थ्य सम्बन्धी केहि प्रयासहरु त भैरहेकै छन्। प्रत्येक विद्यालयमा प्राथमिक उपचार बाकस वितरण भएको छ। योजना अनुसार सेनिटरी प्याड वितरण भएको छ। बालबालिकाहरुलाई जुकाको औषधि खुवाएको तथा अन्य पोषणका कार्यक्रहरु भएका छन्। तर प्राथमिक उपचार बाकसमा थप औषधि नभएर बाकस रित्तियको अवस्था देखिन्छ। त्रिवेणी गाउँपालिकाबाट स्वास्थ्य सम्बन्धि परामर्श, प्रशिक्षण तथा तालिम जस्ता चेतनामूलक कार्यक्रमहरु विद्यालयमा त्यति भएको छैन। भनिन्छ स्वस्थ बालबालीकाहरुको सिकाई छिटो, दिगो तथा प्रभावकारी हुन्छ। त्यसका लागि विद्यालयले स्वच्छ खानेपानी, खाजा, सफा शौचालयको व्यवस्था गर्नु पर्दछ भने यी सबै काममा विद्यालयलाई सघाउनु अभिभावकहरूको कर्तव्य हुन आउँछ। अभिभावकहरुले पनि घरमा बालबालीकाहरुको स्वास्थ्य अवस्था के कस्तो छ भनि हरेक ३ महिनामा जाँच गराउनु जरुरी हुन्छ। अहिले बालबालिकामा बजारमा पाइने पाकेटमा राखिएका चाउचाउ, बिस्कुट जस्ता खाद्यपदार्थ र विभिन्न ब्राण्डका पेय पदार्थहरू खाने बानी नै बसिसकेको छ। यस्ता पदार्थहरू स्वास्थ्य र पोषणको दृष्टिले कुनै महत्वका नहुनुका साथै हानिकारक पनि भएको समाचार र सन्देश विभिन्न सञ्चार माध्यमहरूमा समय समयमा प्रकाशित भएको पाइन्छ। त्यसैले यस विषयलाई गम्भिरतापूर्वक लिएर विद्यालयमा स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु जरुरी छ। विद्यालयको दिवाखाजामा स्थानीय तहमा पाइने कोदो, मकै, भटमास, गहुँ, फापर, फलफूल, तरकारी, गेडागुडीबाट बनेका ताजा खानेकुराहरु खुवाए अत्यन्तै राम्रो हुन्छ। साथै विद्यालयमा बालबालिका अध्ययनरत ५ वर्षमुनिका बालबालिकाहरुले नेपाल सरकारबाट प्राप्त गर्ने पोषण भत्ताको उपयुक्त प्रयोग भए नभएको अनुगमन नभएको र विद्यालयमा भर्ना गर्दा पूर्ण खोप कार्ड ल्याउने व्यवस्था नभएको।

समस्या, कारण र असरहरु

| समस्या | कारण | असर |
|---|---|---|
| ▪ प्राथमिक उपचार बाकसको व्यवस्था तथा सामग्रीको पुनर्भरण नहुनु , | ▪ सम्बन्धित निकायबाट व्यवस्था नहुनु, | ▪ दुर्घटना तथा इमरजेन्सी विरामीलाई तत्काल समस्या पर्नु ,<br>▪ बालबालिकाको सिकाइमा नकारात्मक प्रभाव पर्नु, |
| ▪ स्वास्थ्य तथा पोषण सम्बन्धी जनचेतनाको अभाव, | ▪ स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रहरु नहुनु | ▪ जंकफुडको अत्याधिक प्रायोग भई कुपोषण वृद्धि,<br>▪ बालबालिकाहरुको खानपान फोहर भई रोगले सताउनु, |
| ▪ पोषणयुक्त दिवाखाजाको अभाव, | ▪ अभिभावकहरुले बालबालिकाहरुलाई खाजा खानाको लागि पैसा दिनु ,<br>▪ बालबालिकाहरु जंकफुड तिर आकर्षित हुनु , | ▪ बालबालिकाहरुलाई विभिन्न रोगले आक्रमण गर्नु, |
| ▪ बालबालिकामा मानसिक तनाव | ▪ अभिभावक तथा शिक्षकको दबाव<br>▪ बोझिलो र निगमन शिक्षण विधि<br>▪ दण्ड युक्त शिक्षण | ▪ पढाइमा मन नजानु तथा कक्षा छोड्नु,<br>▪ बालबालिकाहरु झन्किनु तथा रिसाउनु,<br>▪ कुलतको दलदलमा फस्नु |
| ▪ विद्यालय नर्स तथा विद्यालय सम्पर्क व्यक्तिलाई उचित तालिम नहुनु, | ▪ सम्बन्धित निकायबाट तालिमको व्यवस्था नहुनु | ▪ बालबालिका रहेका स्वास्थ्य संस्थाको पहिचान, प्राथमिक उपचार गर्न कठिनाई |
| ▪ बालबालिकाहरु व्यक्तिगत सरसफाईमा कमी | ▪ अभिभावकको बालबालिकामा ध्यान दिन नसक्नु, | ▪ बालबालिकालाई विभिन्न रोगवाट संक्रमण हुनु |

## ४.४.३.उद्देश्य

१. विद्यालय जाने उमेरका सबै बालबालिकालाई स्वस्थ रहन आधारभूत स्वास्थ्य सेवाको सुनिश्चित गर्ने ।

२. विद्यालयको वातावरणीय सरसफाइ सुधार गरी स्वस्थ तथा सुन्दर विद्यालयको व्यवस्था गर्ने ।

३. विद्यालय खाजामा प्रयोग हने सबै उत्पादनहरु रैथाने र स्थानीय स्तरको उत्पादनमा आधारित बनाइ बालबालिकाको पौष्टिक र गुणस्तरीय खाजा प्राप्तिको सुनिश्चितता गर्ने ।

### ४.४.४.रणनीतिहरु

१. प्रत्येक विद्यालयमा आधारभूत स्वास्थ्य सुरक्षाको लागि प्राथमिक उपचार सामग्री उपलब्ध गराउने

२. विद्यालयमा स्वास्थ्य तथा पोषण सम्पर्क व्यक्तिको व्यवस्था गर्ने ।

३. गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयमा एक एक जना शिक्षक वा कर्मचारीलाई स्वास्थ्य तथा पोषण सम्बन्धी तालिमको व्यवस्था गर्ने ।

४. विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने ।

५. बालक्लब, युरेस/जुरेस र नाटाका विद्यार्थीहरूलाई स्वास्थ्य स्वयं सेवाका लागि प्रेरित गर्ने ।

६. पोषणयुक्त ताजा र स्थानीय स्तरबाट प्राप्त हुने दिवाखाजाको  व्यवस्था गर्ने ।

७. आधारभूत तथा माध्यमिक विद्यालयहरुमा सेनेटरी प्याडको व्यवस्था गर्ने ।

८. विद्यालयमा हरेक दिन विहानको प्रार्थाना समयमा बालबालिकाहरुलाई स्वास्थ्य सम्बन्धी छोटो सन्देश दिने ।

९. विद्यालयको दूरीका व्यवस्थापन गरी विद्यालयको पहुँचमा रहने गरी नर्सको व्यवस्थापन गर्ने ।

१०. स्थानीय स्तरमा उत्पादन भएका पोषणयुक्त वस्तुहहरु जस्तै अण्डा, माछा, मासु, साग, आलु, पिडालु, फर्सी, मकै भट्ट, गौ, जौ, कोदो, चामल, गेडागुडी लगायतका खाद्यन्नहरुको प्रयोगलाई पहिलो प्राथमिकतामा राख्ने ।

११. दिवा खाजा र विद्यालय पोषण सम्बन्धि विभिन्न कार्यक्रमहरुको अनुगमन र मूल्यांकनका लागि आवश्यक संरचना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

### ४.४.५.प्रमुख उपलब्धी तथा नतिजा

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाहरुको स्वास्थ्य र पोषण आवस्थामा सुधार भई गुणस्तरीय सिकाइका लागि आवश्यक पर्ने शारिरीक र मानसिक रुपमा बालबालिकाहरु तयार हुनेछन् ।

२. विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुको नियमित स्वास्थ्य जाँच कार्यक्रम संचालन भइ स्वस्थ नागरिक निर्माण भएको हुनेछन् ।

३. स्वास्थ्य तथा पोषणयुक्त दिवाखाजाको व्यवस्थापन भएको हुनेछ ।

४. पोषणयुक्त स्थानीय उत्पादनमा वृद्धि भई अर्गानिक वस्तुहरुको उत्पादन, वितरण र प्रयोग भएको हुनेछ ।

५. सबै बालबालिकाहरुको स्वास्थ्य सम्बन्धि विशेष रेकर्ड बनेको हुनेछ ।

नतिजा तथा परिणात्मक लक्ष्य

| क.स | सूचकहरु | आ.बर्ष २०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिकाहरु मध्ये आवश्यक खोप व्यवस्थापन भएका बालबालिका | ९० | ९२.० | ९४.० | ९८.० | १०० |
| | विद्यालयमा दिवा खाजा प्राप्त गर्ने | ९८.०% | ९९.०% | १००.०% | | |
| | नियमित रुपमा स्वास्थ्य जाँच गराउने बालबालिका | ७०.% | ७५.०% | ८०.०% | ९०.% | १००.०% |
| | प्राथमिक स्वास्थ्य प्राप्त गर्ने विद्यालयहरुको संख्या | | | | | |
| | स्वच्छ खानेपानी व्यवस्था भएका विद्यालय संख्या | | | | | |
| | मनोपरामर्श संचालन भएका विद्यालय संख्या | | | | | |
| | अर्गानीक दिवाखाजा व्यवस्थापन गर्ने विद्यालय संख्या | | | | | |
| | खाजा व्यवस्थापनमा अभिभावकहरुको संलग्नता भएका विद्यालयहरुको संख्या | | | | | |

## ४.४.६.मुख्य कार्यक्रम र परिमाणात्मक लक्ष्य

| कार्यक्रहरु | आधार बर्ष २०८१/०८२ | २०८२ /०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ | २०८५/ ०८६ |
|---|---|---|---|---|---|
| प्राथमिक उपचार बाकस व्यवस्थापन तथा सामग्री पुनःभरण | ६०% | ७० % | ८० % | ९० % | १०० % |
| शिक्षक तथा कर्मचारीलाई प्राथमिक उपचार सम्बन्धी तालिम | १ पटक | २ पटक | ३ पटक | ४पटक | ५ पटक |
| विद्यार्थी स्वास्थ्य परीक्षण | २ पटक | ४ पटक | ४ पटक | ४ पटक | ४ पटक |
| एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम | ३२ % | ४० % | ५० % | ८० % | १०० % |
| विद्यालयको वातावरणीय सरसफाई | २ पटक | ४ पटक | ४ पटक | ४ पटक | ४ पटक |
| वातावरणीय स्वास्थ्य र सचेतना सम्बन्धी कार्यक्रम | २ पटक | ४ पटक | ४ पटक | ४ पटक | ४ पटक |
| पोषणयुक्त दिवा खाजाको व्यवस्था | ५० % | ६० % | ७५ % | ८५ % | १०० % |
| छात्राहरु तथा शिक्षिकाहरुका लागि निःशुल्क सेनिटरी प्याड वितरण | १०० % | १०० % | १०० % | १०० % | १०० % |
| विद्यालयको प्रार्थना समयमा विद्यार्थीहरुको सरसफाई अवलोकन तथा पृष्ठपोषण | प्रत्येक दिन | प्रत्येक दिन | प्रत्येक दिन | प्रत्येक दिन | प्रत्येक दिन |

## ४.५.१ परिचय

प्राकृतिक तथा मानव सिर्जित घटनाहरु जसले मानव, आवास, अर्थतन्त्र, पशुपन्छी, धनसम्पति तथा वातावरणमा गम्भीर नोक्सान पुचाउने संकटपूर्ण अवस्थाको सृजना गर्दछ त्यो नै विपद वा आपतकालीन अवस्था हो । यस प्रकारको संकटपूर्ण अवस्थामा बालबालिकाहरुलाई सुरक्षित गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न योजना निर्माण आवश्यक हुन्छ । यो असमान अवस्थाको वैज्ञानिक एवं व्यवहारिक तवरले सामना र व्यवस्थापन गर्दै बालवालिकाहरुको शारिरीक, मानसिक अवस्थाको ख्याल गर्दै शैक्षिक क्षति न्यूनीकरण गर्दै जोखिमबाट बच्ने र बचाउने प्रयास निरन्त जारी राख्न स्थानीय तह, विद्यालय परिवार, समुदाय एवं अभिभावकको संलग्नता जरुरी हुन्छ । प्राकृतिक विपत्तिलाई रोक्न सकिदैन तर पनि यसको प्रतिकार्य, उद्धार एवं उत्थानको लागि ठोस योजना तथा तत्परता, सामूहिक प्रयास, सहयोग, सहभागिता, सहकार्यले प्रतिकार्यलाई प्रभावकारी बनाई क्षति न्यूनीकरण गर्न सकिन्छ भने उत्थान कार्यदललाई तत्काल उद्धार कार्यमा परिणाममुखी तबरले अगाडि बढाउन मद्दत मिल्छ । हरेक विद्यालयले एउटा प्रतिकार्य योजनाको निर्माण गरी कार्यान्वयन गर्न सकेमा मात्र जोखिम न्यूनीकरण गर्न एवं उत्थानशील कार्य गर्न सम्भव हुन्छ । समयमा नै जानकारी, चेतावनी, उद्धार, प्राथमिक उपचार, औषधि, अस्पताल पुचाउने व्यवस्था पानी, खाना एवं आश्रयस्थलको प्रबन्ध गर्न सक्ने गरी तयारी अवस्थामा रहनु विद्यालय, विद्यार्थी , शिक्षक, समुदाय सबैको लागि अपरिहार्य छ । यस कुराको गम्भीरतालाई आत्मसाथ गर्दै त्रिवेणी गाउँपालिकाको तर्फबाट आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा योजना निर्माण गरिएको छ ।

## ४.५.२ वर्तमान अवस्था

नेपाल भुकम्पीय जोखिमको दृष्टिले उच्च जोखिम क्षेत्रमा पर्दछ । वर्षेनी बाढी, पहिरो, डुबान, भूक्षय, आगलागी, डढेलो एवं महामारीजन्य रोगहरूवाट ठूलो जनधनको क्षती भइरहन्छ । यस्ता प्राकृतिक विपत्तिहरुबाट विद्यालय, शिक्षक, कर्मचारी तथा विद्यार्थीरुलाई सुरक्षित गरी प्रकोप न्यूनीकरण गर्नु प्रत्येक विद्यालय एवं गाउँपालिकाको मुख्य चुनौति हो । बालबालिकालाई शारीरिक र मनोवैज्ञानिक रूपमा सुरक्षा प्रदान गर्न, बालबालिकाको आत्मविश्वास बनाउन, उनीहरुमा भएका क्षमता अभिवृद्धि गर्न, प्रत्येक बालबालिकाको विद्यालय क्रियाकलापमा सहभागिता बनाउन, बालबालिकालाई निडर, अनुशासित र मर्यादित बनाउन, जीवनोपयोगी सीप र ज्ञान आर्जनको लागि सजिलो पार्न, भेदभावरहित समान रूपमा व्यवहार पाउँने अवसर दिन तथा गुणात्मक शिक्षाका लागि विद्यालय छोड्ने परिपाटी घटाउन विशेष पहल भईरहेको ।

कोभिड-१९ को असरसँगै स्थानीय तहमा आपतकालीन शिक्षा योजना निर्माण गर्ने कार्यमा तीव्रता आएको देखिन्छ । यस कार्यमा विभिन्न विकास साझेदार संघ/संस्थाहरूको सक्रियता पनि बढिरहेको छ । बालबालिकाहरूलाई आपतकालीन अवस्थामा पनि सहज समायोजन गर्दै सिकाइ निरन्तरताको वातावरण निर्माण गर्न अति आवश्यक छ । आपतकालीन शिक्षा योजना निर्माण गर्दा भैपरी आउने असामान्य परिस्थिति वा विपदको आकलन गरी सोसँग सम्बन्धित कार्ययोजना निर्माण गर्नुपर्ने हुन्छ । हाम्रा शैक्षिक संस्थाहरूको अवस्था, सम्भावित जोखिमको पूर्वानुमान, विपद्पूर्व गरिनुपर्ने कामहरू, विपदको समयमा ध्यान दिनुपर्ने पक्षहरू र विपद् पश्चातको शैक्षिक व्यवस्थापन र सिकाइ

निरन्तरताको सवालमा वस्तुगत अध्ययन गरी योजना समयमै निर्माण गर्न सकेको अवस्था छैन । शिक्षाका लागि न्यूनतम मापदण्ड पूर्व तयारी, प्रतिकार्य र सुधारका मार्ग पहिल्याउन हाम्रो त्रिवेणी गाउँपालिकाले सुरुवात गरेतापनि रुपमा कार्यान्वयन हुन सकेको छैन । बाढीजन्य भुकम्पीय र चट्याङ जस्ता विपदको क्षतिपूर्ति र अवलोकन तथा मूल्यांकन गरी पालिका स्तरकै बृहत विपद् प्रतिकार्य योजनालाई मूर्त रुप दिनुपर्ने हुन्छ ।

यस त्रिवेणी गाउँपालिका आपतकालीन अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि शिक्षा प्रतिकार्य योजना, २०८० जारी गरिएको छ । विद्यालयहरुले विपद जोखिम नक्सांकन गरिएको अवस्था रहेको छ । विद्यालयमा फोकल शिक्षक तोकिएको अवस्था छ । विद्यालय तहको पाठ्यक्रमलाई केन्द्रित गरी विभिन्न विषयमा विभिन्न माध्यमद्वारा अनलाइन, अफलाइन सिकाइ सामग्री तयार भै वेबसाइटमा राखिएको भएपनि  कक्षा १ देखि १० सम्मका लागि रेडियो तथा दूर शिक्षा पाठ प्रसारणको माध्यमबाट खासै उपलब्धि हासिल गर्न सकिएको छैन । यसका अतिरिक्त कोभिड महामारीको अवस्थामा सुरक्षाका सामान्य उपायहरूसहित सिकाइलाई निरन्तरता दिन सहयोग पुग्ने र विद्यार्थी शिक्षकमा परेको मनोसामाजिक असरलाई कम गर्ने खालका चेतनामूलक सन्देश तयार गरी मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा राखिएको र केही रेडियो टिभीबाट प्रसारणसमेत गरिदै आएको भएतापनि त्यस्ता कुराहरुमा सबैको पहुँच पुर्याउन र यसलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ ।
विद्यालय क्षेत्रमा विपद व्यवस्थापन अर्न्तगत आगलागी, भुकम्प, बाढी जस्ता प्रकोप न्युनीकरण सावधानी तथा बच्ने उपाय सम्बन्धमा तालिम तथा कार्यक्रम सन्चालन भएका छन् ।

| समस्या | कारण | असर |
|---|---|---|
| ▪ अनियन्त्रित तरिकाले भौतिक संरचना निर्माणको निर्माण हुनु<br>▪ आवश्यकता अनुसार शौचालयहरु निर्माण नहुनु ।<br>▪ विपद प्रतिरोधी सामग्रीको जडान नहुनु<br>▪ प्रतिरक्षात्मक तालिम एवं चेतना नपुग्नु | ▪ जग्गाको अभाव तथा प्राविधिक मापदण्ड नपुग्नु ।<br>▪ आर्थिक अभाव<br>▪ प्रशिक्षकको अभाव तथा विपद विषयलाई प्राथमिकतामा नराख्नु | ▪ भौतिक संरचनाहरुमा क्षति हुनु ।<br>▪ प्रदुषित/दुर्गन्धित वातावरण<br>▪ सबै संरचनामा क्षति पुग्नु<br>▪ भौतिक तथा मानवीय क्षति |
| ▪ भुकम्प प्रतिरोधी भवन पूर्ण रुपमा निर्माण नहुनु | ▪ आर्थिक अभाव र पुराना भवन प्रयोगको निरन्तरता | ▪ प्राकृतिक वित्तिको अवस्थामा धनजनको क्षति संगै मानवीय क्षति हुने |
| ▪ विद्यार्थी आउनेजाने क्षेत्र पुलको अभाव हुनु | ▪ आर्थिक अभाव | ▪ वर्षादको समयमा विद्यालय निरन्तरता नहुनु |

### ४.५.३ उद्देश्यहरु

१.गाउँपालिकाको विपद् कोषलाई शिक्षा क्षेत्रमा भएको क्षतिको पुनर्स्थापनाका लागि समेत परिचालन गरी प्रत्येक विद्यालयमा विद्यालय सुरक्षा योजना निर्माण गर्नु ।

२ प्रत्येक विद्यालयमा विपद् व्यवस्थापन फोकल शिक्षक छनोट गरी आवश्यक तालिम प्रदान गर्नु

३ सम्पूर्ण भौतिक संरचनाहरू सवलीकरण गरी सुरक्षित कक्षाकोठा निर्माण गर्नु।

४ प्राकृतिक प्रकोपजन्य घटनाबाट सृजित अवस्थामा वैकल्पिक शिक्षालाई प्राथमिकता दिनु ।

५ विपद्का कारणबाट पालिकाको आर्थिक, भौतिक एवं मानवीय क्षतिमा कमी ल्याउनु ।

६ विद्यालयभित्र र बाहिर वृक्षारोपण कार्यक्रम आयोजना गर्नु ।

### ४.५.४ रणनीतिहरु

१. विपद् व्यवस्थापन तथा क्षति न्यूनीकरणका लागि भौतिक, आर्थिक तथा मानव श्रोत तयारी अवस्थामा राख्ने ।
२. संभावित संकटको पूर्वानुमान गरी त्यसको व्यवस्थापन एवं उत्थानशीलताको लागि श्रोत खोजी, पहिचान एवं तयारी गर्ने ।
३. विद्यालय सुरक्षा योजनाअनुरुप तयार हुने र योजना निर्माण गर्ने ।
४. शिक्षक विद्यार्थी, अभिभावक समुदायलाइ विपत्पूर्ण अवस्थाको सामना, प्रतिकार्य उत्थानशीलताको बारेमा क्षमता विकास गर्ने र प्रकोपसंग जुध्ने क्षमताको सुनिश्चितता गर्ने ।
५. प्राथमिक उपचार, महामारी, आकस्मिक दुर्घटना तथा अन्य प्रकोपको रोकथाम र प्रतिकार्यको लागि तयारी गर्ने।
६. विपद्पूर्ण अवस्थामा वैकल्पिक शिक्षाका विकल्पहरु कार्यान्वयन, सञ्चालन गर्ने।
७. वैकल्पिक शिक्षणको लागि साधन श्रोतको व्यवस्था गरी विद्यालयको क्षमता अभिवृद्धि गर्ने।
८. विभिन्न सरोकारवाला निकाय, संघ संस्थाहरुसंग समन्वय गरी मौषमी पात्रो, कार्ययोजना निर्माण गर्ने ।
९. नेपाल रेडकस सर्कलसंग समन्वय गरी प्रत्येक विद्यालयमा जोखिम व्यवस्थापन गर्न सर्कल गठन गर्ने ।

### ४.५.५. प्रमुख उपलब्धि तथा नतिजा

१. त्रिवेणी गाउँपालिकामा विपद् प्रतिकार्य कोष निर्माण भई कार्यान्वयनमा आएको छ ।
२. प्रत्येक विद्यालयमा विद्यालय सुरक्षा योजना निर्माण भएको छ ।
३. प्रत्येक विद्यालयमा विपद व्यवस्थापन फोकल शिक्षक तोकिएको छ।
४. सम्पूर्ण भौतिक संरचनाहरू सवलीकरण गरी सुरक्षित कक्षाकोठा निर्माण भएका हुनेछन् ।
५. प्राकृतिक प्रकोपजन्य घटनाबाट सृजित अवस्थामा वैकल्पिक शिक्षालाई प्राथमिकता रहेको हुनेछ
६. विपत्को कारणबाट पालिकाको आर्थिक, भौतिक एवं मानवीय क्षतिमा कमी आएको हुनेछ ।
७. विद्यालयभित्र र बाहिर वृक्षारोपण कार्यक्रम आयोजना भएको हुनेछ ।
८. जोखिम व्यवस्थापन गर्न रेडक्रस सर्कल सक्रिय बनाइने छ ।

## ४.५.६.नतिजा र परिणात्मक लक्ष्य

| क्र.स | सूचकहरु | आधार बर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | कोभिड १९ लगायत अन्य महामारी तथा प्राकृतिक र मानवीय विपदका समयमा सिकाइ निरन्तर गर्ने विद्यालय संख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| २ | महामारी, विपद र सिकाइ निरन्तरता सम्बन्धि सचेतनामूलक कार्यक्रम संचालन गर्ने विद्यालय संख्या | १२ | २० | ३८ | ३८ | ३८ |
| ३ | विपद न्यूनीकरण सम्बन्धि पूर्व तयारी योजना निर्माण गर्ने विद्यालय संख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| ४ | प्ररम्भिक बालविकास र प्रारम्भिक कक्षाहरु १ देखि ३ मा समेत डिजिटल शैक्षणिक सिकाइ संचालन गर्ने विद्यालय संख्या | छैन | ५ | ८ | २० | ३८ |
| ५ | घरपरिवारमा सुरक्षित सिकाइ कुनाको व्यवस्थापन गर्न सक्ने परिवारहरुको संख्या | – | – | – | – | – |
| ६ | विद्यालयमा सुरक्षित स्थान पहिचान भई अभ्यास गर्न सक्ने विद्यालय संख्या | २० | २५ | ३० | ३५ | ३८ |
| ७ | सामाजिक मनोपरामर्श प्रदान गर्ने विद्यालय संख्या | ८ | १२ | २० | ३० | ३८ |
| ८ | जोखिम न्युनीकरणका लागि उत्थानशीलता क्षमता वृद्धि गरेका विद्यालय संख्या | छैन | ४ | १२ | २० | ३८ |

क्रियाकलापहरु

| क्र. स. | शिक्षाका प्रमुख क्रियाकलापहरु | इकाई | पाँच वर्षको भौतिक लक्ष्य | | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रुपमा प्रभाव पार्ने विपद् वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गर्ने । | पटक | १ | - | - | - | - | - | संघ, प्रदेश र प सरकारको सह |
| २ | पालिका र विद्यालय तहमा विपतको अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यन्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने । | न्यूनतम उपकरण मौज्दात | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | संघ, प्रदेश, पालिका तथा गैसस |
| ३ | स्थानीय तहलाई संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना निर्माण तथा कार्यान्वयन गर्न सहजीकरण गर्ने । | बृहत योजना निर्माण | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | संघ, प्रदेश, पा गैसस |
| ४ | विपत् तथा संकटको व्यवस्थापनसँग सम्बन्धित गाउँपालिका स्तरीय संयन्त्र र मापदण्ड तयार गरी कार्यान्वयन गर्ने । | संयन्त्र निर्माण | सकृय भएको हुने | सकृय भएको हुने | सकृय भएको हुने | सकृय भएको हुने | सकृय भएको हुने | सकृय भएको हुने | संघ, प्रदेश र प तीनै तह |
| ५ | विद्यालयको पूर्वाधार तयार गर्दा हरेक प्रकारका जोखिम, दुर्घटना, प्रकोप र महामारीबाट सुरक्षित रहने गरी निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने गरी कानुन बनाई कार्यान्यिन गर्ने । | विद्यालय सुरक्षा योजना | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | पालिका तथा प्रदेश |
| ६ | विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त | विद्यालय हरियाली | समन्वय सहकार्य | समन्वय सहकार्य | समन्वय सहकार्य | समन्वय सहकार्य | समन्वय सहकार्य | समन्वय सहकार्य | पालिका, प्रदेश र संघ सरकार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रुपमा विकास गर्न विद्यालयहरसँग समन्वय र सहकार्य गर्ने । | योजना | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | |
| ७ | विद्यालयहरुमा बालबालिकाहरुको लागि सुरक्षित र भय रहित वातावरणमा सिकाइका अवसर सिर्जना गर्नका लागि सरोकारवालाहरुको क्षमता अभिवृद्धि गरी सुरक्षित र संरक्षित रहेको सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने । | सरकोकारवालाको क्षमता विकास | क्षमता विकास भएको हुने | क्षमता विकास भएको हुने | क्षमता विकास भएको हुने | क्षमता विकास भएको हुने | क्षमता विकास भएको हुने | क्षमता विकास भएको हुने | पालिका प्रदेश गैस |
| ८ | विद्यालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकसजस्ता आपतकालीन सामग्री व्यवस्थापन गर्नका लागि संघ र प्रदेश लगायत विद्यालयसाग समन्वय र सहकार्य गर्ने । | न्युनतम पुर्वाधार | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | पालिका र प्रदेश र संघ सरकार |
| ९ | विद्यालयमा सुरक्षित विद्यालय र विपत व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवं व्याहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालयको वार्षिक कार्यतालिकामा राख्ने । | बिपत प्रतकार्य योजना | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | पालिका र प्रदेश र संघ सरकार |
| १० | सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपत् व्यवस्थापन, जलवायु परिवर्तन, | तालिम | भएको हुने | भएको हुन | भएको हुन | भएको हुन | भएको हुन | भएको हुन | पालिका, संघ, प्रदेश शिक्षा विकास तथा मानव श्रोत विकास केन्द्र |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वातावरण संरक्षण, स्वास्थय, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यवहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | | | | | | | | |
| ११ | सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी विपत् व्यवस्थापन सिकाइ केन्द्रका रुपमा समेत विकास गर्ने । | बिपत श्रोत केन्द्र | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | पलिका र प्रदेश सरकार |
| १२ | बाढीपहिरो, भूकम्प र महामारीको समयमा विद्यालयको सट्टा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरुमा बहुउद्देश्यीय साझा घर निर्माण गर्ने । | बहु उदेश्यीय भवन | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | पलिका र प्रदेश सरकार |
| १३ | पालिका, वडा र विद्यालयस्तरमा विपत्को समयमा शैक्षिक क्षेत्रमा सहयोग पुग्ने गरी स्थायी किसिमको विपत् व्यवस्थापन कोषको व्यवस्था गरिने छ । | कोष स्थापना | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | पालिका प्रदेश संघ |
| १४ | विद्यालय शान्ति क्षेत्र सम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत संघ संगठन तथा विद्यार्थी संगठनहरु र अन्य सामुदायिक क्षेत्र बिच समन्वय गर्ने । | समन्वय | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | प्रदेश सरकार र पालिका |

## ४.६. विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१. परिचय

गुणस्तरी शैक्षणिक सिकाइका लागि भौतिक पूर्वाधार विकास पहिलो शर्तको रुपमा रहन्छ । सुरक्षित र सिकाइ मैत्री संरचनाले नै बालबालिकाहरुको सिक्ने दिनको मानसिक अवस्थामा प्रभाव पार्दछ । भौतिक पूर्वाधारको विकास भन्ना साथ विद्यालयहरुको भवन, कक्षाकोठा, फर्निचर व्यवस्थापन, शैक्षिक तथा वैज्ञानिक प्रयोगशालाहरु, सुरक्षित खेलमैदान, शौचालय व्यवस्थापन, सफा खानेपानी तथा सरसफाइ र प्रारम्भिक कक्षाहरुमा अध्ययनरत बालबालिकाहरुका लागि विशेष व्यवस्थापन सहितका भौतिक संरचनाहरु, अपांगता भएका बालबालिकाहरुका लागि अपांगमैत्री भौतिक संरचना लगायतका पूर्वाधार पर्दछन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतको व्यवस्थापन भएको हुनुपर्ने कुरालाई अनिवार्य गरेको छ । एक विद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १ वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ । उल्लेखित नीतिहरुको सफलता पूर्वक कार्यान्वयनका लागि त्रिवेणी गाँउपालिकाको पञ्च वर्षीय शैक्षिक योजनाले महत्वपूर्ण सहयोग पुर्‍याउने छ ।

### ४.६.२. वर्तमान अवस्था

हाल नेपालमा ३५ हजार ८ सय पन्ध्र वटा विद्यालयहरु रहेका छन् । लुम्बिनी प्रदेशमा ५ हजार ८ सय, रोल्पा जिल्लामा ४२१ र त्रिवेणी गाउपालीकामा जम्मा ३८ वटा आधिकारिक विद्यालयहरु रहेका छन् । भौतिक पूर्वाधार सिकाइ वातावरण तयारीका लागि अनिवार्य आवश्यकता हो । विद्यालयमा बस्ने ठाउँ, विद्यालय जाने बाटोघाटो, पुलपुलेसा, शौचालय, सफा खानेपानी र सरसफाइ, घेराबार जस्ता कुराहरुको व्यवस्था हुन निकै आवश्यक छ । भौतिक संरचनाको कमजोर अवस्थाका कारणले बालबालिकाहरुको सिकाइमा नकारात्मक प्रभाव पर्दछ । विद्यार्थीको विद्यालयप्रति आर्कषणमा कमि आउछ भने कक्षा छोड्ने र विद्यालय बदल्ने प्रवृत्ति बढ्दै जान्छ । जसले गर्दा गुणस्तरीय शैक्षिक सुधार र विकासमा समेत दीर्घकालीन प्रभाव पर्न जान्छ । हाल त्रिवेणी गउँपालिकामा भौतिक संरचनाको अवस्थालाई हेर्दा लगभग २० % विद्यालयमा पक्की भवन रहेका छन, विद्यालय क्षेत्रको तारवार र घेराबारको अवस्था अति न्यून छ, प्रयाप्त र व्यवस्थित खेल मैदानको व्यवस्था छैन, कक्षाकोठामा फर्निचरको अभाव, कक्षाकोठा छापामय र भित्तेलेखन कार्य जम्मा १० % भन्दा न्यून, सफाखानेपानीको अभाव, शौचालय अभाव, ३० प्रतिशत भन्दा बढी विद्यालयहरुमा विद्युतको अभाव, खेलकुद र शैक्षणिक सामग्रीहरुको अभाव, विद्यालय जाने बाटोघाटोको स्तरउन्नती र जोखिम न्यूनीकरण, विज्ञान प्रयोगशाला लगायत अन्य चुनौतिहरुको विद्यमान रहेका छन् ।

समस्या, कारण र असरहरु

| समस्या | कारण | असर |
|---|---|---|

| | | |
|---|---|---|
| ▪ पक्कि विद्यालय भवनको अभाव | ▪ भौतिक संरचना निमार्णमा आवश्यकता भन्दा पहुँचका आधारमा निर्णय | ▪ सुविधा सम्पन्न भौतिक पूर्वाधारको अभावमा सिकाइ प्रभावकारी नहुनु । |
| ▪ विज्ञान प्रयोगशालाको अभाव | ▪ सम्बन्धित निकाय बाट व्यवस्था नहुनु | ▪ प्रभावकारी सिकाई नहुनु । |
| ▪ सफा खानेपानी र शौचालयको अभाव | ▪ स्थानीय निकायमा प्रयाप्त आर्थीक श्रोत नहुनु र भएका शौचालय र सफाखानेपानी व्यवस्थित गर्न नसक्नु | ▪ बालबालिकाहरुको विभिन्न रोगले आक्रमण गर्नु र वातावरणीय प्रदुषण हुनु |
| ▪ विद्यालय जाने गोरेटो बाटाहरु व्यवस्थित र स्तरउन्नती नहुनु | ▪ बालबालिकाहरु यात्रा गर्ने गोरेटोबाटाहरु सरोकारवालाहरुको वेवास्तामा पर्नु<br>▪ समुदाय, विद्यालय र स्थानीय निकायको चासो कम हुनु | ▪ बालबालिकाहरुको विद्यालय यात्रा जोखिम पूर्ण भएको छ ।<br>▪ बालबालिकाहरु निर्धारित समयमा विद्यालय नपुग्नु । लामो यात्राका कारण विद्यार्थीहरुमा थकान र आलस्यता आउनु |
| ▪ सुरक्षित विद्यालय नहुनु | ▪ तारबारको व्यवस्था गर्न नसक्नु ।<br>▪ विद्यालयले परिश्रम खर्च गर्न नसक्नु | ▪ विद्यालय तथा बालबालीकाहरु सुरक्षित नहुनु<br>▪ विद्यालय प्रागण व्यवस्थित नभएको । |

### ४.६.३.उद्देश्य

योजनाको यस विषयको लक्ष्य सबै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर उपलब्ध गराउनु रहेको छ ।

उद्देश्यहरु :

१. भौतिक पूर्वाधारको हिसाबले शैक्षिक संस्थाहरुलाई अभावमुक्त बनाउनु ।

२. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवथापनमा सहयोग गर्नु ।

३. विद्यालय शिक्षा पूर्वाधारका लागि आवशयक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।

४. गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु ।

५. विद्यालय पूर्वाधार निर्माणको पहुँचलाई मागका आधारमा भन्दा पनि वास्तविक आवश्यकताका आधारमा उपलब्ध गराउनु ।

६. बालमैत्री अपांगमैत्री भौतिक पूर्वाधारको निर्माण गरी प्रयोगमा ल्याउनु ।

७. सुविधायूक्त स्वास्थ्य कक्ष, स्वच्छ पिउने पानी, प्रयाप्त मात्रामा खेलकुदा सामग्री सहित खेलमैदानको व्यवस्था गर्नु ।

८ प्रत्येक मा.वि. हरुमा पालिका स्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड सन्चालन गर्न योग्य खेल मैदान निर्माण गर्ने

९ प्रत्येक विद्यालयमा ICT विकास संगै प्रत्येक कक्षालाई स्मार्ट वोर्ड जडान कार्य शुभारम्भ गर्ने

## ४.६.४.रणनीति

१. पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपण, देशको भुगोल, भुगोलसम्म पुग्न लाग्ने ढुवानी लागत आदीका आधारमा भिन्नतामा आधारित मापदण्ड विकास गरिने छ ।

२. विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनः परिभाषित गरिने छ ।

३. विद्यालय पूर्बाधार विकासका लागि संघ प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापनको प्रारुप विकास गरिने छ ।

४. विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार र विभिन्न संघसंस्थासँग एकीकृत लागत साझेदारी गरिने छ ।

५. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकैपटक निर्माण गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा अनुसार निर्माण कार्यको कार्यान्वयन गरिने छ । निर्माण भइसकेका विद्यालयहरुमा थप संरचनाको योजना एकै पटक गरिने छ ।

६ नयाँ विद्यालयहरु निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधनाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (विद्यार्थी संख्याको अनुमान तथा उमेरलाई विचार गरेर), भान्सा वा खाजाघर लगायत सबैको योजना समावेश गरी डिजाइन गरिने छ ।

७. निर्माण गरिएको विद्यालय पूर्वाधार विकासको संरक्षण संवर्द्धन र निगरानीका लागि समुदायका मानिसहरुका अपनत्वको भावना विकास गरिने छ ।

८. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवं वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ । साथै महिला शिक्षकका लागि छुट्टै स्तनपान कक्ष निर्माण गरिने छ ।

९. मागको आधारमा भन्दा वास्तविक आवश्यकताको पहिचान गरी पूर्वाधार निर्माण कार्य गर्ने र निर्माणको काम विवादरहित किसिमले सम्पादन गर्ने सवालमा आवश्यक संयन्त्र, आचारसंहिता, सहमति, विश्वास र प्रतिबद्धताको वातावरण विकास गरिने छ ।

१०. शैक्षिक संस्थाहरुलाई भौतिक पूर्वाधार विकासको दृष्टिकोणले योजना अवधिभर अभावमुक्त थलोको रुपमा विकास हुने गरी पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११. जस्तापाताले छाएको भवनहरु विस्थापित गरिदै लगिनेछ ।

१२. कक्षाकोठालाई रंगरोगन सजावट गरी सिकाइमैत्री बनाइनेछ ।

१३. विद्यालयमा बालउद्यान निर्माण गरी वातावरणमैत्री विद्यालय विकास गरिनेछ ।

१४. हरेक ३८ वटै विद्यालयमा बालमैत्री कक्षा १ देखि ३ सम्मका लाई प्रयाप्त खेलमैदान, खेलौना, मनोरन्जन कक्षकोठा निर्माण गरिने छ ।

### ४.६.५.प्रमुख उपलब्धी र नतिजा

१) सबै विद्यार्थीहरुलाई सुरक्षित भौतिक संरचना भित्र निरन्तर सिकाइका लागि वातावरण तयार भएको हुनेछ ।

२) प्रारम्भिक कक्षाहरु बालविकास देखि कक्षा १ देखि ३ कक्षाका कक्षाकोठाहरु छापामय बनाई बालमैत्री बातावरणमा बालबालिकाहरुले सिकाइ गर्न पाएका हुनेछन् ।

३) माध्यमिक तथा आधारभूत (६ देखि ८) विद्यालयका सबै विद्यालयहरुमा विज्ञान प्रयोगशालाहरु स्थापना भएका हुनेछ ।

४) बालबालिकाहरु विद्यालय हिड्ने गोरेटोबाटोहरु स्तरीकृत भई विद्यालय आउन जान सहज भएको हुनेछ ।

५) प्रारम्भिक कक्षा संचालन भएका विद्यालयहरुमा बालउद्यान निर्माण भएको हुनेछ ।

नतिजा तथा परिणात्मक लक्ष्य

| क्र.स | सूचकहरु | आधार बर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | बालउद्यान निर्माण भएका विद्यालयहरुको संख्या | १ | ५ वटा | ६ वटा | ७ वटा | १० वटा |
| २ | गोरेटोबाटो स्तरीकरण र व्यवस्थापन | | सबै | सबै | सबै | सबै |
| ३ | विज्ञान प्रयोगशाला निर्माण भएका विद्यालय संख्या | १२ | १५ | १८ | २० | २० |
| ४ | बुक कर्नर र छापामय कक्षा कोठा भएका विद्यालयहरुको संख्या | १० | १५ | २० | २५ | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | पक्की विद्यालय भवन निर्माण भएका विद्यालय संख्या | १ | ३ | ५ | ३ | ५ |
| ६ | एकीकृत भौतिक संरचना निर्माण भएका विद्यालय संख्या | | | ३ | ३ | ४ |
| ७ | डिजिटल लाइब्रेरी संचालन भएका विद्यालय संख्या | २ | ५ | ५ | ५ | ५ |
| ८ | शैक्षणिक सामग्रीहरुको निर्माण र प्रयोग | | सबै | सबै | सबै | सबै |

## ४.६.६.प्रमुख कार्यक्रम र परिमाणात्मक लक्ष्य

| क्र. स. | शिक्षाका प्रमुख क्रियाकलापहरु | ईकाई | पाँच वर्षको भौतिक लक्ष | | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपण, देशको दुर्गम भुगोलसम्म पुग्न लाग्ने ढुवानी लागत आदिका आधारमा भिन्नतामा आधारित मापदण्ड विकास गर्ने । | पुर्वाधार विकास मापदण्ड | भएको हुने | भएको हुन | भएको हुन | भएको हुन | भएको हुन | भएको हुन | संघ, प्रदेश र सरकारको स |
| २ | विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनः परिभाषित गर्ने । | पुर्वाधार मापदण्ड | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | चालन भएको हुने | सञ्चालन भएको हुने | संघ, प्रदेश, पालिका गैसस |
| ३ | विद्यालय पूर्वाधार विकासका लागि संघ प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत | साझेदारी | लगत साझेदारी | लगत साझेदारी | लगत साझेदारी | लगत साझेदारी | लगत साझेदारी | लगत साझेदारी | संघ, प्रदेश, पालिका गैसस |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापनको प्रारुप विकास गर्ने । | | | | | | | |
| ४ | विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार र विभिन्न संघसंस्थासँग एकीकृत लागत साझेदारी गर्ने । | साझेदारी | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | प्रदेश सरक र गैसस |
| ५ | एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकैपटक निर्माण गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा अनुसार निर्माण कार्यको कार्यान्वयन गर्ने । निर्माण भइसकेका विद्यालयहरुमा थप संरचनाको योजना एकै पटक गर्ने । | विद्यालय संख्या | १ | १ | १ | १ | १ | ५ | पालिका सरकार |
| ६ | नयाँ विद्यालयहरु निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधनाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय ( विद्यार्थी संख्याको अनुमान तथा उमेरलाई विचार गरेर), भान्सा वा खाजाघर लगायत सबैको योजना समावेश गर्ने । | प्राबिधिक स सल्लाहमा | मागमा आधारित | मागमा ाधारित | | निरन्तर | निरन्तर तालिम | निरन्तर तालिम | पालिका, प्र सरकार |
| ७ | निर्माण गरिएको विद्यालय पूर्वाधार विकासको संरक्षण संवर्द्धन र निगरानीका लागि समुदायका मानिसहरुका अपनत्वको भावना विकास गर्ने । | विद्यालय प्रति अपनत्व | अपनत्व भएको हुर्ने | ४ | ४ | ४ | ४ | २० | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवं वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ। | शिक्षक संख्या | निनरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका र प्रदेश र संघ सरकार |
| ९ | मागको आधारमा भन्दा वास्तविक आवश्यकताको पहिचान गरी पूर्वाधार निर्माण कार्य गर्ने र निर्माणको काम विवादरहित किसिमले सम्पादन गर्ने सवालमा आवश्यक संयन्त्र, आचारसंहिता, सहमति, विश्वास र प्रतिबद्धताको वातावरण विकास गरिने छ। | मपदण्ड पहँच | सबैलाई | सबैलाई | सबैलाई | सबैलाई | सबैलाई | सबैलाई | संघ र प्रदेश सरक |
| १० | शैक्षिक संस्थाहरुलाई भौतिक पुर्वाधार विकासको दृष्टिकोणले योजना अवधिभर अभावमुक्त थलोको रुपमा विकास हुने गरी पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ। | शिक्षण संख्याा | ३ | ३ | ४ | ४ | ४ | | पालिका, संघ, प्रदेश शिक्षा विकास तथ मानव श्रोत |
| ११ | जस्तापाताले छाएको भवनहरु विस्थापित गरिदै लगिनेछ। | पुस्तकालय लाई डिजिटलाईज्ड | सबै सासिके | सबै सासिके | सबै सासिके | सबै सासिके | सबै सासिके | सबै सासिके | पलिका र प्रदेश सरकार |
| १२ | कक्षाकोठालाई रंगरोगन सजावट गरी सिकाइमैत्री बनाइनेछ। | इन्टरनेट सर्बसुलभ | सबैमा | सबैमा | सबैमा | सबैमा | सबैमा | सबैमा | संघ, प्रदेश, पालिका, इन्टरनेट सेवा प्रदायक सस्थ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | विद्यालयमा बाल उद्यान निर्माण गरी वातावरणमैत्री विद्यालय विकास गरिनेछ । | सहभागिता | नि.भएको | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | भएको हुने | पालिका प्रदेश संघ |

## ४.७. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७. १ परिचय

नेपालको संविधानले सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ। नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ।

सूचना प्रविधि भन्नाले ध्वनि, तस्विर, अक्षर तथ्यांकको रूपमा सूचनाहरूलाई विद्युतीय यन्त्रहरू कम्प्युटर तथा दूरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन, सम्प्रेषण, संग्रह र प्रवाहलाई चिनिन्छ। आजको युग सूचना प्रविधिको युग हो। सूचना प्रविधिले शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाईअभूतपूर्व रूपमा अघि बढाएको छ। शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ। यसले सूचनाको पहुँचमा वृद्धि गर्छ। शिक्षक तथा विद्यार्थीले शैक्षिक आवश्यकताका लागि छापिएका पुस्तकहरूमा मात्र भर पर्नु पर्ने आवश्यकताको अन्त्य भएको छ। उनीहरु आफ्नो आवश्यकताको पूर्तिका लागि इन्टरनेट तथा वेबसाइटहरूको उपयोग गर्न सक्ने भएका छन्। सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइलाई सुधार गर्न, सिकाइलाई सान्दर्भिक गराउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग गर्दछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको सहयोग पुऱ्याउनु पर्दछ।

सयौं व्यक्तिहरूले एकै पटक कुनै पनि समय कुनै ठाउँबाट कुनै पनि सामग्रीलाई हासिल गर्न सक्छन्। अब सिकाइलाई अनलाइन पाठ्यवस्तुको माध्यमबाट चौबीसै घण्टा हेर्न सकिन्छ। सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइले विद्यार्थीहरू एकै ठाउँमा भेला हुनु पर्ने अवस्थाको अन्त्य भएको छ। भौगोलिक, सामाजिक, सांस्कृतिक तथा पूर्वाधारहरूको अभावका कारण औपचारिक तवरबाट शिक्षा दिन नसकिने अवस्था अब रहेन। यसका लागि रेडियो, टेलिभिजन, भर्चुअल विद्यालय, भर्चुअल विश्वविद्यालयको माध्यमबाट शिक्षा हासिल गर्न सकिन्छ। शैक्षिक विकासका लागि सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका रहने गरी यस योजनामा समावेश गरिएको छ।

यस परिच्छेदमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी त्रिवेणी गाउँपालिका लगायत मुलुकको समेत वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरु पहिचान गरी पहिचान गरिएका चुनौतीहरु सामना गर्नका लागि योजनाका उद्देश्य, रणनीति तथा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु निर्धारण गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने सम्बन्धमा सम्बन्धित विषयगत उपक्षेत्रहरु जस्तैः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायत समग्र शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका केही पक्षहरु पनि

उल्लेख गरिएको भए पनि समग्रतामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगको अवस्थाको विश्लेषणका आधारमा यस परिच्छेदमा योजनाको खाका समावेश गरिएको छ।

### ४.७.२ वर्तमान अवस्था

नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति २०७६ र विज्ञान तथा प्रविधि नीति २०७६ ले समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरेको छ। सूचना प्रविधिको तिब्र विकासले नेपाल जस्ता अल्पविकसित मुलुकहरूलाई शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्न सु-अवसरहरू प्रदान गरेको छ। यस अर्थमा सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्न एउटा सशक्त पूर्वाधारको रूपमा समेत स्थापित हुन सक्ने देखिन्छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरुमा सञ्चार प्रविधि शिक्षा, जियोप्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र विद्यालय क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरुमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना गर्ने, कनेक्टिभिटी सम्बन्धी तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। एकातिर शिक्षामा सूचना तथा सञ्चार प्रविधिका लागि उल्लिखत दस्तावेजहरुले नीतिगत आधार तथा लक्ष्यहरु निर्धारण गरिएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ ले दश हजार विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाले विकास तथा प्रयोग गर्ने शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरुमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रवन्ध गर्ने, सूचना प्रविधि विषयलाई पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरुमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म बनाउने, निरन्तर सिकाईको प्रवन्ध गर्ने सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणलीलाई डिजिटलाइज गर्ने शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रुपमा विकास गर्ने लगायतका कार्यक्रमहरु निर्धारण गरिएका थिए। उक्त गुरुयोजनामा कार्यक्रम सञ्चालनका लागि आवश्यक रणनीति तथा लक्ष्यहरु पनि निर्धारण गरिएको थियो।

शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि डिजिटल सामग्रीको पर्याप्त नहुनु पनि समस्याका रुपमा रहेको छ। विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजिटल सामग्री तयार गर्ने कार्य भइरहेको छ। संशोधित पाठ्यक्रम अनुसार कक्षा ११ र कक्षा १२ मा कम्प्युटर शिक्षालाई समेत समावेश गरी जीवनोपयोगी शिक्षा विषयलाई अनिवार्य गरिएको छ। यसका अतिरिक्त राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को वार्षिक परीक्षाको प्रश्न पत्रलाई अनलाइन मार्फत परीक्षा केन्द्रलाई उपलब्ध गराउने प्रणालीलाई संस्थागत गर्ने कार्यको थालनी गरेको छ। यसकासाथै कतिपय विश्वविद्यालय कलेज र विद्यालयहरुले पनि आफ्ना परीक्षा र शिक्षण क्रियाकलापहरु प्रणालीबाट सञ्चालन गरेका छन्। दृष्टिविहीनका लागि पनि

केही पाठ्यपुस्तकहरु डिजिटलाइज गर्ने कार्य भएको छ। विद्यार्थी र अभिभावकहरु आफुसँग भएको स्मार्ट फोनमा भएका विभिन्न एप्सहरुको प्रयोग गर्दै डिजिटल दुनियाँमा प्रवेश गरेको अवस्था छ। उनीहरुमा भएको यो साधन क्षमता र चासोलाई सकारात्मक किसिमले स्वीकार गर्दै शिक्षण सिकाइ क्रियाकलापसँग यसलाई जोड्नु अपरिहार्य भएको छ।

शैक्षिक व्यवस्थापनमा पनि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणलीस्थापना स्थापना र स्थानीय तहसम्म एकीकृत सञ्चित कोष व्यवस्थापन प्रणाली विकास गरी अनलाइनमा आबद्ध गरिएको छ। त्यसैगरी विभिन्न सूचना तथा कतिपय सेवाका लागि आवेदन दिने लगायतका कार्यका लागि अनलाइन पद्धति विकास गरिएको छ। विद्यालयको लेखाप्रणालीलाई व्यवस्थित गर्ने, परीक्षाका फारम लगायतका कार्यलाई अनलाइन गर्न थप कार्य गर्नु पर्ने देखिछ। विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनको अवस्था विश्लेषण गर्दा हाल सञ्चालनमा रहेका जम्मा २८ हजार ८ सय ३३ सामुदायिक विद्यालयहमध्ये ५०.२४ विद्यालय विद्युत र १८.७ प्रतिशत विद्यालया इन्टरनेटको सुविधा उपलब्ध छ भने ४१.२४ विद्यालयमा कम्प्युटरको सुविधा छ। कम्प्युटरको सुविधा भएका विद्यालयमध्ये करिव ३७ प्रतिशत विद्यालयमा मात्र शिक्षण सिकाइ प्रयोजनमा कम्प्युटरको प्रयोग भएको छ। प्रशासनिक कार्यमा मात्र कम्पयुटर सुविधा प्रयोग गर्ने विद्यालयको सङ्ख्या कम्प्युटरको सुविधा हुनेमध्ये करिब ३६ प्रतिशत रहेको हुँदा कतिपय विद्यालयमा कम्प्युटर भए पनि प्रयोग नभएको अवस्था पनि छ। त्रिवेणी गाउँपालिकाका सबै माध्यमिक विद्यालयहरु ईन्टरनेट सुबिधा पुगेपनि धेरै आधारभूत विद्यालयमा अझै इन्टरनेट सुविधा पुग्न सकेको छैन।

| समस्या | कारण | असर |
|---|---|---|
| ▪ ICT सम्बन्धी पूर्वाधार तयार नहुनु<br>▪ ICT लाई ज्ञान, व्यवहारिक प्रयोग र जीवनसँग संयोजन गर्न नसक्नु<br>▪ सुचना तथा संचार प्रविधि सम्बन्धि साक्षरतामा कमी हुनु।<br>▪ एक शिक्षक एक ल्यापटप तथा एक कक्षा एक प्रोजेक्टर नीति लागु नहुनु,<br>▪ महामारी तथा आपतकालीन जस्ता प्रतिकुल समयमा online अबिकक संचालन हुन नसक्नु | ▪ ICT सम्बन्धी पूर्वाधार तयार गर्न बजेट को अभाव,<br>▪ Broadband इन्टरनेट पहुँचको सुनिश्चितता नहुनु,<br>▪ ICT सम्बन्धी तालिमको व्यवस्था नहुनु,<br>▪ विद्यालयमा शैक्षिक पोर्टल, Website को व्यवस्था नहुनु,<br>▪ E Libraryको व्यवस्था नहुनु<br>▪ wifi connected AVR board तथाinteractive | ▪ समग्र सिकाइमा ह्रास<br>▪ समयसापेक्ष शिक्षक र विद्यार्थीमा प्रविधिको प्रयोगमा समस्या पाठ्यक्रमका निर्दिष्ट लक्ष्य पूरा नहुँदा समग्र सरोकारवालामा असन्तुष्टी |

| | | |
|---|---|---|
| ▪ अपाङ्गता विद्यार्थीका लागि प्रविधिमैत्री वातावरणमा सिकाइ सहजीकरण हुन नसक्नु, | white boardको व्यवस्था नहुन<br>▪ प्रविधिमैत्री विद्यालय र शिक्षकलाई उचित पुरस्कारको व्यवस्था नहुन थप गर्नु……… | |

### ४.७.३ उद्देश्यहरु

१. सबै सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच वृद्धि गर्नु ।

२. विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेट मार्फत विद्यालय एवं विद्यार्थीहरूको पहुँचमा विस्तार गर्नु ।

३. अध्ययन एवम् शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु ।

४. गाउँपालिका स्तरको शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु ।

५. शिक्षालाइ प्रविधिसँग जोड्न इन्टरनेट पहुँच विस्तार गर्ने र पूर्वाधार तयारी सँगै सबै शिक्षकलाई Digital साक्षर बनाई विद्यालयलाई प्रविधिमैत्री SMART school का रुपमा संचालन गर्ने ।

६. शिक्षा क्षेत्रका समग्र व्यवस्थापनहरुलाई सूचना तथा संचार प्रविधिको प्रभावकारी प्रयोगद्वारा कार्यकुशलतामा प्रभावकारिता, पारदर्शी र समतामूलक बनाउने ।

७. शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहज, छिटोछरितो र सुलभ बनाउनु ।

८. सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन सूचना सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु ।

९. डिजिटल डिभाइड कम गर्दै सबै तह, वर्ग र तप्काका व्यक्तिहरुमा सूचना प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु ।

१०. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु ।

११. शिक्षामा कार्यरत जनशक्तिलाई सूचना र सञ्चारको प्रयोग र उपयोगका निम्ति सीपयुक्त बनाउनु ।

१२. त्रिवेणी गाउँपालिकामा रहेका सबै विद्यालयहरु विद्यालय लेखा प्रणाली लागू गरिनेछ ।

### ४.७.४ रणनीतिहरु

१. ICT को पूर्वाधारको रूपमा रहेको विद्युत, कम्प्युटर र इन्टरनेट प्रत्येक विद्यालयमा जडान गर्ने
२. कम्प्युटर, ई-पुस्तकालय तथा ICT ल्याव स्थापना गर्ने
३. विद्यालयमा कार्यरत जनशक्तिलाई ICT तथा Smart Board को प्रयोग सम्बन्धी आधारभूत तालिमको व्यवस्था गरि परिचालन गर्ने ।
४. विद्यालयहरूलाई केन्द्रीय शैक्षिक व्यवस्थापन सूचना प्रणालीको बढीभन्दा बढि प्रयोग गर्न प्रोत्साहित गर्ने ।
५. संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा पालीकाका सबै विद्यालयहरुलाइ प्रविधिमैत्री मैत्री बनाइ विद्यालयमा कार्यरत सबै शिक्षक तथा कर्मचारीहरुको प्राविधिक दक्षतामा अभिबृद्धि गरिनेछ ।
६. शिक्षण पेशामा आधारभूत सुचना तथा सँचार प्रविधिको ज्ञान र सिपलाइ अनिवार्य सर्तको रुपमा अंगीकार गरिनेछ ।
७. एक शिक्षक एक डिजिटल सामग्री कार्यक्रम संचालन गरिने छ । जस अनुसार आर्थिक व्ययभार साझेदारीमा प्रत्येक शिक्षकलाई ल्यापटपको व्यवस्थापन गरिने छ ।
८. स्थानीय तहमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुलाई प्रविधिसँग जोड्नका लागि आवश्यक पर्ने डिजिटल सामग्रीहरुको व्यवस्थापन गर्ने ।
९. सूचना तथा प्रविधि सम्बन्धि दक्षतामा अभिवृद्धि गर्नका लागि प्रविधिमैत्री शिक्षक समाज र अन्य सरकारी तथा गैरसरकारी निकायहरुसँग स्थानीय तहले सहकार्य गर्नेछ ।
१०. विद्यालय शैक्षिक सूचनाहरुको व्यवस्थापनका लागि निरन्तर रुपमा विद्यालयका सम्बन्धित कर्मचारी तथा प्रधानाध्यापकहरुलाई पुर्नताजगी तालिमको व्यवस्था गर्ने ।

### ४.७.५. प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धी

१. विभिन्न आधारभूत तथा माध्यामिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना भई विद्यालयको प्रशासनिक, शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा प्रयोग गरिएको हुनेछ ।

२. पालिका भित्रका सम्पूर्ण विद्यालयका जनशक्ति सुचना र संचार प्रविधिमैत्री भई शैक्षिक क्षेत्रमा संचार प्रविधिको अर्थपूर्ण प्रयोग भएको हुनेछ ।

३. बालबालिकाहरुको लागि विपद तथा संकटको समयमा विद्यार्थीहरुको सिकाइ निरन्तरता भएको हुनेछ ।

४. सुचना तथा संचार प्रविधिमा सबै प्रकारका बालबालिकाहरुको समान सहभागिता र पहुँचको सुनिश्चितता भएको हुनेछ ।

५. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई पहुँच पुगेको हुनेछ ।

६. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच भएको हुने ।

७. सबै सामुदायिक विद्यालयहरु विद्यार्थीहरुमा सूचना र सञ्चार प्रविधि सम्बन्धी आधारभूत सुविधामा पहुँच पुगेको हुने ।

८. सबै माध्यमिक विद्यालयहरुले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने ।

९. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुनुका साथै विद्यालयका हरेक शिक्षकमा प्रविधि सम्बन्धी न्यूनतम् क्षमता र सीपको विकास भएको हुने

१०. सूचना प्रविधिको प्रयोगमा विस्तार गरी औपचारिक र अनौपचारिक दुबै प्रकारको शिक्षा र सिकाइको निम्ति सामुदायिक सिकाइ केन्द्रलाई डिजिटल लर्निङ सेन्टरको रुपमा विकास गरिएको हुने ।

## नतिजा र परिणात्मक लक्ष्य

| क.स | नतिजा | आधार बर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार (ICT) प्रविधिको पूर्वाधार विकास तथा पहुँच विद्यालय संख्या | २० | २५ | ३0 | ३५ | ३८ |
| २ | शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास भएका शिक्षक संख्या | १०० | १३० | १५० | १८० | २०० |
| ३ | सिकाई तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका विद्यालय संख्या | २० | २५ | ३२ | ३५ | ३८ |
| ५ | सूचनामा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको व्यवस्थीत प्रयोग गर्ने विद्यालय संख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| ६ | समुदाय स्तरमा सूचना तथा प्रविधिको प्रयोग गर्ने सामुदायिक सिकाई केन्द्रको संख्या | ४ | ४ | ४ | ४ | ४ |

### ४.७.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | शिक्षाका प्रमुख क्रियाकलापहरु | ईकाई | पाँच वर्षको भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१।८२ | ०८२।८ | ०८३।८ | ०८४।८ | ०८५।८ | जम्म |
| १ | ICT को पूर्वाधारको रूपमा रहेको विद्युत, कम्प्युटर र इन्टरनेट प्रत्येक विद्यालयमा जडान | विद्यालय | २० | २५ | ३८ | ३५ | ३८ | ३८ |
| २ | आधारभूत तथा माध्यामिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ल्याव स्थापना | विद्यालय | १५ | १७ | २० | २५ | २९ | ३८ |
| ३ | सम्पूर्ण सामुदायिक विद्यालयहरूको माध्यमिक तहबाट क्रमशः आधारभूत तहसम्म ई–पुस्तकालयको स्थापना | विद्यालय | १२ | १५ | २० | २५ | २८ | ३८ |
| ४ | शैक्षिक तथ्याङ्क सूचना प्रणालीको प्रयोग, लाइब्रेरी व्यवस्थापन, विद्यार्थी मूल्याङ्कन र विद्यालयका आर्थिक लगायतका पक्षहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि सो सम्बन्धी जनशक्तिलाई तालिमको व्यवस्था | पटक | २ | ३ | ४ | ५ | ५ | ६ |
| ५ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा स्मार्ट कक्षा कोठा व्यवस्थापन सम्बन्धी सम्पूर्ण शिक्षकहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन | पटक | १ | २ | ३ | ४ | ५ | ५ |

# परिच्छेद-५
# अन्य उपक्षेत्र

## ५.१ उच्च शिक्षा र माध्यमिक शिक्षासंग उच्च शिक्षाको सम्बन्ध

### ५.१.१ परिचय

अन्तर्राष्ट्रिय प्रचलन तथा हालका शिक्षा सम्बन्धी अभ्यासहरुले कक्षा १२ माथिको क्याम्पसमा अध्ययन अध्यापन हुने स्नातकतह र सो भन्दा माथिको अध्ययनबाट हासिल गरिने शिक्षालाई उच्च शिक्षा भन्ने मान्ने गरिएको छ । उच्चस्तरीय दक्ष एवं अनुसन्धानमूलक तथा विचारक जनशक्ति उत्पादन गर्ने शिक्षा भनेको उच्च शिक्षा हो । त्रिवेणी गाउँपालिका लगायत समग्र मुलुकको समृद्धि र विकासका लागि आवश्यक पर्ने क्षमता र तत्परतामा आधारित चौतर्फी क्षमता, दक्षता र योग्यता भएका विश्वस्तरीय नागरिक उत्पादन र विकास गर्नु आजको आवश्यकता हो । यसका लागि अन्तर्राष्ट्रियस्तरको अनुसन्धान केन्द्र, ज्ञान विज्ञान तथा प्रविधि विकास केन्द्र र विषय विज्ञ आपूर्ति केन्द्रको रुपमा उच्च शिक्षा प्रदायक कलेज र विश्व विद्यालयहरुले काम गर्न जरुरी छ । उच्च शिक्षालाई गुणस्तरीय बनाई समतामूलक पहुँच सुनिश्चित गर्नु र आधुनिक ज्ञान, विज्ञान, कला, सिपएवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्ष पाठ्क्रममा परिवर्तन, प्रविधिहरुको प्रयोग तथा विकास र विस्तार अपरिहार्य हुन्छ । यसबाट मात्रै गुणस्तरीय शिक्षामार्फत सुखी समृद्धि र आत्मनिर्भर हुने गाउँपालिकाको दीघकालीन सोच पूरा हुने देखिन्छ ।

नेपालको शिक्षाको संरचनामा कक्षा १२ उत्तीर्ण गरेको जनशक्तिलाई प्रदान गरिने उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागि स्नातक तह, स्नातकोत्तर तह, एम.फिलतह र अनुसन्धान तह गरी चार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ । देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्बी, रोजगार उन्मुख तथा मूल्य उन्मुख उच्चतहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो । अहिले मुलुकमा संख्यात्मक रुपमा उच्च शिक्षा प्रदायक संस्थाहरुको विस्तार भएको देखिए तापनि गुणस्तरीय उच्च शिक्षाको पहुँच र अवसर समतामूलक बन्न सकेको छैन । यसका लागि तीनै तहका सरकारहरु, समुदाय र निजी क्षेत्रलाई समेत उच्च शिक्षा विकास साझेदारका रुपमा सहभागी हुने अवसर खुला गरिनु पर्दछ ।

### ५.१.२ वर्तमान अवस्था

त्रिवेणी गाउँपालिका उच्च शिक्षा अध्ययन गर्ने कलेजहरुको संख्या एक वटा मात्र रहेको छ । जहाँ शिक्षाशास्त्र संकायमा मात्र पढाइ भइरहेको छ । उच्च शिक्षा नीति २०७६ ले उच्च शिक्षाको सम्बन्धमा केही महत्वपूर्ण कुराहरु सम्बोधन गर्ने गरी केही नीतिहरु अघि सारेको छ । जसमध्ये विश्व विद्यालयस्तरको शिक्षाको शिक्षण सिकाइका विधि, प्रविधि, प्रक्रिया र पाठ्यक्रममा समयानुकुल परिमार्जन गर्नुका साथै सूचना प्रविधिको प्रयोग बढाउने, चिकित्सा शिक्षालाई सेवामूलक तथा गैर नाफामूलक बनाउने, आयुर्वेद चिकित्सा क्षेत्रमा स्वदेशमै विशेषज्ञ जनशक्तिको उत्पादन गर्न आयुर्वेद विश्वविद्यालय स्थापना गर्ने, उच्च शिक्षामा विभिन्न विधामा अध्ययन तथा अनुसन्धान विस्तार गर्नुका साथै हालको शिक्षाशास्त्रको शैक्षिक कार्यक्रमको समयानुकुल पुनरावलोकन तथा पुनर्सरचना गर्ने, उच्च शिक्षा हासिल गरिसके पछिकाको संसारमा प्रवेश गर्न आवश्यक पर्ने ज्ञान, सीप र अभिवृद्धिको व्यावहारिक अनुभव हासिल गर्न र उच्चशिक्षाको लाभप्रत्यक्ष रुपमा जनता समक्ष पुऱ्याउन अनिवार्य स्वयम् सेवकीय सामाजिक सेवाका रुपमा “राष्ट्रिय विकास सेवा” सञ्चालन गर्ने, पूर्वीय दर्शन, पूर्वीय चिन्तन, मौलिक दर्शन एवम् परम्परा,

आयुर्वेद योग, प्राकृतिक चिकित्सा, मानविकी, समाजशास्त्र, मानवशास्त्र, जैविक विविधता, पर्यटन, जडीबुटी लगायत सम्पदामा आधारित अध्ययन तथा अनुसन्धानको व्यवस्था मिलाउने । साधारण विषय अध्यापन गराइरहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिकशिक्षालयका रुपमा रुपान्तरण गर्ने आदि महत्वपूर्ण रहेका छन् । उल्लिखित नीतिहरुको अवलम्बन गर्दै त्रिवेणी गाउँपालिकाले समेत आफ्नो गाउँपालिकामा उच्च शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न सक्ने अवस्था देखिन्छ ।

### ५.१.३ अवसर र चुनौती

**अवसर**

गाउँपालिकामा हाल एक वटा सामुदायिक क्याम्पस सञ्चालनमा हुनु,  गाउँपालिकामा सञ्चालन भइरहेका माध्यमिक विद्यालयहरुमा विद्यार्थीको चाप बढदै जानु, भौतिक पूर्वाधारहरु थपिदै जानु यस पालिकाका उच्च शिक्षाका अवसरहरु हुन ।

**चुनौतीहरु**

उच्च तहको शिक्षामा पालिका र समग्र मुलुकले गरेको अपेक्षा अनुरुप दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरुमा गुणस्तरीय किसिमबाट विषयगत अध्ययन अध्यापनको व्यवस्था गर्नु उच्च शिक्षाको निम्ति आवश्यक पर्ने भौतिक पूर्वाधार र आर्थिक लगानीको प्रवर्धन गर्नु, दक्ष र योग्य जनशक्तिको व्यवस्थापन गर्नु र हाल सञ्चालनमा रहेको साधारण विषयहरु अध्ययन अध्यापन गरिने कलेजहरुलाई प्राविधिक विषय अध्ययन अध्यापन गर्ने कलेजको रुपमा परिणत गर्नु, उच्चशिक्षालाई व्यावसायिक, व्यावहारिक र जीवनोपयोगीबनाई गाउँपालिकामा विद्यमान शैक्षिक बेरोजगारीको न्यूनीकरण गर्नु, उच्च शिक्षालाई उत्पादन र आर्थिक उपार्जनसंग जोड्दै जनताको समृद्धि र गाउँपालिकाका लागि विकासको साधक बनाउनु गाउँपालिकामा उपलब्ध जल, जमिन, जङ्गल, जडिबुटी र जैविक विविधता, पर्यावरण, मौलिककला संस्कृति र सभ्यताको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने कलेजहरुको स्थापना गर्नु र उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरुलाई गाउँपालिकाभित्रै आकर्षित गरी रोजगार सिर्जना गर्नु जस्ता सवालहरुलाई गाउँपालिकामा विद्यमान उच्चशिक्षाका चुनौतीका रुपमा लिन सकिन्छ ।

### ५.१.४ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

यस योजनाको प्रस्तुत उपक्षेत्रको लक्ष्य गाउँपालिका एवम् समग्र मुलुकको समृद्धि लगायत प्राज्ञिक उत्कृष्टता र उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्न योगदान गर्नु रहेको छ ।

**उद्देश्य**

१. उच्च शिक्षा मार्फत गाउँपालिकाको अर्थतन्त्रलाई ज्ञान र विज्ञानमा आधारित अर्थतन्त्रको रुपमा विकास गर्नु ।

२. उच्च शिक्षामा त्रिवेणी गाउँपालिका र समग्र मुलुकले गरेको अपेक्षा अनुरुप दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि गाउँपालिकामा रहेको माध्यमिक विद्यालयहरुमा गुणस्तरीय किसिमबाट विषयगत अध्ययन अध्यापनको व्यवस्था गर्नु ।
३. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउन योगदान गर्नु ।
४. उच्च शिक्षालाई गाउँपालिकाको मौलिक ज्ञान र पहिचानको आधार स्तम्भका रुपमा स्थापित गर्नु ।
५. गाउँपालिकाको समग्र पक्षको रुपान्तरणको लागि कृषि, विज्ञान, वन विज्ञान, पूर्वीय दर्शन, आयुर्वेद र विज्ञान एवम् प्रविधिक अभिप्रेरित प्राविधिक, व्यवसायिक र उद्यमशील मानव संसाधन विकास गर्नु ।
६.. गाउँपालिकाबाट उच्च शिक्षा हासिल गरेका अब्बल क्षमताका जनशक्तिलाई गाउँपालिकाको उन्नयनका लागि योगदान उपयुक्त वातावरणको सिर्जना गरी अभिप्रेरित गर्नु ।

### ५.१.५ रणनीतिहरु

यस योजनाका उल्लिखित उद्देश्यहरु हासिल गर्नका लागि देहायका रणनीतिहरु अवलम्बन गरिने छ ।

१.त्रिवेणी गाउँपालिका र समग्र मुलुकले गरेको अपेक्षा अनुरुप उच्चतहको दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि पूर्वाधारको रुपमा गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरुमा सञ्चालित बालि विज्ञान विषयको अध्ययन अध्यापन गुणस्तरीय किसिमबाट सञ्चालन गरिने छ ।
२. प्राविधिक धार सञ्चालन भएका माध्यमिक विद्यालयको संख्या थप गरी गुणस्तरमा अभिवृद्धिका साथै पाठ्यक्रमलाई समेत सान्दर्भिक बनाई कार्यान्वयन गर्ने तर्फ संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।
३. बालि विज्ञानका साथै कृषि, वन, पूर्वीय दर्शन, पशुपंक्षीपालन लगायतका प्राविधिक विषयहरु मध्ये कुनै एक विषय अध्यापन हुने गरी कलेजहरुको स्थापना र सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।
४. उच्च शिक्षा हासिल गरिसकेपछि कामको संसारमा प्रवेश गर्न आवश्यक पर्ने ज्ञान, सिप र अभिवृत्तिको व्यवहारिक अनुभव हासिल गर्न र उच्च शिक्षाको लाभ प्रत्यक्ष रुपमा जनता समक्ष पुर्‍याउन अनिवार्य स्वयमसेवकीय सामाजिक सेवाका रुपमा राष्ट्रिय विकास सेवा सञ्चालनका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।
५ साधारण विषय अध्यापन गरिरहेका गाउँपालिकामा रहेका उच्च शिक्षा प्रदायक नब नेपाल क्याम्पसलाई आवश्यकता र नक्सांकनका आधारमा प्राविधिक शिक्षालयका रुपमा रुपान्तरणका लागि प्रोत्साहित गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।
६. प्राज्ञिक तथा पेसागत डिग्रीको रुपमा एकीकरण गरिएको हालको शिक्षा शास्त्रका कार्यक्रमहरुको पुनरावलोकन गरी प्राज्ञिक डिग्री परा गरेपछि मात्र पेसागत डिग्री प्रदान गर्ने व्यवस्थालाई लागु गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।
७. उच्च शिक्षालाई कमाउँदै र सिक्दैको अवधारणा अनुरुप शिक्षालाई प्रत्यक्ष रुपमा आय आर्जनसँग आबद्ध गरी सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।
८. उच्चशिक्षाप्राप्तगर्न चाहने अतिविपन्न, गरिब, अपांगता, दलिततथाअति सीमान्तकृत विद्यार्थीहरुलाई अहिलेको जस्तै उचित छात्रवृत्ति प्रदान गर्ने व्यवस्थालाई अझै विस्तार गरी कार्यान्वयन गरिने छ ।
९. संघ र प्रदेश सरकारबाट पर्याप्त लगानी  पश्चात मात्र उच्च शिक्षाको अति  आवश्यकीय क्षेत्रमा गाउँपालिकाले उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरुलाई अनुदान उपलब्ध गराउने छ

### ५.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क) उपलब्धि

माध्यमिक शिक्षालाई उच्चशिक्षाको गतिलो पूर्वाधारको रुपमा विकास गरी गाउँपालिकामा सञ्चालन भएको उच्चशिक्षाको कार्यक्रमबाट उत्पादित उच्च क्षमता, उच्च अभिप्रेरणा, उच्च मनोबल, उच्च नैतिकता र मातृभूमि प्रति उच्च सम्मान भाव भएको जनशक्तिमार्फत गाउँपालिका लगायत प्रदेश र मुलुककै समृद्धिका लागि उच्च योगदान पुगेको हुने ।

ख) प्रमुख नतिजाहरु

१.गाउँ र समग्र मुलुकले गरेको अपेक्षा अनुरुप उच्च तहको दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि पूर्वाधारको रुपमा गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरुको क्षमता विकास भएको हुने ।

२. प्राविधिक धार सञ्चालन भएका माध्यमिक विद्यालयहरुको संख्या र गुणस्तरमा अभिवृद्धिका साथै पाठ्यक्रमलाई समेत सान्दर्भिक बनाई कार्यान्वय नभएको हुने ।

३. उच्च शिक्षाबाट सेवाभावले ओतप्रोत, नैतिकवान, इमान्दार र खुसी नागरिक उत्पादन भएको हुने ।

४. स्वयमसेवकीय सामाजिक सेवाका रुपमा राष्ट्रिय विकास सेवा अन्तर्गत समुदायको सेवा तथा गाउँपालिकाको विकासका लागि उच्चशिक्षाक ाविद्यार्थीहरु संलग्न भएका हुने ।

६. साधारण विषय अध्यापन गरिरहेका गाउँपालिकामा रहेका उच्च शिक्ष ाप्रदायक नब नेपाल क्याम्पसमा आवश्यकता र नक्सांकनका आधारमा प्राविधिक शिक्षालयका रुपमा रुपान्तरण भएका हुने ।

७. उच्च शिक्षालाई कमाउँदै र सिक्दैको अवधारणा अनुरुप शिक्षालाई प्रत्यक्ष रुपमा आयआर्जनसँग आबद्ध गरी सञ्चालन गरिएको हुने ।

८. आफ्नै गाउँपालिकाबाट उत्पादित उच्च क्षमताको जनशक्ति आफ्नै गाउँपालिकाको उन्नतिका लागि गतिलो शक्तिको रुपमाकाम गर्न अभिप्रेरित भएको हुने ।

९. उच्च शिक्षा प्राप्त गर्न चाहने अति विपन्न, गरिब, अपांग, दलित तथा अति सीमान्तकृत विद्यार्थीहरुलाई अहिलेको जस्तै उचित छात्रवृत्ति प्रदान गर्ने व्यवस्थालाई अझै विस्तार गरी कार्यान्वयन गरिएको हुने ।

उच्च शिक्षाका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्षहरु

| क्र. स. | शिक्षाक प्रमुख क्रियाकलापहरु | ईकाई | पाँभ वर्षको भौतिक लक्ष्य | | | | | | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | गुणस्तरीय किसिमबाट प्राविधिक विषयको अध्ययन अध्यापन गर्ने माध्यमिक विषयहरुको अभिवृद्वि | माध्यमिक विद्यालय | - | - | १ | १ | १ | ३ | संघ र प्रदेशको सहकार्यमा पलिका र विद्यालय स्वयं |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | शिक्षामात्र पढाइ भइरहेको नव नेपाल क्याम्पसमा कृषि, बन, पूर्वीय दर्शन, पशुपालन, लगायतका प्राविधिक विषयहरु अध्ययन अध्यापन हुन गरी फेकल्टी थप तथा थप नयाँ कलेजहरुको स्थापना र सञ्चालन | संख्या | - | - | - | १ | - | १ | संघ प्रदेशको समन्वय र पालिका तथा नवनेपाल क्याम्पसको थप सकृयता |
| ३ | उच्च शिक्षा अन्तर्गत क्याम्पस र पालिकाको सहकार्यमा स्वयंसेवकीय सामाजिक सेवाका रुपमा राष्ट्रिय विकास सेवा सञ्चालन | सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ, प्रदेश र पालिकाको सहकार्यमा |
| ४ | उच्च शिक्षाक ाकोर्षहरुमा मानव मूल्य र पूर्वी दर्शनको अन्तरघुलन हुनेगरी पाठ्यक्रम विकास तथा मुल्याङ्कन प्रणालीको पुनरावलोकन | पटक | - | १ | - | - | - | - | संघ र प्रदेशको सहकार्यमा |
| ५ | उच्च शिक्षाको पठनपाठनलाई परियोजनामा आधारित, खोजमुखी र अनुसन्धान केन्द्रित बनाई विद्यार्थीलाई स्वायत्त सिकारु बनाउने प्रोत्साहन गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ प्रदेश र गैससको सहकार्यमा |
| ६ | उच्च शिक्षालाई सिक्दै कमाउदैको अवधारणा अनुरुप शिक्षालाई आय आर्जनसंग आबद्ध गरी सञ्चालन गरिने । | जना | २० | २० | २० | २० | २० | १०० | पालिका/प्रदेश/संघ |
| ७ | उच्च शिक्षाबाट बञ्चित विद्यार्थीहरुलाई खुल्ला तथा दुर शिक्षाका माध्यमबाट उच्च शिक्षाम ाप्रोत्साहन गर्न नव नेपाल क्याम्पसमा सर्भिस सेन्टरको स्थापना गरिने । | केन्द्र | १ | - | - | - | - | १ | पालिका/प्रदेश/संघ |
| ८ | जिल्लामै तथा जिल्ला बाहिरका उच्च शिक्षा केन्द्रमा चिकित्सा, ईञ्जीनियरिङ्ग, विज्ञान लगायतका प्राधिधिक विषयमा अध्ययन गरिरहेका त्रिवेणीका विपन्न विद्यार्थीहरुलाई छात्रवृत्तिको उपलव्ध गराउने कार्यविधि निर्माण | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | प्रदेश सरकार तथा पालिकाको सहकार्य समन्वयमा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | उच्च शिक्षालयको भौतिक पूर्वाधार, शैक्षिक गुणस्तर तथा शैक्षिक जनशक्तिमा लगानी बढाउन संघीय सरकार र प्रदेश सरकारसंग समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ र प्रदेश सरकार समन्वय सहकार्यमा |

# परिच्छेद-६
# सुशासन तथा व्यवस्थापन

## ६.१. शिक्षाको व्यवस्थापन र सस्थागत क्षमता विकास

### ६.१.१ परिचय

विद्यालय सुशासन तथा व्यवस्थापन भन्नासाथ विद्यालयका दैनिक शैक्षिक, प्रशासनिक तथा अन्य गतिविधिहरुलाई परिणाममुखी बनाउने भन्ने रहन्छ। शिक्षालयबाट प्रदान गरिने सार्वजनिक सेवाप्रवाहलाई चुस्त, दुरुस्त बनाउदै सेवामा सवलीकरण गर्दै जानु नै विद्यालय प्रशासनको प्रमुख कार्य हो। विद्यालयहरुमा हुने पारर्दशिता, सुशासन तथा विधिको शासनले विद्यालयमा प्रवाह हुने सेवालाई समावेशीकरण र समतामूलक बनाउनका लागि आवश्यक पहल कदमी लिने गर्दछ।

शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापनको गुणस्तरसंग जोडिएको एक महत्वपूर्ण सवाल हो। गुणस्तर भन्नाले उपभोक्तालाई वस्तु वा सेवाबाट प्राप्त हुने सन्तुष्टि हो। उपभोक्तालाई प्राप्त हुने सन्तुष्टिको स्तर जति उच्च हुन्छ वस्तु वा सेवा त्यति धेरै गुणस्तरीय भन्ने बुझिन्छ। युनिसेफले शिक्षामा गुणस्तर भन्नाले पहिलो कुरा परिवार र समुदायबाट सहयोग र प्रोत्साहन प्राप्त स्वस्थ र सिकाइका लागि उत्प्रेरक सिकारु, दोश्रो कुरा, सिकाइका लागि स्वस्थ, सुरक्षित, लैगिंक समतामूलक र उपयुक्त श्रोतसाधन र सुविधायुक्त वातावरण, तेश्रो कुरा, साक्षरता, जीवनोपयोग सिप र ज्ञान लगायत लैगिंकता, स्वास्थ्य, पोषण, संक्रमक रोगहरुबाट वचावट गर्नका लागि सान्दर्भिक हुने पाठ्यक्रम, विषयवस्तु र शैक्षिक सामग्री, चौथो कुरा, सिकाइ सहजीकरणमा प्रवर्द्धन र विभेदको न्यूनीकरणलाई सहयोग पुग्ने गरी उपयुक्त कक्षाकोठा, विद्यालय र मूल्यांकन प्रणालीमा आधारित तालिम प्राप्त र दक्ष शिक्षकबाट सहजीकरण गरिएको बालकेन्द्रित शिक्षण प्रणाली र पाँचौ कुरा, शिक्षाका राष्ट्रिय लक्ष्य र समाजमा सकारात्मक सहभागिताको परिपूर्ति हुने गरी ज्ञान, सीप र अभिवृद्धि भएका नागरिकहरुको उत्पादन हो भनी परिभाषित गरेको छ।

विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी पूर्वक अनुगमन र सहयोग, प्रधानाध्यापकको नेतृत्वदायी भूमिका र अभिभावकहरु बीचको सहकार्यले नै विद्यालयलाई मजबुद बनाउने विषयमा दुइमत छैन । यसरी विद्यालयहरुलाई व्यवस्थापन र सुशासन युक्त गराउनका लागि विद्यालय तथा स्थानीय शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता अभिवृद्धि, स्थानीय शैक्षिक योजनाको कार्यान्वयन, र योजना कार्यान्वयनको अनुगमन तथा मूल्यांकन लगायतका विषयहरुमा स्पष्ट दृष्टिकोण हुन जरुरी रहन्छ। शिक्षामा गुणस्तरलाई व्यक्ति, परिवार, समाज र राष्ट्रको दृष्टिकोणबाट पनि विश्लेषण गर्न सकिन्छ। राष्ट्रका लागि गुणस्तरीय शिक्षा अन्तर्गत विद्यार्थीको राम्रो राष्ट्रिय शैक्षिक उपलब्धि, विश्वव्यापी प्रतिस्पर्धी नागरिकको उत्पादन, विकासलाई सहयोग गर्ने, राष्ट्रियता प्रवर्द्धन गर्ने र राष्ट्रको विकासका लागि आवश्यक जनशक्ति परिपूर्ति गर्ने जस्ता पक्षहरु पर्दछन्। समाजका निम्ति गुणस्तरीय शिक्षा अन्तर्गत सहिष्णुता, सामुदायिक सदभाव, नैतिकवान, शिष्ट, संस्कृतिको प्रवर्द्धन गर्ने, सकारात्मक सोच भएको आदि जस्ता पक्षहरु पर्दछन्। परिवारका लागि गुणस्तरीय शिक्षा अन्तर्गत रोजगारमूलक, परम्पराको संरक्षण गर्ने तथा आर्थिक उपार्जन गर्ने आदि जस्ता कुराहरु त्यसैगरी व्यक्तिका लागि गुणस्तरीय शिक्षा अन्तर्गत रोजगारी, स्वतन्त्र जीवनयापन र समुन्नत चेतना जस्ता कुराहरु पर्दछन्।

### ६.१.२ वर्तमान अवस्था

विगत देखि नै विद्यालय शिक्षामा सबै बालबालिकाहरुको पहुँचताले लामो समयदेखि अग्रस्थान प्राप्त गरिरहेको छ । नेपाल सरकारले शिक्षा क्षेत्रमा गरेका विभिन्न पहलहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दार्त निकायहरुले गरेका सहयोगहरु, अन्तर्राष्ट्रिय तहमा गरिएका शिक्षा सम्बन्धी सन्धिहरु तथा स्थानीय तहमा निर्माण भइरहेका विभिन्न शैक्षिक नीति तथा कार्यक्रमहरुले गर्दा शिक्षामा पहुँचताको अभिवृद्धि भई ९८ प्रतिशत भन्दा बढी बालबालिकाहरु अहिले विद्यालयभित्र रहेका छन्। विगत लामो समयसम्म सरकार र शैक्षिक कार्यक्रमहरुको प्राथमिकता शिक्षामा सबैको पहुँच हुनु पर्ने विषयले महत्व पाएको अवस्था हो । अबका सरकार र कार्यक्रमहरुले भने पहुँचका साथसाथै गुणस्तरलाई समेत प्राथमिकतामा राखेको अवस्था छ। शिक्षालाई व्यवहारिक, रोजगारमूलक, वैज्ञानिक, जीवनोपयोगी, सान्दर्भिक, प्रतिस्पर्धी आदि जे बनाउने भनेपनि त्यो भनेको गुणस्तरीय शिक्षा हो।

विद्यालय क्षेत्र विकास योजनाले शिक्षाको गुणस्तरलाई सम्बोधन गर्दै सिकाइको वातावरण, पाठ्यक्रम, शिक्षण सिकाइको सामग्री (पाठ्यपुस्तक लगायत) विधि, मूल्यांकन तथा परीक्षाको सान्दर्भिकता तथा गुणस्तरीयतामा अभिवृद्धि गराई विद्यार्थीको सिकाइमा सुधार सुनिश्चित गर्नु पर्ने कुरामा जोड दिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ। अबको शिक्षण सिकाइ र मूल्यांकनका क्रियाकलापहरुले शिक्षाको संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उसको सीप, व्यवहार र अभिवृत्तिको समेत मूल्यांकन गर्ने गरी हरेक विषयमा पच्चीस प्रतिशत भार आन्तरिक मूल्यांकनका लागि व्यवस्था गरेको छ।

**राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६** ले मूल्यांकनलाई कक्षाकोठाको सिकाइमा आधारित बनाउनका लागि मूल्यांकनको केही अधिकार विषयगत शिक्षकलाई प्रदान गरिएको छ । निर्णयात्मक मूल्यांकनका लागि समेत निर्माणात्मक मूल्यांकनलाई आधार मान्ने गरी पाठ्यक्रमको विकास गरिएको छ । यसका साथै

शिक्षालाई जीवनोपयोगी र व्यवहारिक बनाउने सवालमा निरन्तर मूल्यांकनको पद्धति पनि अवधारणागत हिसाबले प्रभावकारी पद्धति हो । यसलाई आधारभूत तहका प्रारम्भिक कक्षाहरुमा लागु समेत गरिएको छ । यसका साथै स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नका लागि स्थानीय तहलाई अधिकार दिएको अवस्था छ । माध्यमिक तहमा प्राविधिक धारको पठनपाठन गरी शिक्षालाई उत्पादन र रोजगारमुखी बनाउने प्रयास गरिएको छ । उल्लिखित सन्दर्भहरुले शिक्षालाई गुणस्तरीय बनाउने सवालमा टेवा पुगेको देखिन्छ ।

योजना, नीति र कानुनहरुमा शिक्षाको गुणस्तरलाई विशेष सम्बोधन गरेको अवस्था भएपनि सरकारका कार्यक्रमहरुमा भने शिक्षा अझै पनि प्राथमिकतामा नपरेको अवस्था छ । शिक्षामा विनियोजित बजेट मध्ये ७० प्रतिशत हाराहारीमा बजेट शिक्षकको तलव भत्ताको निम्ति खर्च हुने गर्दछ । शिक्षकको तलबभत्ता र सुविधालाई समेत आकर्षक बनाउन सकिएको छैन । मुलुकमा संविधानको भावनालाई समेट्ने गरी लामो समयसम्म शिक्षा ऐन निर्माण हुन नसक्नुले पनि शिक्षामा गुणस्तरको बाटोमा अघि बढ्न असहज भएको अवस्था छ ।

| समस्या | कारण | असर |
|---|---|---|
| ▪ स्थानीय स्वयम सेवक शिक्षकहरुको न्यून तलब भत्ता व्यवस्थापन<br>▪ अस्थाइ र स्थायी शिक्षकहरुको विचमा विभेदीकरण<br>▪ शैक्षिक क्षेत्रमा भएका कार्यक्रमहरुको नियमित रुपमा कार्यान्वयन<br>▪ शिक्षा, युवा तथा खेलकुद शाखाको सवलीकरण<br>▪ व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तथा परिचालन | ▪ गाउँपालिकामा पर्याप्त आफ्नै स्रोत नहुनु,<br>▪ स्पष्ट योजना निर्माण र कार्यान्वयन नहुनु<br>▪ नियमित अनुगमन, पृष्ठपोषण गर्ने संयन्त्र प्रभावकारी नुहुनु,<br>▪ दक्ष जनशक्तिको अभाव | ▪ शैक्षिक गुणस्तरमा कमजोर,<br>▪ योजनाको कार्यान्वयन कमजोर<br>▪ योग्य , दक्ष व्यक्तिहरु शिक्षण पेशाप्रति आकर्षित नहुनु, |

### ६.१.३ उद्देश्यहरु

१. सबै प्रकारका सिकारुहरुको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचनाको स्थापना गर्नु ।

२. विश्वविद्यालयबाट सर्वोत्कृष्ट नतिजा हासिल गरेका मेधावी प्रतिभाहरुलाई शिक्षण पेशामा आकर्षित गर्नका लागि आवश्यक कानुनी व्यवस्था गर्नु संघीय सरकार तथा प्रदेश सरकारलाई सुझाव दिनु ।
३. गाउँपालिकाको अब्बल शैक्षिक जनशक्तिलाई अन्य पालिका प्रदेश वा विदेश पलायन हुनबाट रोकी आफ्नै गाउँपालिकामा काम गर्नका लागि प्रोत्साहित गर्नु ।
४. प्रारम्भिक कक्षा पढाइ सिप विकासका लागि पढाइ शिक्षण माध्यम सुधार, सेवा प्रणाली सवलीकरण र अभिभावक र समुदायको सहयोग तथा संलग्नता अभिवृद्धि गर्नु ।
५. शिक्षा प्रणालीमा भएको शिक्षण सिकाइ, परीक्षा र मूल्यांकन प्रणालीलाई प्रयोगात्मक, व्यावहारिक र जीवनसापेक्ष हुनेगरी परिमार्जन गरी कार्यान्वयन गर्नु ।
६. गुणस्तरीय शिक्षाप्रतिको सरोकारवालाहरुको बुझाइमा परिमार्जन र शिक्षामा उनीहरुको सहभागितालाई शैक्षिक अभिमुखिकरण र प्रशिक्षणका माध्यमबाट सुनिश्चित गर्नु ।
७. शिक्षामा सिर्जनशीलता, सांस्कृतिक सम्पतिहरुको संरक्षण, प्राकृतिक स्रोत र साधनको जगेर्ना एवम् उपयोग र बदलिदो विश्वपरिवेश अनुसारको शिक्षाको गुणस्तरलाई कायम गर्नका लागि सो अनुसारको अध्ययन र अनुसन्धान लागि शिक्षामा आवश्यक प्रवन्ध गर्नु ।
८. गाउँपालिका एवं प्रदेशबाट सिर्जना गरिएको दरबन्दी शिक्षक एवं कर्मचारी नियुक्तिका लागि प्रदेश शिक्षा आयोगको स्थापनाका लागि संघ र प्रदेशसँग समन्वय र सहकार्य गर्नु ।
९. शिक्षक र कर्मचारीका लागि प्रदान गरिने पुरस्कार, प्रोत्साहन, वृत्तिविकास ,र दण्डसजायलाई बस्तुगत र व्यावहारिक बनाई लागु गर्नु ।
१०. शिक्षालयहरुको शासकीय सुधारसहित जनसहभागिता, सरोकारवालाहरुको प्रतिनिधित्व, पारदर्शिता, अपनत्व र उत्तरदायित्व प्रवर्धन गर्ने सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम गर्नु ।
११ विद्यालयको प्रधानाध्यापकलाई अधिकार प्राप्त कार्यकारीको रुपमा कामकाज गर्न पाउने गरी अधिकार सम्पन्न गराउने गरी नियम कानुनको प्रबन्ध र परिमार्जन गर्नु ।

### ६.१.४ रणनीतिहरु

१. विद्यालयहरुमा काम गर्ने वैतनिक र अवैतनिक व्यक्तिहरुको शैक्षिक पृष्ठभूमि, सामाजिक क्षेत्रमा गरेको योगदान, मूल्यनिष्ठ व्यक्तित्व आदिको समेत मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउँमा ठीक व्यक्तिको चयन गर्ने कार्यलाई गाउँको शिक्षा सम्बन्धी ऐन कानुनमा व्यवस्था गरी कार्यान्वयन गरिने छ ।
२. विशेष अवस्था बाहेक बढीमा पाँच वर्ष भन्दा बढी समय एउटै विद्यालयमा प्रधानाध्यापक एव शिक्षक भई काम गर्न नपाउने गरी सरुवा प्रणालीलाई पारदर्शी, निष्पक्ष र अनुमान योग्य बनाई लागु गरिने छ ।
३. जनप्रतिनिधि, अभिभावक, शिक्षाप्रेमी र समाजसेवीहरुको बाहुल्यता हुने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने र विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरुको कार्यान्वयन गर्नका लागि कार्यकारी अधिकार प्रधानाध्यापकलाई हुने गरी कानुन बनाई कार्यान्वयन गरिने छ ।

४. प्रदेश र स्थानीय तहबाट आवधिक रुपमा सबै प्रकृतिका विद्यालयहरुको सिकाइ स्तर जाँच गर्ने र देखिएका समस्या पहिचान गरी सुसधारका उपायहरुको पृष्ठपोषण प्रदान गरिने छ ।
५. निवृत्त र अवकाशप्राप्त शिक्षाका अधिकृत, क्याम्पसका प्राध्यापक र योग्य शिक्षकहरुको समेत रोष्टर तयार गरी शैक्षिक सुपरीवेक्षण, अनुगमन, अनुसन्धान, तालिम आदि सञ्चालन गरिने छ ।
६. अनुगमन र सुपरीवेक्षण पद्धतिलाई असल व्यक्ति, असल संस्था र असल कामहरुको बढावा, प्रचारप्रसार र विस्तार हुने गरी संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिने छ ।
७. विद्यालय व्यवस्थापन समितिको सिफारिसको आधारमा स्थानीय तहले प्रधानाध्यापकको नियुक्ति गर्ने गरी कानुनमा परिमार्जन गरी कार्यान्वयन गरिने छ ।
८. आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक सम्पादन गर्न लक्षका आधारमा प्रगति हासिल गर्ने प्रधानाध्यापकलाई प्रोत्साहन स्वरुप खाइपाइ आएको तलवको कम्तिमा पनि १० देखि २५ प्रतिशत सम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने गरी कानुनी व्यबस्था गर्ने प्रबन्ध मिलाइने छ ।
९. विद्यालयमा काम गर्ने प्रधानाध्यापक, कर्मचारी र शिक्षकबाट सम्पादन गरिने कार्यविवरणको आधारमा कार्य सम्झौता गर्ने र सोअनुसार काम भए नभएको कुराको अनुगमन र मूल्यांकन गर्नका लागि गैरराजनीतिक किसिमबाट शिक्षाविद्हरुको टिम बनाई उक्त टिमको सिफारिसको आधारमा आवश्यक पुरस्कार तथा कार्वाही प्रकृया अघि बढाउने काम गरिने छ ।
१०. विद्यालयहरुमा सम्पादन गर्ने कामलाई सार्वजनिक सुनुवाइ, वेभसाइट, डिजिटल, बोर्ड, नोटिस बोर्ड, गुनासो एव सुझाव पेटिका, नियमित अन्तरक्रिया एवं संवाद मार्फत सार्वजनिक गरिने छ ।
११. शिक्षकहरुलाई पेसाप्रति प्रतिबद्ध र जिम्मेवार बनाउनका लागि उनीहरुको कार्यसम्पादनको स्तर र विद्यार्थी एवम् अभिभावकको अभिमतलाई बढुवा र प्रोत्साहन सुविधासँग आबद्ध गर्न सहजीकरण र समन्वय गरिने छ ।
१२. संघ, प्रदेश एवं स्थानीय तहको ढुकुटीबाट पारिश्रमिक लिएर शिक्षालयमा काम गर्ने कुनै पनि शिक्षक एवं कर्मचारीलाई राजनीतिक दल विशेषको सदस्य भई सार्वजनिक पद एवं सेवामा रहेर काम गर्न नपाउने गरी कानुन बनाई लागु गरिने छ ।
१३. विभिन्न प्रकारका महामारी, जोखिम र हिंसामा परेका बालबालिकाहरुका लागि उनीहरुको अनुकुल हुने गरी सिकाइ सहजीकरणका विभिन्न विकल्पहरुको प्रयोग गरेर शिक्षामा समन्यायको वातावरण निर्माण गरिने छ ।
१४. प्रारम्भिक कक्षामा शिक्षणका सुधार गर्न शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीको प्रयोग, पेसागत सहयोग, पुर्नःर्ताजगी तालिम, अनुभव आदन प्रदान कार्यक्रम सञ्चालन गरिने छ ।
१५. प्रारम्भिक कक्षामा पढाइ सेवा प्रणाली सुधार तथा सुदृढीकरण गर्न नियमित अनुगमन, पृष्ठपोषण, अभिभावक क्षमता विकास, अध्ययन भ्रमण कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
१६. प्रारम्भिक कक्षाका लागि अभिभावक शिक्षक सम्मेलन, घर र विद्यालयमा पढाइ कुना निर्माण, परम्परागत लोककथा संकलन तथा बाचन र सबै व्यक्तिको सहभागितामा पढाइ मेला सञ्चालन गरिने छ ।
१७. स्थानीय तह र प्रदेश सरकारबाट शिक्षक दरबन्दी सिर्जना गरी नियुक्त हुने शिक्षकको पदपूर्ति गर्नका लागि स्वतन्त्र र स्वायत्त निकायको रुपमा प्रदेश शिक्षक सेवा आयोगको गठन र सञ्चालन गर्नका

लागि संघ र प्रदेश सरकारसँग अनुरोध गरिने छ। विद्यालयमा कार्यरत कर्मचारीहरुको निम्ति समेत यही प्रदेश शिक्षक सेवा आयोगले काम गर्नेछ।

१८. सिकारुको मूल्यांकनको आधारमा सिकारुका सिकाइका कमजोर पक्षहरु, सिकारुले थप सुधार गर्नुपर्ने पक्षहरु, शिक्षकले गर्नुपर्ने थप शिक्षण क्रियाकलापसमेत स्पष्ट हुने गरी विद्यार्थीको प्रगति विवरण कार्ड तयार गरी समयसमयमा अभिभावकलाई समेत प्रदान गरिने छ।

१९. शिक्षण सिकाइ र प्रशिक्षणको पद्धतिमा समेत परिमार्जन गरी आमने सामने विद्यालयमा आधारित मिश्रित र अनलाइन तथा भर्चुअल पद्धतिको अवलम्बन गरिने छ।

२०. विद्यार्थी मूल्यांकन प्रणाली घटनामा आधारित, परियोजनामा आधारित, समूह कार्यमा आधारित र सिकारु केन्द्रित अभ्यासलाई आधार बनाइनेछ।

२१. पुस्तक समीक्षा, कला तथा सिर्जना परीक्षण, कक्षाकोठामा आधारित वा सिकारुको समुदाय वा परिवारमा आधारित ससाना खोजमूलक कार्य र तिनको संक्षिप्त प्रतिवेदन, मौखिक मूल्यांकन, सिर्जनात्मक अभ्यास आदि तरिकाहरुलाई परीक्षा र मूल्यांकनका साधनको रुपमा संस्थागत गरिने छ।

२२. प्रविधिमा आधारित शैक्षिक सामग्री डिजिटल शैक्षिक सामग्री को विकास तथा प्रयोग क्रमशः वृद्धि गरिने छ।

२३. उत्कृष्ट विद्यालयहरुलाई नमूना विद्यालयको रुपमा विकास गरी त्यस्ता विद्यालयहरुबाट अरु विद्यालयहरुले सिक्ने गरी प्रेरणादायी वातावरणको विकास गरिने छ।

### ६.१.५. प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धी**

१. शिक्षामा शैक्षिक सुशासन र गुणस्तरमा अभिवृद्धिमार्फत नागरिक समाजलाई समतामूलक र समावेशी किसिमबाट शैक्षिक व्यवस्थापनमा समान किसिमले जिम्मेवार बनाउँदै गाउँपालिकाको शैक्षिक पद्धति सबैका निम्ति पारदर्शी, विश्वासनीय, गुणस्तरीय र मितव्ययी हुने।

**ख) प्रमुख नतिजा**

१. विद्यालयहरुमा मनोवैज्ञानिक र प्रवृत्तिगत हिसाबले बालबालिका र शिक्षण पेसाप्रति रुचि भएका जनशक्तिको प्रवेशको आवृत्तिमा बढोत्तरी भएको हुने।

३. कार्य सम्पादन सुचकको आधारमा शिक्षक, कर्मचारीलाई पुरस्कार, प्रोत्साहन र वृत्ति विकासको अवसर प्रदान गरिएको हुने।

४. विद्यालयहरु हरेक किसिमका अभावबाट मुक्त भई न्याय, समता, शान्ति र सुशासनका क्षेत्रको रुपमा स्थापित भएका हुने।

५. प्रारम्भिक कक्षाका बालबालिकामा पठन सिप विकास भएको हुने।

६. गाउँपालिकाको अब्बल जनशक्ति गाउँपालिका विकासका निम्ति प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गाउँपालिकाको उन्नति र प्रगतिका लागि खुसीपूर्वक समर्पित भएको हुने।

७. मन, बचन र कर्मले पेसाप्रति समर्पित व्यक्तिको शिक्षण पेसामा प्रवेशका लागि उपयुक्त पाठ्यक्रम र परिवेशको सिर्जना भएको हुने ।

८. सक्षम शिक्षकलाई प्रधानाध्यापक बनाई विद्यालयको विकासका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न बनाइएको हुने ।

९. विद्यार्थीलाई सरकारले प्रदान गर्ने हरेक निःशुल्क सामग्री लगायत वित्तिय सहयोग र सुविधाहरुको रकम बैंक मार्फत उनीहरुकै खातामा भौचर पद्धतिबाट उपलब्ध गराइएको हुने ।

१०. विभिन्न प्रकारका जोखिम र हिंसामा परेका बालबालिकाहरुका लागि मनोसामाजिक परामर्श तथा शैक्षिक पुनर्लाभको व्यवस्था गरिएको हुने ।

११. उत्कृष्ट विद्यालयहरुलाई नमूना विद्यालयको रुपमा विकास गरी त्यस्ता विद्यालयहरुबाट अरु विद्यालयहरुले सिरुक्ने गरी प्रेरणादायी वातावरणको विकास गरिएको हुने ।

१२. सामुदायिक विद्यालयहरुले गरेका राम्रा अभ्यासहरु एक अर्काले अनुकरण र कार्यान्वयन गर्ने गरी उपयुक्त वातावरण सिर्जना गरिएको हुने ।

१३. अभिभावक लगायत नागरिक सबैका लागि शिक्षा साझा सरोकारको विषय हो भन्ने कुराको सहजीकरण विद्यालय र बालबालिकाको विकासमा अपनत्वको भावना विकासका लागि वडा हुदै टोलटोलमा बस्ती वा टोल शिक्षा समिति गठन गरी शैक्षिक जागरणका कार्यहरु सञ्चालन गरिएको हुने ।

## नतिजा र परिणात्मक लक्ष्य

| क्र.स | नतिजा | आ.बर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | लेखा परीक्षण तथा सामाजिक परीक्षण समयमै सम्पन गर्ने विद्यालय सङ्ख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| २ | नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिमप्राप्त प्रधानाध्यापक सङ्ख्या | १२ | १५ | २० | ३० | ३८ |
| ३ | विद्यालय व्यवस्थापन समिति समयमै गठन भई क्रियाशिल भएका विद्यालय सङ्ख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| ४ | शिक्षक अभिभावक संघ समयमै गठन भई क्रियाशिल भएका विद्यालय सङ्ख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | शिक्षक र विद्यालय सम्बद्ध पदाधिकारीहरु विद्यालयप्रति जिम्मेवार भई कार्यसम्पादनमा बढि सक्रिय भएका विद्यालय (%) | ५० | ६५ | ८० | ९० | ९५ |

## ६.१.६. मुख्य कृयाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स. | शिक्षाका प्रमुख क्रियाकलापहरु | ईकाई | पाँच वर्षको भौतिक लक्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१।८ | ०८२।८ | ०८३।८ | ०८४।८ | ०८५।८ | जम्मा |
| १ | शिक्षा योजनाको कार्यान्वयन तथा शैक्षिक प्रशासन सञ्चालनका लागि आवश्यक कानूनी प्रबन्ध र मापदण्डको विकास तथा संशोधन गर्ने | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| २ | योजना कार्यान्वयन तथा सञ्चालन एवम् व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचना निर्माण तथा जनशक्तिको व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | संस्थागत संरचना अनुसार कार्यरत मानवीय साधनहरुको दक्षता वृद्धिका लागि आवश्यक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | तथ्याङ्क तथा सूचकहरुको वास्तविक प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण तथा समयमै सूचना सम्प्रेषण गर्ने प्रणालीको स्थापना गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | शिक्षा क्षेत्रमा काम गर्ने सबै जनशक्तिहरुसंग कार्यसम्पादन करार गरी सबैलाई सिकाइप्रति उत्तरदायी र नतिजाप्रति जिम्मेवार बनाउने पद्धतिको विकास गर्ने | सबै ज. | √ | √ | √ | √ | √ | √ |
| ६ | पालिका स्तरीय शिक्षक पेसागत विकास तथा सहयोग प्रणाली स्थापना गरी तिनीहरुको प्रभावकारी सञ्चालन तथा परिचालन (TLG, Expert Group) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | सामुदायिक सिकाइ केन्द्रहरु मार्फत अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकासगरी प्रभावकारी रुपमा परिचालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | सबै विद्यालय | √ | √ | √ | √ | √ | √ |
| ९ | सम्पूर्ण विद्यालयहरुले वार्षिक रुपमा सबै अभिभावक तथा सरोकारवालाहरुको उपस्थितिमा विद्यालयका सम्पूर्ण गतिविधिहरु सार्वजनिक गर्ने प्रद्धतिको विकास गर्ने | सबै विद्यालय | √ | √ | √ | √ | √ | √ |
| १० | उत्कृष्ट कार्यसम्पादन गर्ने शैक्षिक जनशक्तिका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने (सम्मान,प्रसंशा, पुरस्कार,बढुवा, ग्रेडवृद्धि आदि) | पटक | १ | १ | १ | १ | १ | ५ |
| | जम्मा | | | | | | | |

## ६.२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा संघीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील छन् । कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचना अनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ६.२.२ वर्तमान अवस्था

त्रिवेणी गाउँपालिकाले पाँच वर्षे गाउँ शिक्षा योजना तयार पारेको छ । गाउँपालिकाले शिक्षा सम्बन्धी विभिन्न कार्यविधि ,ऐन,नियमावली निर्माणगरी कार्यान्वयन गरिसकेको छ । योजना निर्माणसँगै निर्दिष्ट उद्देश्य हासिल गर्न पालिकामा रहेका जनशक्ति परिचालनगरिनेछ । आवश्यक प्रयाप्त जनशक्ति व्यवस्थापनमा चुनौती रहेको छ । विगतमा तय गरिएका कार्यक्रम कार्यन्वयनमाप्राप्त सफलताले समन्वय र सहकार्यको आधारमा योजना कार्यन्वयन गरिने छ । सङ्घीय र प्रदेशको सशर्त अनदानतोकिएकै शिर्षकमा खर्च हुने भएकाले यस योजनामा पालिकाबाट विनियोजन हुने बजेटलाई प्राथमिकता प्रदानगरी कार्यक्रम तय गरिएको छ । योजना कार्यन्वयनको क्रममा आवश्यक कार्यविधि तथा मापदण्ड निर्माण गरिने छ ।जनशक्तिको क्षमता विकासलाई प्राथमिकता दिई निर्माण गरेको योजनाको प्रबोधीकरण गरी कार्यन्वयनलाई गतिप्रदान गरिनेछ ।

| समस्या | कारण | असर |
|---|---|---|
| ▪ सीप युक्त, तालिम प्राप्त शिक्षक दरबन्दि अभाव<br>▪ समयमै स्थानीय शिक्षा योजना निर्माण नहुनु ।<br>▪ स्थानीय शिक्षा योजना प्रवोधिकरण तालिमको अभाव | ▪ संघ,प्रदेश र स्थानीय तहले आवश्यक दरबन्दी व्यवस्था नगर्नु ।<br>▪ आर्थिक,प्राविधिक तथा विज्ञहरुको व्यवस्थापनमा ढिलाई<br>▪ स्थानीय शिक्षा योजना समयमै निर्माण नहुनु र प्रयोगमा ढिलाई | ▪ लक्ष्य अनुसारको सिकाइ उपलब्ध नहुनु ।<br>▪ समयमै शिक्षा योजनाको मर्म र गति अनुसारको काममा कमि ।<br>▪ समृद्ध पालिका निर्माणमा शिक्षाको योजना र कार्य गतिमा ढिलाई |

### ६.२.३ उद्देश्यहरु

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ६.२.४ रणनीतिहरु

१.बजेट तथा कार्यक्रम निर्धारण गर्दा दोहोरोपन नहुने सुनिश्चित गर्ने,
२. कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक विधि प्रक्रिया पूरा गर्ने वातावरण सृजना गर्ने,
३. निर्धारित कार्यक्रम कार्यान्वयनको स्थिति पहिचान गरी देखिएका समस्या समाधान गर्ने,
४. EMIS को प्रयोगलाई व्यवस्थित बनाउने,
५. विद्यालयका प्रशासनिक र व्यवस्थापकीय कार्यको उचित व्यवस्थापन गर्ने,
६. उत्तरदायित्वका औजारहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
७. अनौपचारिक तथा आजीवन सिकाइलाई व्यवस्थित बनाउने ।

### ६.२.५. प्रमुख उपलब्धि तथा नतिजा

१.शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

### ६.२.६. मुख्य क्रियाकलाप र परिणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण शैक्षिक क्यालेन्डर निर्माणसहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालय सुधार योजना निर्माण एव अद्यावधिक | विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन गर्न समन्वय | पटक | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद-७
# लगानी र श्रोत व्यवस्थापन

## ७.१. परिचय

स्रोत योजनाको मुटु हो । स्रोत व्यवस्थापनको योजनामा महत्वपूर्ण भूमिका रहेको हुन्छ। योजना कार्यन्वयनका लागि आवश्यक पर्ने आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन कहाँबाट गर्ने र कसरी गर्ने भन्नेकुरा चुनौतिका रूपमा रहेको हुन्छ। देशको बदिलँदो राजनितिक अवस्था,शासकीय स्वरूप र शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको व्यवस्थापनले योजना कार्यान्वयन र स्रोत व्यवस्थापनमा प्रभाव पारेको हुन्छ। बालविकास तथा आधारभूत र माध्यमिक शिक्षाको समग्र व्यवस्थापनका लागि स्थानीय तहहरू परिपक्व हुन नसकेको परिप्रेक्ष्यमा संघीय र प्रदेश सरकारले शिक्षाको क्षेत्रमा पर्याप्त लगानी गर्दै आएका छन्। शिक्षक तलब भत्ता,भौतिक पूर्वाधार विकास, शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरू,छात्रवृत्ति, आधारभूत तह र माध्यमिक तहका (८-६ -कक्षा) छात्राहरूका लागि स्यानिटरी प्याड,छात्रवृति,पाठ्यपुस्तक, अनौपचारिक तथा वैकल्पिक शिक्षा विद्यालय दिवाखाजा आदिमा ससर्तका कार्यक्रम र स्थानीय तहले आवश्यकतानुसार खर्च गर्न सक्ने गरी समानीकरण बजेट स्थानीय तहलाई उपलब्ध गराउनु यसका उदाहरणहरु हुन्। यस गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको शैक्षिक प्रणालीमा सुधार गर्न भरपुर प्रयास गरिरहेको छ । दूरदराजका वस्तीमा पहुँच सहज गर्न थप विद्यालय सञ्चालन, शिक्षक दरबन्दी अभाव रहेको सन्दर्भमा गाउँपालिका अनुदान शिक्षक दरबन्दी बितरण गरी परिचालन र तिनका लागि खर्चको व्यवस्था,प्रधानाध्यापकहरूका लगि बैठक भत्ताको व्यवस्था,विद्यालय सहयोगी कर्मचारी, बाल विकास शिक्षकका लागि प्रोत्साहन स्वरूप रकम उपलब्ध गराउने,माध्यमिक शिक्षा नि शुल्क बनाउन थप अनुदान उपलब्ध गराउने,शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन,विद्यार्थीको प्रतिभा विकासमा सहयोग पुर्याउन विभिन्न कार्यक्रम,खेलकुद आयोजना गरिएका छन्।

## ७.२ वर्तमान अवस्था

शिक्षामा लगानी बढाउने आशयका साथ गाउँपालिकाका विभिन्न नीति तथा योजनाहरु निर्माण भएका छन् । नेपालको संघीय तहबाट शिक्षामा जम्मा लगभग कुल बजेटको ११ प्रतिशत लगानी गरिएको अवस्था छ । सशर्त अनुदानको रुपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशत भन्दा बढी रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरुमा खर्च गरेको छ । गाउँपालिकाले शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिई आ.व.२०८०/८१ मा कुल बजेटको १९ प्रतिशत लगानी शिक्षामा गरेको छ। जनशक्ति व्यवस्थापन ,गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरु केन्द्रित रहेका छन् ।यसरी हेर्दा गाउँपालिकाले शिक्षा क्षेत्रलाई विकासको प्रमुख पूर्वाधारको रुपमा अङ्गीकार गरेको पाइन्छ। यस योजनाको कार्यन्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्र.स. | वित्तिय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | १२०५१९०.३५ | ८५.८८ | |
| २ | प्रदेश सरकार | ५५२५.६३ | ०.३९ | |
| ३ | स्थानीय सरकार | १७३१११.२४ | १२.३३ | |
| ४ | अभिभावक तथा समुदाय | १०००.०० | ०.०७ | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | १८५००.०० | १.३१ | |
| ६ | स्थानीयदाता तथा अन्य श्रोत परिचालन | ० | ० | |
| ७ | अपुग रकम | ० | ० | |
| | **जम्मा** | १४०३३२७.२३ | १०० | |

## ७..३ लक्ष्य, उद्देश्यहरु, रणनीतिहरु

१.शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि लगानीको सुनिश्चितता हुने ।

७..३ १.उद्देश्यहरु

१. योजना कार्यान्वयनका लागि शिक्षा क्षेत्रमा आवश्यक सोतको प्रक्षेपण गर्ने,

२ योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने ,

३ उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ,

७.४ रणनीतिहरु

१.संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने,

२.शैक्षिक पहुँच,सहभागिता एवं गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

३.वार्षिक रुपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

४ शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लागानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिने ,

५ वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता जिम्मेवारी र उत्तरदायित्वलाई, पार्दर्शिता, सबल बनाइने ।

६.४ प्रमुख उपलब्धि,क्रियाकलाप र अनुमानित बजेट

उपलब्धि

१. शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुनेछ ।

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ।

क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु हजारमा)

| क.स | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ४१४३८.०० | ४२२६६.७६ | ४३५३४.७६ | ४५७११.५० | ४७९९७.०८ | २२०९४८.१० | |
| २ | आधारभूत शिक्षा | ९१५८३.०० | ९३४१४.६६ | ९६२१७.१० | १०१०२७.९५ | १०६०७९.३५ | ४८८३२२.०७ | |
| ३ | माध्यमिक शिक्षा | २८५१७.०० | २९०८७.३४ | २९९५९.९६ | ३१४५७.९६ | ३३०३०.८६ | १५२०५३.११ | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ७००.०० | ७१४.०० | ७३५.४२ | ७७२.१९ | ८१०.८० | ३७३२.४१ | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | १४००.०० | १४२८.०० | १४७०.८४ | १५४४.३८ | १६२१.६० | ७४६४.८२ | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ४८२१.०० | ४९१७.४२ | ५०६४.९४ | ५३१८.१९ | ५५८४.१० | २५७०५.६५ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ९७९२.०० | ९९८७.८४ | १०२८७.४८ | १०८०१.८५ | ११३४१.९४ | ५२२११.११ | |
| ९ | शिक्षामा समता र समावेशीकरण | ३२२०.०० | ३२८४.४० | ३३८२.९३ | ३५५२.०८ | ३७२९.६८ | १७१६९.०९ | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १०११२.०० | १०३१४.२४ | १०६२३.६७ | ११९५४.८५ | ११७१२.५९ | ५३९१७.३५ | |
| ११ | विद्यालय सुरक्षा विपद न्युनीकरण तथा उत्थानशीलता | ८००.०० | ८१६.०० | ८४०.४८ | ८८२.५० | ९२६.६३ | ४२६५.६१ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | २८०००.०० | २८५६०.०० | २९४१६.८० | ३०८८७.६४ | ३२४३२.०२ | १४९२९६.४६ | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १५८२.०० | १६१३.६४ | १६६२.०५ | १७४.।१५ | १८३२.४१ | ८४३५.२५ | |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | २९८०.०० | ३०३९.६० | ३१३०.७९ | ३२८७.३३ | ३४५१.६९ | १५८८९.४१ | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | १०८४.०० | ११०५.६८ | ११३८.८५ | ११९५.७९ | १२५५.५८ | ५७७९.९१ | |
| **जम्मा** | | २२६०२९.०० | २३०५४९.५८ | २३७४६६.०७ | २४९३३९।३७ | २६१८०६.३४ | १२०५१९०.३६ | |

ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| २ | आधारभूत शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ३ | माध्यमिक शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ० | ० | ० | ० | |
| ९ | शिक्षामा समता र समावेशीकरण | ० | ० | ० | ० | ० | ० | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | ० | ० | ० | ० | ० | ० | |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | १०००.०० | १०५०.०० | ११०२.५ | ११५७.६२ | १२१५.५० | ५५२५.६३ | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ० | ० | ० | ० | ० | ० | |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ० | ० | ० | ० | ० | ० | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ० | ० | ० | ० | ० | ० | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | |
| **जम्मा** | | १०००.०० | १०५०.०० | ११०२.५ | ११५७.६२ | १२१५.५० | ५५२५.६३ | |

ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ७०७२.०० | ७२८४.१६ | ७५३९.११ | ७९१६.०६ | ८४७०.१९ | ३८२८१.५१ | |
| २ | आधारभूत शिक्षा | ९२६.०० | ९५३.७८ | ९८७.१६ | १०३६.५२ | ११०९.०८ | ५०१२.५४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक शिक्षा | २६२४.०० | २७०२.७२ | २७९७.३२ | २९३७.१८ | ३१४२.७८ | १४२०४.०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १६००.०० | १६४८.०० | १७०५.६८ | १७९०.९६ | १९१६.३३ | ८६६०.९८ |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ८००.०० | ८२४.०० | ८५२.८४ | ८९५.४८ | ९५८.१७ | ४३३०.४९ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १३००.०० | १३३९.०० | १३८५.८७ | १४५५.१६ | १५५७.०२ | ७०३७.०४ |
| ९ | शिक्षामा समता र समावेशीकरण | २५०.०० | २५७.५० | २६६.५१ | २७९.८४ | २९९.४३ | १३५३.२८ |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | ८००.०० | ८२४.०० | ८५२.८४ | ८९५.४८ | ९५८.१७ | ४३३०.४९ |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | ११२००.०० | ११५३६.०० | ११९३९.७६ | १२५३६.७५ | १३४१४.३२ | ६०६२६.८३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ६००.०० | ६१८.०० | ६३९.६३ | ६७१.६१ | ७१८.६२ | ३२४७.८७ |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ४४०८.०० | ४५४०.२४ | ४६९९.१५ | ४९३४.११ | ५२७९.४९ | २३८६०.९९ |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १५०.०० | १५४.५० | १५९.९१ | १६७.९० | १७९.६६ | ८११.९७ |
| १६ | अनुगमन तथा मूल्याङ्कन | २५०.०० | २५७.५० | २६६.५१ | २७९.८४ | २९९.४३ | १३५३.२८ |
| **जम्मा** | | **३१९८०.००** | **३२९३९.४०** | **३४०९.२८** | **३५७९६.८९** | **३८३०२.६८** | **१७३१११.२५** |

ग) अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ० | १८५००.०० | ० | ० | ० | १८५००.०० |
| २ | आधारभूत शिक्षा | ० | ० | ० | ० | ० | ० |
| ३ | माध्यमिक शिक्षा | ० | ० | ० | ० | ० | ० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | अनौपचारिक र आजीवन शिक्षा | ० | ० | ० | ० | ० | ० |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ० | ० | ० | ० |
| ९ | शिक्षामा समता र समावेशीकरण | ० | ० | ० | ० | | ० |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० |
| ११ | विद्यालय सुरक्षा विपद न्यूनीकरण तथा उत्थानशीलता | ० | | ० | ० | ० | ० |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | ० | ० | | ० | ० | ० |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ० | ० | | ० | ० | ० |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत | ० | | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्षमता विकास | | | | | | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ० | ० | ० | ० | ० | ० |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | | ० | १८५००.०० | ० | ० | ० | १८५००.०० |

# परिच्छेद-८
# अनुगमन र मूल्यांकन

## ८.१. योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

### ८.१ परिचय

शिक्षामा अनुगमन भनेको यस सम्बन्धी अन्य कार्यहरूको प्रवाह तथा कार्यान्वयन योजना अनुरूप ठीकसंग भइरहका छन वा छैनन् भनी निगरानी राख्ने कार्य हो । त्यसैगरी मूल्याङ्कन भनेको कुनै शैक्षिक आयोजना कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरू कति सान्दर्भिक, सक्षम, लाभदायक र प्रभावकारी देखिएका छन् भन्ने कुराको व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य हो ।

अनुगमन तथा मूल्याङ्कनको मुख्य उद्देश्य त्रिवेणी गाउँपालिका शिक्षा योजनाले निर्दिष्ट गरेका प्रत्येक सेवा प्रवाहका तहका लक्ष्य तथा उद्देश्य अनुरूपका उपलब्धिहरू पत्ता लगाई ती सूचनाका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी सेवा प्रवाहमा सुधार गर्नु हो ।

अनुगमन तथा मूल्याङ्कन पद्धतिद्वारा प्राप्त हुने सूचना तथा जानकारीहरूलाई योजना निर्माण र कार्यान्वयन प्रक्रियामा उपयोग गर्न तथा विद्यालय क्षेत्र सुधारको योगदानको लेखाजोखा गरी राष्ट्रिय विकासका उद्देश्य प्राप्त गर्न सकिन्छ । अनुगमन तथा मूल्याङ्कनका तीन वटा मुख्य कार्यहरूको रुपमा ऐन नियमअनुसार कार्य भएनभएको लेखाजोखा गर्न, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्नु र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीतिगत तथा नीतिगत प्रभावको मूल्याङ्कन गर्नुलाई लिन सकिन्छ ।

नेपालमा योजनाबद्ध विकास प्रयासको सुरुआतसँगै विकास कार्यक्रम आयोजनाको अनुगमन तथा मूल्यांकन गर्ने परिपाटी भए तापनि पाँचौं पञ्च वर्षीय योजना २०३२-२०३७ देखि विकास आयोजनाहरूको कार्यान्वयनको मूल्यांकन गर्ने कुराको सुरुवात भएको मानिन्छ । यस व्यवस्थाले भार प्रणालीमा आधारित प्रगति समीक्षा, उपलब्धि मूल्याङ्कन र प्रभाव व्यवस्थाको मूल्याङ्कनको अवधारणा सहितको अनुगमन तथा मूल्यांकन व्यवस्थाको प्रारम्भ भयो । आठौं योजना (२०४९-५४) देखि अनुगमन तथा मूल्यांकनलाई एउटा पद्धतिको रुपमा सुदृढ गर्ने कार्य गर्दै हालसम्म आइरहेको अवस्था छ । अबको मूल्याङ्कन पद्धतिमा लगानीको तुलनामा प्रतिफल प्राप्तीलाई ध्यान दिने गरिएको छ ।

### ८.२ लक्ष्य

लक्ष्य

- कार्यक्रमको अवस्था र उद्देश्यबारे समयमै जानकारी उपलब्ध गराई तथ्यमा आधारित भई निर्णय गर्ने पद्धति मार्फत योजनाको प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण गर्नु ।

### ८.३. उद्देश्य

- कार्यक्रमको साधन, प्रक्रिया र परिणामको अनुगमन गर्ने र योजनाको प्रभाव मूल्याङ्कन गर्ने ।

## ८.४ अपेक्षित उपलब्धि एवं अनुगमन सूचकहरु

- परिमार्जित अनुगमन तथा मूल्याङ्कन प्रणालीमा आधारित अनुगमन तथा मूल्याङ्कन योजना लागू हुने ।
- अनुगमन तथा मूल्याङ्कन संरचना, भूमिका तथा उत्तरदायित्वको अद्यावधिक प्रतिवेदन उपलब्ध हुने
- सबै विद्यालयहरुले विद्यालय सुधार योजनाको निर्माण र अद्यावधिक गरी तदनुसार काम गरेको हुने ।
- विद्यालय र गाउँपालिकाले गरेका कार्यहरु पारदर्शीरुपले सरोकारवालाहरुलाई जानकारी दिनको लागि शिक्षा शाखाले वार्षिक रुपमा शैक्षिक रुपमा बुलेटिन प्रकाशित गर्ने कार्य निरन्तरता भएको हुने ।
- गाउँपालिका शिक्षा शाखामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)को प्रभावकारी रुपले अद्यावधिक भएको हुने ।
- अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी थप बनाउनका लागि अनुगमनबाट आएका कुराहरु वेवसाइट मार्फत सार्वजनिक गर्ने नीति लिइने छ ।

## ८.५ अवसर र चुनौतिहरु

### अवसरहरु

- त्रिवेणी गाँउपालिका शिक्षा शाखाले वार्षिक रुपमा शैक्षिक बुलेटिन प्रकाशन गरी राम्रा अभ्यासहरु उल्लेख गर्ने अभ्यास थालेको छ । यसले विद्यालय एवं सरोकारवालाहरुसंग विद्यालयमा हुने तथा भइरहेका गतिविधिबारे जानकारी मिलेको छ ।
- गाउँपालिका शिक्षा शाखाले प्रवाह गर्ने सेवालाई फेसबुक पेज मार्फत् छिटो छरितो सार्वजनिक गरी जानकारी दिने गरिएकोमा यसलाई वेवसाइटमा आधारित बनाई अझ प्रभावकारी बन्ने अवसर प्राप्त हुदैछ ।
- शिक्षा शाखाले प्रदान गर्ने सेवा सुविधा तथा प्रवाह गर्ने सूचना त्रिवेणी गाउपालिकाको वेवसाइट मा राखेर तथा विद्यालयहरुलाई ईमेल, म्यासेज बक्स तथा फेसबुक पेजमा राखी समयमै जानकारी दिने कामको शुरुवात भएको छ ।

### चुनौतिहरु :

मौजुदा अनुगमन तथा मूल्यांकन व्यवस्था अपेक्षित रुपमा नतिजामूलक तथा प्रभावकारी हुन नसकेको कारणले शैक्षिक कार्यक्रम तथा योजना कार्यान्वयन समेत वाञ्छित रुपमा प्रभावकारी हुन नसकेको अवस्था छ । त्यसैले अनुगमन तथा मूल्यांकन प्रक्रिया संरचनालाई परिमार्जन गर्दै नतिजामूलक, नियमित, भरपर्दो र संस्थागत बनाई शैक्षिक आयोजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउनु प्रमुख चुनौतिको रुपमा रहेको छ ।

यस त्रिवेणी गाउँपालिका शिक्षा शाखाले गर्ने तथा गरिरहेको मूल्यांकन अपेक्षाकृत सन्तोषजनक देखिदैन । विद्यालयबाट गाउँपालिकामा पठाउनु पर्ने प्रतिवेदन समयमा नपठाउँदा धेरै कामहरु प्रभावित हुने गरेका छन् । अनुगमन कार्य प्रभावकारी हुन नसक्दा सिकाइ उपलब्धि वृद्धि गर्न नकारात्मक असर परेको छ ।

तथ्याङ्कको अभावले गर्दा योजना निर्माणमा वास्तविकताको नजिक पुग्न कठिन भएको छ। केन्द्रमा समयमा पठाउनु पर्ने अनुगमन प्रतिवेदन ढिलो गरी पठाउँदा कार्यसम्पादन स्तरमा समस्या भोग्नु परेको छ । अनुगमन र प्रतिवेदनसँग सम्बन्धित त्रिवेणी गाउँपालिकाका समस्या र चुनौतिहरुलाई निम्नानुसार छन् ।

- अनुगमनका लागि शिक्षा शाखामा दक्ष जनशक्तिको अभाव खड्किएको उपलब्ध शिक्षा अधिकृत सरुवा भई गएपछि एक जना प्राविधिक सहायक र अर्को शाखाबाट काजमा कर्मचारी ल्याइएका करार कर्मचारीको भरमा शिक्षा शाखा चलिरहेको छ ।
- विद्यालयहरुबाट आउनु पर्ने विभिन्न प्रतिवेदनहरू समयमा नआइदिने भएको कारण मन्त्रालय र विभागमा महत्व नपाएको अवस्था छ । सम्प्रेषण गर्नु पर्ने कतिपय प्रतिवेदनहरुको समयमै कार्यसम्पादन गर्न नसकिएको अवस्था छ ।
- सूचना, संकलन, प्रशोधन, भण्डारण र सम्प्रेषणका नयाँ प्रविधिको अपर्याप्तता तथा प्रविधिमैत्री जनशक्तिको अभाव छ ।
- इन्टरनेट र इमेल सेवालाई विद्यालय तहका सबै शिक्षक तथा कर्मचारीहरुको निम्ति पहुँचयोग्य बनाउन सकिएको छैन । उक्त सेवा आफैमा सर्वसुलभ र आवश्यक परेको समयमा प्रयोग गर्न सकिने हुन सकेको छैन ।
- विद्यालयहरुले भौतिक निर्माण र सुधारको काम समयमा गर्नका लागि अनुगमन कार्य प्रभावकारी हुन नसकेको अवस्था छ ।

## ८.५ अपेक्षित उपलब्धी

- गैससहरु, सामुदायिक संस्था आदिको सहयोगले शिक्षा क्षेत्रको भौतिक तथा गुणस्तर सुधारमा सहयोग मिल्ने ।

## ८.६ रणनीतिक

- अनुगमन तथा निरीक्षणका लागि सम्बन्धित विषयमा विज्ञता हासील गरेका व्यक्तिहरुबाट अनुगमन संयन्त्र निर्माण गर्ने ।
- अनुगमन व्यवस्थापनका प्रत्येक तहमा प्राप्त नतिजाहरुलाई परिभाषित गरिने छ । सबै तह र तप्कालाई समेटेर सहभागितामूलक अनुगमन प्रणालीको विकास गरिने छ ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई चुस्तता प्रदान गरी कार्यक्रमको तयारी, अनुगमन एवं प्रतिवेदन क्षेत्रमा प्रयोग गरिने छ ।
- विद्यालयहरुको नियमित र प्रभावकारी किसिमले अनुगमन तथा निरीक्षण गर्ने कार्यलाई जिम्मेवारी तोकेर प्रभावकारी बनाउने छ ।
- वार्षिक कार्यक्रममा राखिएका लक्ष्यहरुको उपलब्धिलाई स्थिति प्रतिवेदन र वित्तीय अनुगमन प्रतिवेदनको आधारमा मूल्याङ्कन गरी प्रगति अनुगमनका प्रमुख आधारका रुपमा अवलम्बन गरिने छ ।
- सार्वजनिक सुनुवाई, सरोकारवालाहरुको वीचमा नियमित बैठक, भेटघाट र अन्तरक्रिया, सामाजिक लेखापरीक्षण आदिको माध्यमबाट शिक्षाका गतिविधिलाई तथ्यपरक बनाई सेवाग्राहीको पहुँचमा पुऱ्याइने छ ।

- विद्यालयहरुमा कम्प्यूटर, इन्टरनेट र वेवसाइटको व्यवस्था गरी E-Library कार्यक्रम मार्फत बिद्यार्थीलाई E-Learning का लागि प्रोत्साहित गरिने छ ।
- विद्यालय सुधार योजना र पालिका शिक्षा योजनाको आधारमा गाउँपालिकाका गतिविधिहरुलाई नतिजामूलक बनाई कार्यान्वयनमा ल्याइने छ ।
- गाउँपालिका शिक्षा शाखालाई भौतिक स्रोत, सवारी साधन र अन्य सामग्रीको हिसावले सम्पन्न गरिने छ ।

## ८.७ कार्यान्वयन व्यवस्था

- सूचकहरू तय गरी लक्ष्य, उद्देश्य र मुख्य मुख्य नतिजाको अनुमान गरी एउटा विस्तृत र विशिष्ट अनुगमन योजनाको विकास गरिने छ ।।
- विद्यालय तहमा विद्यालयहरू अनुगमन तथा प्रतिवेदन गर्न संस्थागत शैक्षिक सूचना व्यवस्थापन प्रणाली रहेको हुनेछ । (IEMIS) मा संस्थागत विद्यालय समेतको सिकाइ उपलब्धीको तहगत, कक्षागत तथा विषयगत विवरण विद्यालयहरुले अध्यावधिक गरेका हुनेछन् ।
- शिक्षा शाखामा संस्थागत विद्यालयहरु समेतको शैक्षिक व्यवस्थापन सुपरिवेक्षण प्रतिवेदन, तथ्याङ्क सङ्कलन, सामाजिक परीक्षणका प्रतिवेदन एकीकृत रुपमा संकलन भएको हुनेछ ।

**योजना अवधि २०८१/८२ देखि २०८५/८६ सम्ममा समस्या समाधानमा गरिने क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | समस्या (के) | समाधान क्रियाकलाप (के के) | प्रक्रिया (कसरी) | जिम्मेवारी (को/कसको) |
|---|---|---|---|---|
| १ | विद्यालयहरुबाट नियमित रुपमा तथ्याङ्कको विकास तथा अध्यावधिक नहुनु । | विद्यालयहरुले नियमित रुपमा तथ्याङ्कको विकास तथा अध्यावधिक गर्ने । | विद्यालयहरुको क्षमता विकास गरी नियमित रुपमा तथ्याङ्क अभिलेखन गर्ने, प्राप्त गर्ने तथा अध्यावधिक गर्ने व्यवस्था गर्ने । | गाउँपालिका शिक्षा शाखा विद्यालयहरु |
| २ | गाउँपालिका शिक्षा शाखामा स्पष्ट अनुगमन योजना नहुनु | अनुगमन सम्बन्धी योजना निर्माण र कार्यान्वयन | शिक्षा शाखाले विद्यालयहरुको अनुगमनका लागि चेकलिष्ट सहितको अनुगमन कार्ययोजना योजना निर्माण गरेको हुनेछ । | गाउँपालिका शिक्षा शाखा विद्यालयहरु |
| ३ | शैक्षिक योजना निर्माण तथा अध्यावधिक नहुनु । | शैक्षिक योजनाहरु निर्माण, अध्यावधिक र कार्यान्वयन | शिक्षा शाखाले पालिका शिक्षा योजना निर्माण तथा अध्यावधिक गर्ने कार्यलाई नियमित गर्ने । | शिक्षा शाखा विद्यालयहरु |

| | | | | |
|---|---|---|---|---|
| ४ | शैक्षिक क्यालेण्डर र बुलेटिन प्रकाशनले नियमितता नपाउनु । | शैक्षिक क्यालेण्डर तथा बुलेटिनको नियमित प्रकाशन | कार्य प्रगति विवरण तथा अध्यावधिक भएका शैक्षिक तथ्याङ्कका आधारमा शिक्षा शाखाले नियमित रुपमा शैक्षिक क्यालेण्डर वर्षमा १ पटक र शैक्षिक बुलेटिन २ पटक प्रकाशन गरेको गर्ने । | शिक्षा शाखा विद्यालयहरु गैससहरु |
| ५ | अनुगमन गरी राम्रा अभ्यासको संग्रह अभिलेखिकरण नगरिनु । | राम्रा अभ्यासहरुको खोजी तथा प्रवर्धनात्मक कार्यक्रम | शिक्षा शाखाले अनुगमनबाट प्राप्त भएका सुधार गर्नुपर्ने र राम्रा अभ्यासहरुको संगालो प्रकाशन गरी राम्रा अभ्यासको प्रवर्द्धनका लागि कार्यक्रमहरु सञ्चालन गर्ने । | शिक्षा शाखा विद्यालयहरु गैससहरु |
| ६ | IEMIS को प्रभावकारी व्यवस्थापन नहुनु । | IEMIS को प्रभावकारी व्यवस्थापन | शिक्षा शाखाले शिक्षा विभागको सहयोगमा हरेक विद्यालयमा IEMIS लाई प्रभावकारी कार्यान्वयन गर्ने । | शिक्षा शाखा विद्यालयहरु |
| ७ | दण्ड र पुरस्कारको व्यवस्था नहुनु । | तहगत रुपमा उत्कृष्ट विद्यालय तथा शिक्षकलाई दण्ड र पुरस्कारको व्यवस्था । | राम्रो नतिजा निकाल्ने तथा राम्रो सूचक बनाएका शिक्षक र विद्यालयलाई पुरस्कार र खराव सूचक तथा नतिजा पाइएका शिक्षक र विद्यालयलाई नसिहत, स्पष्टिकरण तथा अनुदान रोक्का जस्ता दण्डको व्यवस्था गर्ने । | गाउँपालिका शिक्षा शाखा विद्यालयहरु |
| ८ | एकीकृत अनुगमन योजनाको अभाव | एकीकृत अनुगमन योजना कार्यान्वयन | विज्ञ मार्फत नमूना पाठ प्रदर्शन, कक्षाकोठा अवलोकन | शिक्षा शाखा विद्यालयहरु |